# कथातत्त्वका आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
शशीकलाकुमारी प्रसाई (मैनाली)
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०६५

कथातत्त्वका आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन शशीकलाकुमारी प्रसाई (मैनाली) २०६५

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री शशीकलाकुमारी प्रसाईँ (मैनाली) ले **कथा तत्वका आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरुको अध्ययन,** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा परिश्रमपूर्वक तयार गर्नुभएको हो । म उहाँको यस शोधकार्यसँग सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६५/ ०४/

..........................

(**डा.मोतीलाल पराजुली**)

**शोधनिर्देशक**

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

काठमाडौं ।

**त्रिभुवन विश्वविद्यालय**
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

**मितिः** २०६५/०४/३१

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्रा शशीकलाकुमारी प्रसाई (मैनाली)ले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **कथातत्वका आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरुको अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. **विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदी** (विभागीय प्रमुख) ..................

२.**शोधनिर्देशक सह–प्रा.डा. मोतीलाल पराजुली**(शोधनिर्देशक) ............

३. **वाह्य परीक्षक प्रा.डा. पारसमणि भण्डारी** ...................

## कृतज्ञता ज्ञापन

प्रस्तुत “कथातत्वका आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन” शीर्षकको शोधपत्र मैले आदरणीय गुरुज्यू सहप्राध्यापक डा.मोतीलाल पराजुलीको कुशल निर्देशनमा तयार पारेकी हुँ । अत्यन्त ब्यस्त रहँदा पनि यस कार्यका लागि आवश्यक सहयोग,सल्लाह एवम् निर्देशन दिनुहुने आदरणीय गुरुज्यूहरूप्रति प्रथमतः म हार्दिक आभारतथा कृतज्ञताज्ञापन गर्दछु ।

त्यस्तै मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्यका लागि अनुमति प्रदान गर्नका लागि विभिन्न समयमा आवश्यक सहयोग एवम् सल्लाह दिनुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. राजेन्द्र सुवेदी लगायत अन्य गुरुज्यूहरूप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्य गर्न मलाई उक्त कथाहरू उपलब्ध गराउन सहयोग पुऱ्याउँने सर्लाही निवासी कथावाचकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु साथै शोधकार्यमा सहयोग पुऱ्याउने मित्र सु.श्री शान्ता मैनाली, निर्मल भट्टराई र हरि खरेल ज्यूप्रति प्रति म कृतज्ञ छु ।

त्यसरी नै शिक्षालाई जीवनको आधार मानी हरपल शिक्षालाई नै जोड दिनु हुने मेरा बाबुआमा, काकाकाकी लगायत सम्पूर्ण माइती परिवारप्रति म हार्दिक आभार प्रकट गर्दछु ।

त्यस्तै विभिन्न कठिनाईका बाबजुद पनि मलाई विश्वविद्यालयमा अध्ययन गर्ने वातावरण मिलाई दिनुहुने र शोधपत्र तयार गर्ने क्रममा हरेक क्षेत्रमा सहयोग गर्ने आदरणीय श्रीमान्, सुरज मैनालीज्यूप्रति आभारी छु । त्यस्तै मेरा सासूससुरा,जेठाजु, जेठानी, भतिजाभतिजी, भान्जा भान्जी लगायत मेरा प्यारा छोरा सुवर्ण र सौरभमा कृतज्ञ छु ।

शोधपत्र तयार गर्ने क्रममा आवश्यक सुझाव दिनुहुने सम्पूर्ण मित्रहरूलाई म कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी नेपाली केन्द्रीय विभागमा कार्यरत सम्पूर्ण कर्मचारीहरूप्रति म कृतज्ञ छु ।

त्यस्तै यस शोधपत्र तयार गर्ने क्रममा आवश्यक सम्पूर्ण सामग्रीहरू जुटाइदिने त्रि.वि. केन्द्रीय पुस्तकालयमा कार्यरत कर्मचारीहरूप्रति आभारी छु । अन्त्यमा शोधपत्र तयार गर्ने क्रममा छिटोछरितो तरिकाले कम्प्यूटर टाइप गरिदिनु श्रीमती नैना जि.सी. प्रति पनि म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु र यो शोधपत्रलाई मूल्याङ्कन गर्न केन्द्रीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

................................

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर,काठमाडौं

मितिः

# विषयसूची


| | |
|---|---|
| **अध्याय-एक** | १ |
| १.१ विषय परिचय | १६ |
| १.२ समस्या कथन | १६ |
| १.३ उद्देश्य कथन | १७ |
| १.४ पूर्वकार्यको समीक्षा | १८ |
| १.५ अध्ययनको औचित्य | २० |
| १.६ शोधको क्षेत्र तथा सीमा | २१ |
| १.७ शोध विधि | २१ |
| १.७.१ सामग्री सङ्कलन विधि | २१ |
| १.७.२ सामग्री विश्लेषण विधि | २२ |
| १.८ शोधपत्रको रूपरेखा | २२ |
| **अध्याय - दुई** | २३ |
| २. लोककथा सिद्धान्त | २३ |
| २.१ लोककथाको परिभाषा | २३ |
| २.२ लोककथाका विशेषताहरू | २६ |
| २.३ लोककथाका तत्त्वहरू | २८ |
| २.३.१ कथानक | २८ |
| २.३.२ अभिप्राय | २९ |
| २.३.३ पात्र | ३१ |
| २.३.४ परिवेश | ३२ |
| २.३.५ उद्देश्य | ३२ |
| २.३.६ भाषा | ३३ |
| २.३.७ शैली | ३३ |
| २.३.८ प्रस्तुतीकरण | ३४ |

२.३.९ शीर्षक ३४

२.४ लोककथाको वर्गीकरण ३४

२.४.१ सांस्कृतिक ऐतिहासिक लोककथाहरू ३६

२.४.२ अर्ती उपदेशका लोकथाहरू ३६

२.४.३ पशुपक्षीका लोककथाहरू ३६

२.४.४ मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू ३७

२.४.५ अतिमानवीय रूपका लोककथाहरू ३७

२.४.६ दैवी लोककथाहरू ३८

२.४.७ फलफूलका लोककथाहरू ३८

२.४.८ साहस तथा बहादुरीका लोककथाहरू ३९

२.४.९ धार्मिक लोककथाहरू ३९

२.४.१० विविध लोककथाहरू ३९

२.४.११ निष्कर्ष ४०

२.५ लोककथाको अध्ययन परम्परा ४१

२.६ निष्कर्ष ४२

**अध्याय- तीन** ४४

३. सर्लाहीमा प्रचलित नेपाली लोककथाहरूको विश्लेषण ४४

३.१ जितमहान् लोककथा ४४

३.१.१ विवेचना ४५

३.१.२ कथानक ४५

३.१.३ अभिप्राय ४५

३.१.४ पात्र ४६

३.१.५ परिवेश ४७

३.१.६ उद्देश्य ४८

३.१.७ कथोपकथन ४८

३.१.८ शैली ४९

३.१.९ भाषा ४९

३.१.१० निष्कर्ष ५०

३.२ पोखरीको कथा ५०

३.२.१ विवेचना ५२

३.२.२ कथानक ५२

३.२.३ अभिप्राय ५२

३.२.४ पात्र ५३

३.२.५ परिवेश ५३

३.२.६ उद्देश्य ५३

३.२.७ कथोपकथन ५३

३.२.८ शैली ५४

३.२.९ भाषा ५४

३.३ काग र मैना ५४

३.३.१ विवेचना ५६

३.३.२ कथानक ५६

३.३.३ अभिप्राय ५६

३.३.४ पात्र ५६

३.३.५ परिवेश ५७

३.३.६ उद्देश्य ५७

३.३.७ कथोपकथन ५७

३.३.८ शैली ५७

३.३.९ भाषा ५८

३.३.१० निष्कर्ष ५८

३.४ गोनुझाको कथा ५८

३.४.१ विवेचना ६०

| | |
|---|---|
| ३.४.२ कथानक | ६० |
| ३.४.३ अभिप्राय | ६१ |
| ३.४.४ पात्र | ६१ |
| ३.४.५ परिवेश | ६२ |
| ३.४.६ उद्देश्य | ६२ |
| ३.४.७ कथोपकथन | ६२ |
| ३.४.८ भाषा | ६३ |
| ३.४.९ शैली | ६३ |
| ३.४.१० निष्कर्ष | ६३ |
| ३.५ चिया पसले लोककथा | ६४ |
| ३.५.१ विवेचना | ६५ |
| ३.५.२ कथानक | ६५ |
| ३.५.३ अभिप्राय | ६५ |
| ३.५.४ पात्र | ६५ |
| ३.५.५ परिवेश | ६६ |
| ३.५.६ उद्देश्य | ६६ |
| ३.५.७ कथोपकथन | ६६ |
| ३.५.८ शैली | ६७ |
| ३.५.९ भाषा | ६७ |
| ३.५.१० निष्कर्ष | ६७ |
| ३.६ "छोरा तँ चलाख बन्न सिक्" लोककथा | ६७ |
| ३.६.१ विवेचना | ६९ |
| ३.६.२ कथानक | ६९ |
| ३.६.३ अभिप्राय | ७० |
| ३.६.४ पात्र | ७० |
| ३.६.५ परिवेश | ७० |

| | |
|---|---|
| ३.६.६ उद्देश्य | ७१ |
| ३.६.७ कथोपकथन | ७१ |
| ३.६.८ शैली | ७२ |
| ३.६.९ भाषा | ७२ |
| ३.६.१० निष्कर्ष | ७२ |
| ३.७ ठग व्यापारी लोककथा | ७३ |
| ३.७.१ विवेचना | ७४ |
| ३.७.२ कथानक | ७४ |
| ३.७.३ अभिप्राय | ७५ |
| ३.७.४ पात्र | ७५ |
| ३.७.५ परिवेश | ७६ |
| ३.७.६ उद्देश्य | ७६ |
| ३.७.७ कथोपकथन | ७६ |
| ३.७.८ शैली | ७७ |
| ३.७.९ भाषा | ७७ |
| ३.७.१० निष्कर्ष | ७७ |
| ३.८ 'पिठोको डल्लो लोककथा' | ७७ |
| ३.८.१ विवेचना | ८१ |
| ३.८.२ कथानक | ८१ |
| ३.८.३ अभिप्राय | ८१ |
| ३.८.४ पात्र | ८२ |
| ३.८.५ परिवेश | ८२ |
| ३.८.६ उद्देश्य | ८३ |
| ३.८.७ कथोपकथन | ८३ |
| ३.८.८ शैली | ८३ |
| ३.८.९ भाषा | ८३ |

३.८.१० निष्कर्ष ८३

३.९ भैसीं (भईंस्) लोककथा ८४

३.९.१ विवेचना ८५

३.९.२ कथानक ८५

३.९.३ अभिप्राय ८५

३.९.४ पात्र ८६

३.९.५ परिवेश ८६

३.९.६ उद्देश्य ८६

३.९.७ कथोपकथन ८७

३.९.८ शैली ८७

३.९.९ भाषा ८७

३.९.१० निष्कर्ष ८८

३.१० नयाँ लुगा लगाउँने राजा ८८

३.१०.१ विवेचना ८९

३.१०.२ कथानक ८९

३.१०.३ अभिप्राय ९०

३.१०.४ पात्र ९०

३.१०.५ परिवेश ९१

३.१०.६ उद्देश्य ९१

३.१०.७ कथोपकथन ९१

३.१०.८ शैली ९२

३.१०.९ भाषा ९२

३.१०.१० निष्कर्ष ९२

३.११ सात राजकुमारको शिकार लोककथा ९३

३.११.१ विवेचना ९४

३.११.२ कथानक ९४

| | |
|---|---|
| ३.११.३ अभिप्राय | ९५ |
| ३.११.४ पात्र | ९६ |
| ३.११.५ परिवेश | ९७ |
| ३.११.६ उद्देश्य | ९७ |
| ३.११.७ कथोपकथन | ९७ |
| ३.११.८ शैली | ९८ |
| ३.११.९ भाषा | ९८ |
| ३.११.१० निष्कर्ष | ९८ |
| ३.१२ सुखिया दुखियाको कथा | ९९ |
| ३.१२.१ विवेचना | १०१ |
| ३.१२.२ कथानक | १०१ |
| ३.१२.३ अभिप्राय | १०२ |
| ३.१२.४ पात्र | १०२ |
| ३.१२.५ परिवेश | १०३ |
| ३.१२.६ उद्देश्य | १०३ |
| ३.१२.७ कथोपकथन | १०४ |
| ३.१२.८ शैली | १०४ |
| ३.१२.९ भाषा | १०५ |
| ३.१२.१० निष्कर्ष | १०५ |
| ३.१३ स्याल र चिल | १०५ |
| ३.१३.१ विवेचना | १०६ |
| ३.१३.२ कथानक | १०६ |
| ३.१३.३ अभिप्राय | १०६ |
| ३.१३.४ पात्र | १०७ |
| ३.१३.५ परिवेश | १०७ |
| ३.१३.६उद्देश्य | १०८ |

३.१३.७ कथोपकथन १०८
३.१३.८ शैली १०९
३.१३.९ भाषा १०९
३.१३.१० निष्कर्ष ११०
३.१४ आ–आफ्नो स्वार्थ १११
३.१४.१ विवेचना ११२
३.१४.२ कथानक ११२
३.१४.३ अभिप्राय ११३
३.१४.४ पात्र ११३
३.१४.५ परिवेश ११४
३.१४.६ उद्देश्य ११४
३.१४.७ कथोपकथन ११४
३.१४.८ शैली ११४
३.१४.९ भाषा ११४
३.१४.१० निष्कर्ष ११५
३.१५ इर्ष्यालु छिमेकी ११५
३.१५.१ विवेचना ११७
३.१५.२ कथानक ११७
३.१५.३ अभिप्राय ११८
३.१५.४ पात्र ११८
३.१५.५ परिवेश ११९
३.१५.६ उद्देश्य ११९
३.१५.७ कथोपकथन १२०
३.१५.८ शैली १२१
३.१५.९ भाषा १२१
३.१५.१० निष्कर्ष १२१

**अध्याय - चार** १२२

**उपसंहार** १२२

४.१ सारांश १२२

४.२ निष्कर्ष १२३

सन्दर्भसामग्रीसूची १२६

## सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| इ.सं. | - | इस्वी सम्वत् |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| पृ.सं. | - | पृष्ठ संख्या |
| वडा नं. | - | वडा नम्बर |
| वि.सं. | - | विक्रम सम्वत् |
| त्रि.वि.वि. | - | त्रिभुवन विश्वविद्यालय |

# अध्याय–एक

# शोध परिचय

## १.१ विषय परिचय

लोकसाहित्य समाजको ऐना हो । यसमा समाज र व्यक्तिको मनोभावना प्रतिविम्बित भएका हुन्छन् । मौखिक परम्परामा नै विकसित हुँदै आएका लोकसाहित्यले लिखित रूप प्राप्त गरेको र त्यससम्बन्धी अध्ययन अनुसन्धान हुन थालेको इतिहास त्यति पुरानो छैन । मौखिक परम्परामा सीमित लोकसाहित्य यसका प्रतिभासँगै मरेर जाने हुनाले यसको अध्ययन अनुसन्धान गरी संरक्षण प्रदान नगरिंदा यसको मूल रूप कस्तो थियो भन्ने कुराको जानकारी पाउन सकिँदैन । त्यसैले लोकसाहित्यलाई जीवित राख्न यसको सङ्कलन गर्नु आवश्यक छ ।

लोकसाहित्य अन्तर्गतका विधाहरू लोकगीत, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का आदि मध्ये सङ्कलन र संरक्षण त्यति हुन नसकेको विधा लोककथा पनि हो । त्यसैले सर्लाही जिल्लामा के कस्ता नेपाली लोककथा प्रचलित छन् ? तिनका अभिप्राय के हो ? तिनको वर्गीकरण र विश्लेषण कुन कुन आधारमा गर्ने ? सर्लाहीका नेपाली लोककाथका मूलभूत विशेषता के के हुन सक्छन् ? नेपाली लोककथाले सर्लाहीको जनजीवनमा के कस्तो भूमिका खेलेको छ ? आदि कुराहरूलाई ध्यानमा राखेर प्रस्तुत शोध शीर्षक छनोट गरिएको हो र यस शोधकार्यमा सर्लाही जिल्लामा प्रचलित लोककथालाई सङ्कलन गरी कथातत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

निम्नलिखित समस्याहरूले यस शोधकार्यतिर अभिप्रेरणा जगाएका छन् ।

१. लोककथाको संरचक तत्त्वहरू के के हुन ?

२. सर्लाही जिल्लामा के कति नेपाली लोककथाहरू प्रचलनमा छन् ? के तिनको सङ्कलन गर्न सकिन्छ ?

३.सङ्कलित लोककथालाई लोककथाका तत्त्वका आधारमा विश्लेषण गर्न सकिन्छ ?

४. सर्लाही जिल्लामा प्रचलित लोककथाको मूल स्वरूप र प्रवृत्तिहरू के कस्ता छन् ?

यिनै चार समस्याहरू केन्द्रित भएर प्रस्तुत अध्ययन प्रारम्भ गरिएको हो ।

## १.३ उद्देश्य कथन

नेपाली समाजमा निकै लोकप्रिय बन्दै आएको लोकसाहित्यको महत्वपूर्ण विधा हो 'नेपाली लोककथा' । समाजमा यो कसैको वसिबियालोको साथी त कसैको बौद्धिक विकासको सरल माध्यम, जिज्ञासा र कौतुहलता मेट्ने मनोरञ्जनकारी साधन शिक्षा र उपदेश दिने लिने माध्यम बनेको पाईन्छ । यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दै जाने हुनाले यसको प्रवृत्ति, स्वरूप शैलीमा परिवर्तन हुँदै जानु स्वाभाविकै हो । यसरी परिवर्तन हुँदै जानाले यसको मूल रूप नै हराउन सक्ने हुनाले यसको सङ्कलनगरी संरक्षण संरक्षण प्रदान गर्नु अति आवश्यक हुन जान्छ । त्यसैले प्रस्तुत शोधकार्यका निम्न उद्देश्य रहेका छन् :

१. लोककथाका तत्त्वहरूको परिचय दिनु,

२. सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन गर्नु,

३. सङ्कलित लोककथालाई विभिन्न कोणबाट वर्गीकरण गर्नु र कथातत्त्वका आधारमा विश्लेषण गर्नु,

४. सर्लाही जिल्लामा प्रचलित लोककथाको मूलस्वरूप र प्रवृत्ति पहिल्याउनु आदि ।

यिनै उद्देश्यमा केन्द्रित रहेर प्रस्तुत शोधकार्य गरिएको छ र शोधमा उल्लेखित उद्देश्यलाई पूर्ण गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विधा हो । श्रृतिस्मृति परम्परामा आधारित यो विधा लोकभावना, लोकविश्वास, लोकसंस्कृति र सामाजिक चालचलनबाट प्रभावित हुन्छ । नेपाली लोककथा सङ्कलन परम्पराको थालनी नेपाली साहित्यको माध्यमिककालको प्रारम्भदेखिनै भएको देखिन्छ तापनि नेपाली लोकजीवनमा प्रचलित मौलिक लोककथाहरूलाई सङ्कलन र प्रकाशन गर्ने कार्यको थालनी बोधविक्रम अधिकारीको 'नेपाली दन्त्यकथा वि.सं. १९९६ नै यस्तो पहिलो कृति हो ।'

लोककथा सङ्कलन गरी पुस्तककार कृतिका रूपमा प्रकाशित उक्त कृतिबाट एकपछि अर्को गर्दै २०४७ सालमा शिवकुमार श्रेष्ठको 'किराँती लोककथाहरू' प्रकाशित हुन गयो । त्यस्तै २०४८ सालमा रामविक्रम सिंजापतिको 'नेपाली लोककथा सँगालो' प्रकाशित भयो । यसपछि प्रेम गुरुङ्ग र अन्यद्वारा प्रकाशित केयरसिंह गुरुङ्गद्वारा सङ्कलित 'हाम्रो लोककथा सङ्ग्रह' (२०५६) प्रकाशित भएको पाइन्छ ।

- सर्लाही जिल्ला मैथिली बोल्ने मानिसहरूको बाहुल्य भएको ठाउँ भएकाले यहाँ धेरै लोककथाहरू मैथिली भाषामा नै प्रस्तुत गरिन्छन् ।
- पहाडबाट सर्लाहीमा बसोबास गर्न आएका व्यक्तिहरूले नेपालको पहाडी क्षेत्रमा प्रचलित लोककथालाई पनि यहाँ प्रस्तुत गर्ने गर्दछन् ।
- यहाँ लोकसाहित्य र लोककथाहरू मिश्रित पाइन्छन् । जस्तै
- सन् १९६१ मा परमानन्दझाले कथाकुञ्जमा मैथीली कथाको बारेमा सामान्य जानकारी दिएका भए पनि उनले सम्पूर्ण मैथिली भाषाका सम्पूर्ण कथाहरू समेट्न सकेका छैनन् । झा परमानन्द कथाकुञ्ज, दरभङ्गाः विद्यापति प्रकाशन (इ. १९६१), पृ. ४०-४८ ।

- वि.सं. २०२९ मा सुधाकर चौधरीले गजल कथासङ्ग्रह पनि मैथिली भाषाका केही कथाहरूको बारेमा लेखेका छन् तर उनले पनि सम्पूर्ण कथाहरूलाई समेट्न सकेका छैनन् । चौधरी, सुधाकर, गजल काठमाडौंः रत्नपुस्तक भण्डार ( वि.सं. २०२९), पृ. १४-१५ ।

- वि.सं. २०४६ मा सुरेन्द्र लालले नेपालीमा मैथिली कथा नामक कथासङग्रह मैथिली भाषामा प्रचलित कथाहरूको बारेमा जानकारी दिएका छन् तर उक्त जानकारी पूर्ण छैन । लाल, सुरेन्द्र, मैथिलीको उत्कृष्ट गल्प, जनकपुर, मैथिली साहित्य प्रकाशन प्रतिष्ठान (वि.सं. २०४६), पृ. ५१ ।

- आतुलेश्वर झा ले २०६२ सालमा आफ्नो स्नातकोत्तर शोधग्रन्थ समकालीन मैथिली साहित्यमा समकालीन कथाकारहरूको बारेमा सामान्य जानकारी दिएका छन् तर उनले मैथिली भाषाका लोककथाकारहरूको बारेमा कुनै जानकारी नदिएको हुँदा उक्त अध्ययन पनि अपूर्ण रहेको छ । झा, अतुलेश्वर 'समकालीन नेपाली मैथिली साहित्य' जनकपुरः स्नातकोत्तर शोध पत्र २०६२), पृ. १९-२६ ।

यस्ता पुस्तकाकार कृतिका अतिरिक्त लोककथाका क्षेत्रमा शोधकार्यहरू पनि भएको पाईन्छ । विद्यावारिधि र स्नातकोत्तर तहको प्रयोजनका लागि लोककथा सङ्कलन विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भएका छन् ।

उपर्युक्त पुस्तकाकार कृति तथा शोध अध्ययन कार्यका प्रमाणका अतिरिक्त लोककथाका क्षेत्रमा अन्य अध्ययन, सङ्कलन र विश्लेषण भएका होलान् तर अध्येताको जानकारीमा समेटिन सकेका छैनन् । जे होस् यी ज्ञात वा अज्ञात अध्ययन एवं शोधकार्यहरूले लोककथाको संरक्षण,सम्बर्द्धनमा महत्वपूर्ण योगदान अवश्य पुऱ्याएका छन् । यी अध्ययन एवं शोधकार्यहरूले लोककथाको संरक्षण सम्बर्द्धनमा महत्वपूर्ण योगदान अवश्य पुऱ्याएका छन् । यी अध्ययन एवम् शोधकार्यले समेट्न नसकेको क्षेत्र एवम् विषयमध्ये सर्लाही जिल्लामा प्रचलित

लोककथाको सङ्कलन वर्गीकरण र विश्लेषण गरी यसको अभिप्राय र विशेषता औंल्याई निष्कर्ष प्रस्तुत गरिएको छ ।

## १.५ अध्ययनको औचित्य

लोककथामा समाजको स्वाभाविक र जीवन्त चित्र उपस्थित हुन्छ । यसको स्रष्टा समाजकै एक एकाई हुने भएकाले त्यसमा सिङ्गो समाजकै अनुभव समेटिएको हुन्छ, यसमा इतिहासको कुरा, सामाजिक नीति नियम, धर्म,संस्कृति,भाषिक स्वरूप आदिको यथार्थ रूप पाउन सकिन्छ । विभिन्न साहसिक बहादुर व्यक्ति वा देवी देवताका कल्याणकारी कार्य अथवा लौकिक अलौकिक शक्तिको चमत्कार आदि प्रसङ्ग उठाइएको हुने भएकाले यसमा अपार ज्ञानराशि रहेको हुन्छ । त्यसैले शैक्षिक दृष्टिले पनि लोककथाको सङ्कलन महत्वपूर्ण भएको पाईन्छ ।

कुनै समाज विशेषको सामाजिक मान्यता थाहा पाउन, लोकजीवनपद्धति कस्तो रहेछ भन्ने बुझ्न: ऐतिहासिक तथ्य थाहा पाउन लोककथाको सङ्कलन र वर्गीकरण गरी अध्ययन गर्नु स्वतः औचित्यपूर्ण देखिन्छ । सर्लाही जिल्लाको सेरोफेरोमा छरिएर रहेका लोककथाको अभिप्राय थाहा पाउन, यसमा निहित लोकसंस्कृतिलाई सम्बर्द्धन गर्ने कार्यमा यस्तो अध्ययन सहायक सिद्ध हुन सक्छ । लोककथाप्रति रुचिराख्ने जो सुकै व्यक्तिका निम्ति यो एउटा सन्दर्भ सामग्री बन्नेछ भने, प्रस्तुत विषयमा शोध गर्न चाहने शोधार्थीलाई पनि लाभदायक हुनेछ भन्ने विश्वास लिन सकिन्छ साथै समस्याकथनमा दिइएका समस्याको निराकरण गरिएको तथा उद्देश्य कथनमा दिइएका उद्देश्यहरू पूरा गरिएको एवम् प्राज्ञिक क्षेत्रमा पनि यसकार्यबाट विशेष योगदान मिल्ने हुँदा यस शोधकार्यको औचित्य स्वतः सिद्ध हुन्छ ।

## १.६ शोधको क्षेत्र तथा सीमा

लोक जीवनमा प्रचलित लोककथामा जीवनका प्राचीनतम अनेक अवशेष तत्त्वहरू पाइन्छन् । यसमा प्रयुक्त अभिप्रायका अतिरिक्त मानव मनोदशा एवम् विषयवस्तुप्रति संकेत गर्ने विविध प्रसङ्ग अध्ययननीय विषय हुने हुनाले यसलाई अध्ययनको क्षेत्र बनाइएको छ ।

प्रस्तुत अध्ययनमा लोकसाहित्य विधामा पर्ने लोककथालाई अध्यनयको विषयगत सीमाका रूपमा र यसको सङ्कलन, वर्गीकरण र विश्लेषणमा सीमाबद्ध गरिएको छ । उक्त कार्यका निम्ति जनकपुर अञ्चलमा पर्ने सर्लाही जिल्लालाई क्षेत्रगत सीमाङ्कन केन्द्रित गरिएको छ । यस जिल्लाका गाविसहरूको स्थलगत भ्रमण गरी लोककथावाचकको प्रत्यक्ष सम्पर्कमा सामग्री सङ्कलन गरिएको छ । यी विषयगत र क्षेत्रगत सीमामा बद्ध रही लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.७ शोध विधि

यस शोधपत्रमा क्षेत्रीय अध्ययनविधि प्रयोग गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

अध्येताको बसोबास सर्लाही जिल्लाको ईश्वरपुर गा.वि.स. वाड नं. ४ मा भएको र उक्त जिल्लाका अन्य गा.वि.स.हरूमा पुगी लोककथा सर्जक एवम् प्रतिभासँग प्रत्यक्ष सम्पर्क गरी सामग्री प्राप्त गर्न सुगम नै भयो । कथ्य रूपमा नै रहेको लोककथा सङ्कलनको लागि वास्तविक र तथ्यपूर्ण सामग्री प्राप्त गर्न स्थलगत अध्ययन नै बढी प्रभावकारी भएकोले यसलाई प्रमुख आधार बनाइएको छ । जिल्लाका विभिन्न क्षेत्रमा रहेका लोककथावाचकहरू मध्ये विभिन्न जाति (दलित तथा अन्य) उमेर समूह (केटाकेटी,युवायुवती, बूढापाका) आदि पेशा समूह (पण्डित, पुजारी, गोठाला, शिक्षक, विद्यार्थी, गृहिणी आदि) को प्रतिनिधित्व हुने गरी उनीहरूको प्रत्यक्ष सम्पर्कमा प्रश्नोत्तर, अन्तरक्रिया एवं निर्देशनात्मक विधिबाट सामग्री सङ्कलन गरिएको छ । यस

क्रममा वाचन गरिएका कथाहरू लिपिबद्ध, श्रुतिस्मृति तथा रेकर्डरका माध्यमबाट सत्य तथा सामग्री ग्रहण गर्ने लिने प्रयत्न पनि गरियो । यस अतिरिक्त यस जिल्लाका सम्बन्धमा प्रकाशित पत्रपत्रिका व्यक्तिगत तथा संस्थागत तर्फबाट अध्ययन भई प्रकाशित प्रोफाइलहरूलाई पनि स्रोतकारूपमा आधार लिइएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

स्थलगत सर्वेक्षणबाट सङ्कलित सामग्रीहरू मध्येबाट उपर्युक्त आवश्यक र सान्दर्भिक सामग्रीको छनौट गरी तिनको वर्गीकरण गरिएको छ । उक्त वर्गीकृत लोककथाहरूको सामान्य विश्लेषण गरी अभिप्राय पहिचान गरिएको हुनाले उक्त शोध कार्यमा वर्णनात्मक तथा विश्लेषणात्मक शोधविधिको प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

'कथातत्वका आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्रको अध्याय योजना निम्नानुसार गरिएको छ ।

अध्याय एक मा शोध परिचय राखिएको छ । जस अन्तर्गत विषय परिचय, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधको क्षेत्र तथा सीमा, शोधविधि, सामग्री सङ्कलन विधि, सामग्री विश्लेषण विधि जस्ता विषयमा संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।

अध्याय दुईमा लोककथाको परिभाषा, विशेषता, तत्त्व, वर्गीकरण, अध्ययनपरम्परा र निष्कर्ष राखिएको छ ।

अध्याय तीनमा लोककथाको सङ्कलन र विश्लेषण राखिएको छ । यसमा लोककथालाई लोककथाका तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

अध्याय चारमा शोधको उपसंहार राखिएको छ ।

# अध्याय – दुई

# लोककथा सिद्धान्त

## २. लोककथा सिद्धान्त

श्रुति स्मृति परम्पराबाट एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरित र गतिशील हुँदै आएको विधा हो लोककथा । कामको थकाईबाट विश्रामलिंदाको बखत बसिबियालोको समयमा मझेरी र आँगनमा बसी बालवयसक र बृद्धहरूबाट सुन्ने सुनाउने र आनन्द उपदेश लिने दिने माध्यम हो लोककथा । यसको कथ्य श्रव्य श्रृङखला अन्य हुँदैन । यस्ता कथा सुन्ने र सुनाउने क्रममा देवी देवता, भूत, प्रेत, पशुपंक्षी, कीरा फट्याङग्रा, नदी नाला, राजा महाराजा, बोक्सी, किचकन्या आदिका बारेमा असम्भव, अपत्यारिला एवं भयङ्कर र विचित्र घटनाहरूको चमत्कार एवं रोचक घोचक प्रसंङ्ग यसमा समेटिएको हुन्छ । त्यसैले कथा सुन्ने सुनाउनेलाई मनोरञ्जन तथा भावनाको साटासाटको अवसर प्राप्त हुन्छ । लोककथाहरूमा रुख, माटो, ढुङ्गो, पहाड आदि पनि बोल्ने तथा यसका जनुसुकै अमानवीय पात्रहरू मानवीय व्यवहार गर्दछन् ।

## २.१ लोककथाको परिभाषा

(क) 'लोककथा' लोक र कथा दुई शब्दको समासद्वारा बनेको हो । यसको शाब्दिक व्युत्पत्तिगर्दा दुई भिन्न शब्दहरूलाई छुट्टा छुट्टै हेर्नुपर्ने हुन्छ । संस्कृत व्याकरणअनुसार 'लोक' दर्शने धातुमा 'धञ' प्रत्यय लागेर लोक शब्द निर्मित हुन्छ । यसको अर्थ हो देख्नेवाला, जनता, संसार, प्राणी, विभिन्न लोक आदि । 'कथ' धातुमा 'आङ्', 'टाप' प्रत्यय लागेर कथा शब्द निर्मित हुन्छ । यसको अर्थ हो कथा, कहानी, कल्पित कथा, वृत्तान्त आख्यानयुक्त गद्यमय रचना आदि । 'लोक' र 'कथा' शब्दलाई तत्त्वपुरुष समासद्वारा जोडेपछि लोककथा शब्द बन्दछ र यसको समन्वित अर्थ हुन्छ जनताद्वारा व्यवहारमा ल्याइएको काल्पनिक आख्यानयुक्त गद्यरचना, अतः लोककथा शब्दको वास्तविक अर्थ लोकसमुदायमा व्यवहारमा प्रयुक्त काल्पनिक तथा रोमाञ्चक आख्यानयुक्त गद्यरचना भन्ने हुन्छ

र यसलाई लोकसाहित्यमा प्रयोग गरिदै आएको छ । लोकसाहित्यका विद्वान्हरूले लोककथाको परिभाषा निम्नानुसार गरेको देखिन्छ ।

(ख) लोककथाको सुनिश्चित परिभाषा दिने क्रममा सामान्यतः यस कथाभित्र परम्परागत आख्यान र त्यसका भेदहरूलाई लिन सकिन्छ । यसरी परम्परागत लोकाख्यानहरू नै लोककथा हुन् र लोककथाभित्र विभिन्न भेदहरू हुन्छन् भनी पशुकथा (एनिमल टेल्स) ऐतिहासिक कथा (लिजेण्ड), पौराणीक कथा (मिथ) गाथा वा वीरकथा (हिरोइक टेल्स), परिकथा (फेयरि टेल्स) आदि ।

(ग) भारतीय विद्वान हजारीप्रसाद द्विवेदीका बिचारमा- 'मौखिक वा लिखित परम्पराबाट क्रमशः एक पुस्ताबाट अर्को पुस्तालाई प्राप्त हुने प्रचलित कथालाई लोककथा भनिन्छ । (श्रीराम शर्मा, १९९२: १८३)'

(घ) 'परम्परादेखि लोकजीवनमा मौखिक रूपमा चलिआएको कथालाई लोककथा भनिन्छ । (नेपाली वृहत् शब्दकोश, २०४०: ११८८) ।'

डा. मोतीलाल पराजुलीको मतमा लोककथा 'लोकजीवनका आस्था विश्वास व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यान तत्त्वहरूको मिश्रण गरी लोकसमुदायद्वारा रचना गरिएका मौखिक परम्परामा जीवित परम्परित कथाहरू नै लोककथा हुन् ।

(ङ) लोककथाको विशेषता औंल्याउँदै तुलसी दिवस अभिव्यक्त गर्दछन् 'तीन लोकका भाव, काल्पनिक आबद्ध गरी वर्णन समेटिने लोककथामा श्रोतालाई महत्व दिदै कथाको अन्त्यमा सुन्नेलाई सुनको माला र भन्नेलाई फूलको माला पहिर्‍याएर कथालाई वैकुण्ठ पुर्‍याउनुका साथै कथा भन्ने समयमा तुरुन्तै मुखमा सर्रर आइदिओस भनेर कामनापूर्वक कथा अन्त्य गरिन्छ । (दिवस, २०३३: ४) ।'

(च) 'लोककथा वास्तवमा आदिम मान्छेको स्मारक निवासी हो र यसलाई हामी प्रेमसाथ पुस्ता-प्रतिपुस्ता आफ्ना सम्झनामा सुरक्षित गर्दै आएका छौं । (त्रिपाठी, २०२४ ......) ।'

(छ) नेपाली साहित्यका अध्येताद्वय जनकविकेशरी धर्मराज थापा र हंसपुरे सुवेदीका भनाइमा 'कल्पनाका धरातलमा अडिएका जनश्रुतिमा आधारित पूर्वकालदेखि एकनास पुस्तौ पुस्ता मुखमुखै चलेर आएका कथाहरूनै लोककथा हुन् (थापाा र सुवेदी, २०४१: ३१९) ।'

(ज) 'लोककथाहरू एकादेशमा वा परापूर्वकालमा भनी थालिन्छ र श्रोताहरूमा वास्तविक जगतभन्दा भिन्न लोकको निर्माण गरिन्छ । (बन्धु, २०५८: २८९) ।'

(झ) डा. मोतीलाल पराजुलीले आफ्नो विद्यावारिधी शोध प्रबन्धमा उल्लेख गरे अनुसार लोककथा 'परम्परादेखि लोकसमुदायले सामुहिक सत्यका रूपमा अङ्गीकार गरेका काल्पनिक कथाबस्तु भएका मनोरञ्जनपूर्ण, शिक्षाप्रद, गद्यमूलक, कलात्मक, मौखिक लोकआख्यानलाई लोककथा भनिन्छ, (पराजुली, २०५५:१) ।'

(ञ) लोकसाहित्यका प्रतिभा जीवेन्द्रदेव गिरी लोककथाको परिचय यसरी दिन्छन्- 'लोककथामा अवश्य नै तत्कालीन परिवेशको छाप परेको हुन्छ तर त्यहाँका प्रतीक र सूत्रहरू पहिल्याउन र यथार्थको नजिक पुग्न सकिन्छ ।(गिरी, २०५७: २४) ।'

विद्वान्हरूका लोककथा सम्बन्धमा मत, विचार, एवं दृष्टिकोणलाई आधार मानेर लोककथालाई चिनाउँदा लोककथा एक महत्वपूर्ण, सर्वप्राचीन, श्रृति स्मृति परम्पराबाट पुस्तौ पुस्ता हस्तान्तरण हुँदै आएको लोकप्रिय विधा हो । जसमा धर्म, संस्कार, विचार, भाव, आस्था, मूल्य मान्यता, जीवनपद्धति एवम् भाषिक स्वरूपको प्रकटीकरण भएको हुन्छ । मानिसले देखेको, सुनेको, भोगेकोक कुराहरूलाई अनुकरण गर्दछ । ती विविध भोगाईहरूको माध्यमबाट तयार भएको दृष्टिकोण अुनभवहरूलाई अर्को व्यक्ति वा पुस्ता समक्ष हस्तान्तरण गर्ने क्रममा उपदेशात्मक, मनोरञ्जनात्मक,

पीडात्मक आदि प्रस्तुतीकरणका माध्यमबाट प्रकटकरण हुने हुनाले लोककथा मानव विकासको चरणसँगै र संरक्षित हुँदै आएको देखिन्छ ।'

## २.२ लोककथाका विशेषताहरू

श्रुतिस्मृति र कथन परम्परामा निहित रहेर एक पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण हुदै जाने काल्पनिक, असत्य, जादुपूर्ण र अपत्यारिलो भैकन पनि कौतुहलता, जिज्ञासा र अभिप्रायका कारण मनोरञ्जनात्मकता शिक्षाप्रद रोमाञ्चकारी हुनु लोककथाको विशेषता हो ।

यसमा समाजको वास्तविक स्वरूप, युगीन सभ्यता, लोकव्यवहार लौकिक मूल्यमान्यता एवं आस्था मुखरित भएको पाइन्छ । मुखामुख हस्तान्तरित हुने हुनाले लोककथाका स्वरूप वस्तुनिष्ठता व्यक्ति समयअनुसार परिमार्जित र परिष्कृत हुनु स्वाभाविकै हो । सामाजिक चालचलन, लोकजीवनका गतिविधि, र सभ्यताको सामूहिक संग्रह भएकोले लोककथालाई अतीत गाथा, सामाजिक जीवनको चित्र, ऐतिहासिक विकासक्रम र युगीन प्रतिच्छायाँका रूपमा लिन सकिन्छ । जुनसुकै जाति एवम् लोकसमुदायको परिचय बनेर प्रस्तुत हुने लोककथाको अनगिन्ती विशेषताहरू हुन्छन् जसमध्ये प्रमुख केही विशेषताहरू यहाँ उल्लेख गरिन्छ ।

- श्रुति स्मृति र कथन परम्परामा जीबित हुने,
- अद्भूत एवं रोमाञ्चकारी घटनाको तारतम्य हुने,
- रचनाकार अज्ञात हुने हुनाले पुस्तौली परम्पराको नैसर्गिक उपज मानिने,
- बौद्धिक र नैतिक उपदेशात्मक सन्देश प्रवाह हुने,
- स्थान र समय अज्ञात हुने हुनाले अनुमानित पात्र संयोजन तथा काल्पनिक परिवेश हुनु,

- यात्रा गतिशील हुने हुनाले समयसापेक्ष परिवर्तनशीलता अँगाल्ने,
- सुन्ने सुनाउने परम्परामा निहित भएकाले सामूहिकताको अनिवार्यता भएको,
- रस रङ्ग र आनन्दानुभूतिका अभिप्रायले प्रस्तुत गरिंदा मनोरञ्जन प्राप्ति हुन,
- वक्ता र स्रोता जुनसुकै उमेर, वर्ग र स्थानका हुन सक्ने हुनाले सरलता र सगमताको विशेषता पाइने,
- यसमा संवाद, गीतिमयता एवं उखान र टुक्काहरूको प्रसङ्ग पनि जोडिएको हुने,
- एकादेशमा वा परापूर्वकालबाट प्रारम्भभई भन्ने बेलामा मुखमा आइजाला बाट अन्त्य हुने,
- कलात्मक कथ्यशिल्प र चामत्कारिक वर्णनशैली अवलम्बन गरिएमा बढी प्रभावकारी हुने,
- सुगम र शहरिया जीवनभन्दा अपेक्षाकृत दुर्गम र गाउँले जीवनको चित्रण हुने,
- लोकजीवनका धार्मिक, सामाजिक, सांस्कृतिक पद्धति र जीवनशैलीको प्रस्तुती लोककथामा हुने,
- यसमा पहाड, सूर्य, बादल, आकाश, धर्ती, देवी देवता, भूत प्रेत आदि मानवीकृत हुने,
- लघु, मध्यम वृहत् जुनसुकै आकारको हुन सक्ने ।

माथि प्रस्तुत गरिएको विशेषताहरू लोककथामा प्राप्त हुने हुँदा यो एउटा विशिष्ट विशेषता भएको विधाका रूपमा स्थापित छ ।

## २.३ लोककथाका तत्त्वहरू

आख्यानपूर्ण संरचनाका माध्यमबाट अभिप्राय समेटिएको परिपुष्ट कथा बन्नको लागि अङ्गीकार गर्नुपर्ने अङ्गहरूलाई नै लोककथाका तत्त्व भनिन्छ । लोककथालाई परिपक्व अवस्थामा पुऱ्याउने सम्पूर्ण उपकरण वा व्यञ्जनका आधार नै तत्त्वहरू हुन् । लोककथा लोकशासनको उद्देश्य पूरा गर्नका लागि रचिने हुनाले लोकबोलीमा त्यहाँको लोकविश्वास, सभ्यता र संस्कार, मूल्य र मान्यता, रहनसहन आदि यावत् पक्ष समेटिएका हुन्छन् । अस्तित्त्व कायम गर्ने खालका विशिष्टता र तत्त्व अवलम्बन गरेका लोककथाले निजत्व प्राप्त गरेको हुन्छ । 'लोककथामा प्रयुक्त तत्त्व अथवा उपकरणहरूलाई मुख्य रूपमा दुई वर्गमा छुट्याइएको छ । स्थूल विभाजन अन्तर्गत कथानक, चरित्र र परिवेश पर्दछन् भने सुक्षम विभाजन अन्तर्गत विषयगत भाषाशैली, उद्देश्य र दृष्टिकोण पर्दछन्, (शर्मा, २०५५:३८४)

लोककथाका तत्त्व निरूपणका सम्बन्धमा लोककथाका अध्येता डा् मोतीलाल पराजुली आफ्नो लोककथाकृति 'धर्मात्माराजा' मा उल्लेख गर्दछन-'सामान्यतः कथानक, पात्र, परिवेश, उद्देश्य, भाषा, शैली र प्रस्तुतीकरण लोककथाका निर्माण तन्तु हुन ( पराजुली, २०५९:२) ।'

### २.३.१ कथानक

लोककथाको मेरुदण्ड नै कथानक हो । यसमा व्यवस्थित घटनाको बनोट हुन्छ । 'कार्यकारण सम्बन्धमा बाँधिएका घटनाहरूलाई नै कथानक भनिन्छ । ( डा.श्रीराम शर्मा २०५५: ३९०) ।'

सु-संगठित एवं  पूर्ण आख्यान भएको लोकथाका आख्यानको आरम्भ, विकास र विश्रामको श्रृङखला सुनियोजित क्रममा हुन्छ । आख्यनन संगठित कथानक लोककथाको बीजभूमि हो । यसमा समावेश गरिने किंवदन्ती जनश्रुति कथा नभएर यसलाई रोचक, सम्प्रेष्य, उद्देश्यपूर्ण र सन्देशवाहक बनाउन मिलाइएका मसला हुन् । लोककथामा कथानक पौराणीक सामाजिक, ऐतिहासिक लगायत विश्वब्रम्हाण्डका कुनै

पनि सन्दर्भ हुन सक्छन् । लौकि-अलौकिक, काल्पनिक, भावनात्मक आदि सन्दर्भहरू यसका कथानक बन्न सक्छन भने बिषयको स्वरूप, छोटा, मझौला र बृहत सबै खालका हुन सक्छन् । कथानक उत्सुक, रोमाञ्चक, गहन र व्यवस्थित भएमा सफल मानिन्छ । 'एकादेशमा...........' बाट आरम्भ भई आख्यानको विकसित क्रमअनुसार अन्त्यमा '.............सर्सरती आइजाला' बाट विश्रान्ति हुन्छ ।

## २.३.२ अभिप्राय

अभिप्राय लोकथाको आधार तत्त्व हो । कुनै न कुनै अभिप्राय, प्रयोजन, उद्देश्य, हेतु नभई लोककथा संरचित हुँदैन । यसमा प्रयोग हुने समान धर्म वा गुण भएका धेरै वस्तु वा चरित्रको परिम्परित रूप वा रुढ तत्त्वहरू अभिप्राय हुन् । अभिप्राय लोककथाको सामाजिक तथा सामूहिक अवचेतनको स्थिर रूप हो । कथाको संरचनामा आयाम निर्धारण गर्ने, मनोरञ्जन दिने, उत्सुकता थप्ने तथा घटना विकासमा क्रियाशीलता ल्याउने काम अभिप्रायबाट नै हुने गर्दछ । यसले कुनै जातीय संस्कृति, भौगोलिक अवस्थिति, लोकजीवन, लोकभावनाको स्वरूप बोकेको हुन्छ । विषय प्रस्तुतिको शैली वाक्यगठनको विश्रृङ्खलितपन एवं प्रस्तुतीकरण जे जस्तो भएपनि कथाको अभिप्राय सधै एकै रहन्छ । त्यसैले लोककथामा यसलाई एउटा अनिवार्य तत्त्वका रूपमा लिइन्छ ।

लोकसाहित्यको आख्यानयुक्त गद्यविधा लोककथा आदिम मानिसहरूले कल्पना गरेका अदभुत कथा, असामान्य घटनाहरू समेटिने सिर्जना भएकाले यसमा प्रशस्त अभिप्रायहरू प्रयोग हुन्छन् । लोककथामा हुने अभिप्रायले गर्दा नै यसलाई सार्थक, आकर्षक र जनमानसबीच प्रिय बनाउन सफल भएको छ । परम्परादेखि अहिलसम्म लोककथा रहनु अभिप्रायको कारण नै हो । अभिप्रायकै कारणले गर्दा लोककथाले मूल्य र मान्यता प्राप्त गरेको हो । लोककथामा पटक पटक पुनरावृत्त भइरहने एकै किसिमका दृष्टिकोण अभिप्राय हुन् । सौतेनी आमाको दुर्व्यवहार, राजकुमार, राजकुमारीको वीरता नारीको कुननैतिक चरित्र जस्ता अभिप्राय धेरै जसो लोककथामा आधारित हुन्छन् । यसरी अभिप्रायका आधारमा विभिन्न लोककथाहरूबीच समता

स्थापित भई एउटा वर्ग पनि बन्न सक्छ । लोककथा लोकमानसद्वारा अभिप्रेरित अभिप्रायमा अभिव्यक्त हुन्छ ।

अभिप्रायहरू २३ वटा मूल शीर्षकहरूमा विभाजन गरिएको छ । त्यो निम्नानुसार छ ।

A (क) पुराकथात्मक अभिप्राय

B (ख) पशुपक्षी विषयक अभिप्राय

C (ग) निषेध (वर्जना) विषयक अभिप्राय

D (घ) जादु विषयक अभिप्राय

E (च) मृतक विषयक अभिप्राय

F (छ) आश्चर्य/चमत्कार विषयक अभिप्राय

G (ज) दैत्य/दानव विषयक अभिप्राय

H (झ) परीक्षा विषयक अभिप्राय

J (ट) बुद्धिमान/ मूर्खका अभिप्राय

K (ठ) धोका तथा छलविषयक अभिप्राय

L (ड) भाग्य सम्बन्धी अभिप्राय

M (ढ) भविष्य निर्देशन सम्बन्धी अभिप्राय

N (त) अवसर तथा भाग्य विषयक अभिप्राय

P (थ) समाज सम्बन्धी अभिप्राय

Q (द) पुरस्कार तथा दण्ड विषयक अभिप्राय

R (ध) कैदी र पलायन सम्बन्धी अभिप्राय

S (न) अप्राकृतिक क्रुरता सम्बन्धी अभिप्राय

T (प) यौन विषयक अभिप्राय

U (फ) जीवनको प्रकृति

V (ब) धर्म विषयक अभिप्राय

W (भ) चरित्रका विशेषता सम्बन्धी अभिप्राय

X (म) हाँस्य ठट्टा विषयक अभिप्राय

Z (य) विविध

माथिका अक्षरले मूल शीर्षक जनाउँछ । यहाँ स्टिथ थमसनको अभिप्राय अनुक्रमणिका अुनसार सामग्री विश्लेषणमा पनि सोही तरिका अपनाइएको छ । उल्लेखित तत्त्वहरू नै लोककथा निर्माणका आधारभूत अङ्गहरू हुन् । यिनीहरूको संयोजनबाट नै लोककथा सुगठित, स्पष्ट, प्रष्ट, आकर्षक, रोचक/प्रभावकारी हुने हुनाले लोककथामा यी तत्त्वहरूको समन्वय आवश्यक ठानिन्छ । (पराजुली, 'नेपाली लोककथाका अभिप्रायको अध्ययन' शीर्षकको विद्यावारिधि शोधप्रबन्ध, २०५४) ।

### २.३.३ पात्र

कथावस्तु कार्यव्यापार वा भूमिकाबाट अघिबढाउने सन्देश वाहक तत्त्व नै पात्र हो । यो लोककथाको दोस्रो महत्वपूर्ण अङ्ग हो । कथाको कथानकलाई आयतन र घटनाअनुरूप भूमिका निर्वाह गर्न अन्तिम अवस्थासम्म पुऱ्याउने काम पात्रले गर्दछ । त्यसैले लोककथामा मानव, मानवेत्तर प्राणी कल्पित प्राणी तथा विभिन्न पदार्थहरू पात्रका रूपमा रहन्छन् (पराजुली २०५९:२) ।'

लोककथा कल्पनाप्रधान मौलिक विधा भएकोले यसमा प्रयोग हुने पात्रहरू यथार्थ धरतातलबाट नलिई काल्पनिक पात्रहरूलाई पनि काल्पनिक आवरण दिएर

मानवीकरण गरिने हुनाले कौतुहल, रोमाञ्चक, भ्रमित, आश्चर्यजनक, मनोलोकमा पुऱ्याएर श्रोतालाई आनन्द दिनुमा पात्रको अहम् भूमिका रहन्छ । मानवीय चरित्रका रूपमा राजा, महाराजा, साहसिक व्यक्ति, वीरपुरुष, साधुसन्त, योगी तपस्वी तथा सामान्य स्तरका लोकपात्रहरू हुन्छन भने अमानवीय पात्रमा विरुवा, पहाड, जनावर, पंक्षीहरू, ब्रहमाण्डका विभिन्न तत्त्वहरू पर्दछन् । त्यस्तै अमानवीय पात्रमा देवीदेवता, राक्षस, भूतप्रेत, अप्सरा, ग्रह, नक्षत्र आदिलाई पनि पात्रका रूपमा भूमिका दिई कथानकलाई उद्देश्यसम्म पुऱ्याउने गरिन्छ । वक्ता र स्रोता दुवैलाई आनन्दानुभूमि दिन पात्रको भूमिका अहम् हुने हुनाले चरित्र महत्वपूर्ण तत्त्व मानिन्छ ।

## २.३.४ परिवेश

कथाको देश, काल र परिस्थितिलाई परिवेश भनिन्छ । लोककथाको देश अथवा स्थान प्रायः सुगम र शहरिया परिवेश भन्दा दुर्गम र ग्रामीण परिवेशको सेरोफेरो हुने गर्दछ । पृथ्वी, स्वर्ग, पाताल, परिलोक, नागलोक आदि अलौकिक स्थान तथा सामाजिक विषयवस्तुमा लौकिक स्थानको परिवेशमा लोककथा जन्मेका हुन्छन । प्रायः कथाहरू दरबारिया परिवेश तथा सहरीया दृश्यमा पनि संरचित हुन्छन तर यस्तो परिवेश न्यून हुन्छन् । कथाको घटनालाई यथार्थ र दुरुस्त तुल्याउन कथावक्ता घटना, पात्रसँगै वातावरणले पनि उत्तिकै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । वातावरणको प्रभावले कथाको कथानक र पात्र काल्पनिक भए पनि यथार्थ हो भन्ने भ्रममाा स्रोतालाई पुऱ्याउन नसक्ने भएकाले परिवेश अहम् भूमिका भएको तत्त्व हो भनेर मान्न सकिन्छ ।

## २.३.५ उद्देश्य

वक्ताले लोककथा स्रोतासमक्ष प्रस्तुत गर्नुको प्रयोजन नै उद्देश्य हो । लोककथा सुनेर स्रोताले आनन्द प्राप्त गर्नु, सन्देश एवं शिक्षा प्राप्त हुनु जस्तै केही न केही प्रयोजन यसमा निहित हुन्छ । उद्देश्यविना न कुनै कार्य हुन्छ न गरिन्छ । त्यस्तै कथा भन्नु र सुन्नुको पछाडि रहेको अभिप्राय नै उद्देश्य हो । जातीय मान्यता, ऐतिहासिक

पुरुषहरूको जानकारी, लोकजीवन पद्धति, विश्वास, सांस्कृति मूल्य आदि पहिचान गराउनु एवं मनोरञ्जन प्रदान गर्नु कथाका उद्देश्य हुन्छन् । धार्मिक नैतिक सन्देश दिनु तथा समाजको सुधारमा, स्रोतालाई अभिप्रेरित गर्नु यसका उद्देश्यहरू हुन् । कुनै न कुनै उपलब्धि ग्रहण गरेर मानवीय एवं सामाजिक स्तरमा सुधारको दीप प्रज्वलित पार्नेतर्फ लोककथाहरू अग्रसर हुनु आवश्यक छ ।

### २.३.६ भाषा

लोककथा प्रस्तुतिको ढङ्ग वा तरिकालाई शैली भनिन्छ । यो निरक्षर गाउले र व्यक्तिको मस्तिष्कको उपज भएकोले वक्ताको भाषिक स्तर र प्रस्तुतिशैलीबाट लोककथा प्रभावित हुन्छ । अशिक्षित र लोकसमुदायमा यसको प्रचलन रहने हुनाले स्तरीय र जटिल भाषिक प्रयोगले लोककथाको वास्तविक स्वरूप प्रष्टिन सक्दैन । लोकसमुदायको बोलीचालीको भाषा सरल, सहज र वोधगम्य हुने हुनाले सोही अनुसारको भाषिक स्तर र स्वरूपमा लोककथा सिर्जित हुनु आवश्यक हुन्छ । पात्रको भूमिका र घटनाको प्रसङ्ग अनुसार स्थानीय र कथ्य भाषाका शब्द र शैली अबलम्बन गरी प्रस्तुत गरिएको लोककथा बढी स्वाभाविक, सन्देशवाहक एवं सम्प्रेषण बन्न पुग्दछन् । यसमा आधुनिक कथामाभ्कै कृत्रिमताको आभाष हुनु हुँदैन । ग्राम्य, निरक्षर समाजको भाषिक र बौद्धिक क्षमताअनुसारको सुमधुर र लोक शिल्पी हुनु उद्देश्य हुन्छ ।

### २.३.७ शैली

लोककथा प्रस्तुतिको ढङ्ग वा तरिकालाई शैली भनिन्छ । यो निरक्षर गाउँले र व्यक्तिको मस्तिष्कको उपज भएकोले वक्ताको भाषिक स्तर र प्रस्तुति शैलीबाट लोककथा प्रभावित हुन्छ । लोककथामा खास गरेर वर्णनात्मक, गर्भकथात्मक (दुईवटा कथा जोडिएको), क्रमसंवर्द्धनात्मक (एउटा कुरा बारम्बार दोहोरिएको) आदि शैलीको प्रयोग गरिन्छ । यो लोककथाको अनिवार्य तत्त्व हो ।

### २.३.८ प्रस्तुतीकरण

कथा प्रस्तुत गर्ने ढाँचा, तरिका, शैली नै प्रस्तुतीकरण हो । प्रस्तुतीकरण पनि लोककथाको सिद्धान्तअन्तर्गत पर्ने एउटा महत्वपूर्ण तत्त्व हो ,

लोककथा वाचक वक्ताहरूका कथावाचन गर्ने ढङ्ग अलग-अलग हुन्छन् । कथा वाचकले श्रोतालाई कथा सुन्नका लागि उत्सुक बनाउन र कौतुहल जगाउन प्रस्तुतीकरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । लोककथा एकदेशमा बाट शुरु भएर ....... भन्नेलाई फूलको माला सुन्नेलाई सुनको माला भनेर टुङ्ग्याइन्छ । वक्ताले हातमुख अंगहरूको परिचालन गर्दै, हाउभाउद्वारा नै कथा सुन्न उत्सुकता जगाउने हुन्छ । यसरी प्रस्तुतीकरणलाई लोककथाको महत्वपूर्ण तत्त्व हो ।

### २.३.९ शीर्षक

शीर्षकले कथानकको पूर्ण स्वपलाई प्रतिबिम्बित गर्नु पर्छ किनकि यसलाई हेरेर कथा कस्तो छ, भन्ने अनुमान गरिन्छ । त्यसैले शीर्षकलाई लोककथाको अनुहार मानिन्छ । कथावस्तुको आकृतिबाट शीर्षकको औचित्य पुष्टि गर्न सकिने हुनाले यी दुईका बीच अभिन्न सम्बन्ध हुन्छ । कथानकको पूरै झल्को बनेर शीर्षक रहने हुँदा वक्ताले लोककथाको शीर्षक उच्चारण गर्दा नै स्रोताले कथा सुन्नमा उत्सुकता प्रकट गर्दछ । त्यसैले शीर्षकलाई पनि लोककथाको सहायक तत्त्वका रूपमा लिइन्छ । लोककथामा शीर्षक क्रियाशील अङ्गका रूपमा रहने हुँदा यसको महत्व अपेक्षित हुन्छ ।

## २.४ लोककथाको वर्गीकरण

लोककथा लोकसाहित्यको सर्वप्राचीन विधा हो । श्रुति-स्मृति कथन परम्परामा आधारित यस विधाको अध्ययन-अनुसन्धान विकसित र वैज्ञानिक तवरबाट अझै हुन नसकेको अवस्थामा यसको वर्गीकरणमा पनि विशिष्टताको अभाव रहेकै छ । लोकजीवनको भाव प्रभाव हुने लोककथाले धार्मिक, सामाजिक, सांस्कृतिक अनेक सम्प्रदायको सूक्ष्मदेखि स्थूल रूपहरू समेट्ने हुनाले वर्गीकरण यस्तै हुन्छ भनेर ठम्याउन कठिनाई बेहोर्दै आएको अवस्था छ । लोककथाको वर्गीकरणका सम्बन्धमा पाश्चात्य एवम् पूर्वीय विद्वान्हरूको मत अघि सार्नु सान्दर्भिक हुन जान्छ ।

नेपाली लोकसाहित्यका अध्येता तुलसी दिवसले लोककथाको वर्गीकरणमा निम्नलिखित दश प्रकारमा गरेका छन्- क) सांस्कृतिक ऐतिहासिक लोककथा ख) अर्ती- उपदेशका लोककथाहरू ग) पशुपंक्षीका लोककथाहरू घ) मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू घ) मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू ङ) अतिमानवीय रूपका लोककथाहरू च) दैवी लोककथाहरू छ) फलफूलका लोककथाहरू ज) सहास र बहादुरीका लोककथाहरू झ) धार्मिक लोककथाहरू ञ) विविध लोककथाहरू (तुलसी दिवस, २०३३: ३८) ।'

नेपाली साहित्यका अध्येताद्वय धर्मराज थापा र हंसपुरे सुवेदीले आफ्नो पुस्तक 'लोकसाहित्यको विवेचना' मा लोककथाको वर्गीकरण यसरी गर्न स्वभाविक ठानेका छन् : क) धार्मिक तथा सांस्कृतिक ऐतिहासिक लोककथा ख) मानवी तथा अतिमानवी लोककथा ग) पशुपंक्षीका लोककथा घ) दैवी लोककथा ङ) विविध लोककथा (थापा र सुवेदी, २०४१:३४६)

संस्कृत साहित्यका प्रसिद्ध विद्वान्हरू आनन्दवर्द्धनले कथालाई परीकथा, सफलकथा र खण्डकथा गरी तीन प्रकार उल्लेख गरेका छन् भने हरिभ्रद आचार्यले अर्थकथा, कामकथा, धर्मकथा, संर्कीणकथा गरी चार वर्गमा विभाजन गरेका छन् (बन्धु, २०५८:२९१) ।'

त्यस्तै अर्का लोककथा अध्येता पाश्चात्य विद्वान् स्टिथ थमसनले कथालाई -'क परम्परागत कथाहरू (Reditonans) ख) परीकथाहरू (Fairy Tales) ग) पशुकथाहरू (Animal Tales) घ) नीतिकथाहरू (Fables) र ङ) पौराणिक कथाहरू (Myths)' गरी पाँच वर्गमा राखेका छन् (बन्धु, २०५८: २९१)'

लोककथाका प्रकारका सम्बन्धमा उल्लिखित पूर्वीय तथा पाश्चात्य लोकसाहित्यका अध्येताका वर्गीकरण तत्त्वहरूका आधारलाई निरूपण गर्दा अध्येता दिवसको वर्गीकरण आधार नै तुलनात्मक रूपमा पुष्ट र सान्दर्भिक ठानी सोही अनुसारको सामान्य परिचय यहाँ प्रस्तुत गरिन्छ :

### २.४.१ सांस्कृतिक ऐतिहासिक लोककथाहरू

लोककथामा सांस्कृतिक मूल्य, मान्यता र प्रचलनहरू जोडिएका हुन्छन् । रीतिरिवाज, परम्परा, अन्धविश्वास, चाडपर्वजस्ता सांस्कृतिक संस्कारहरू लोककथाले टिप्नेवस्तु हुन् । लोकसमुदायमा प्रचलित किंवदन्ती, इतिहास, समयको कालखण्डसँगै घटेका घटनाहरू, युद्ध पराक्रम, चमत्कारीपूर्ण कार्य, लोकविश्वासले सत्य ठानेका सृष्टिचक्र आदि लोककथाले स्वीकार गरेको हुन्छ । वस्तु वंश, स्थान र परम्पराको उत्पत्ति, थालीन एवम् यसको विकाससम्बन्धी प्रक्रियाहरू सम्बद्ध गरेर अभिव्यक्त हुन्छन् । संस्कृति र इतिहास परस्पर सम्बन्धित भएर लोककथाका विषय बनेर लोक समुदायका गलाबाट प्रस्फुटन हुने गर्दछ । कल्पित इतिहास प्रचलित संस्कारहरू नै मिश्रित रूपमा लोकथामा समेटिएको हुने हुनाले समाजमा सांस्कृतिक ऐतिहासिक लोककथाहरू प्रशस्त प्रचलनमा रहेको पाउन सकिन्छ ।

### २.४.२ अर्ती उपदेशका लोकथाहरू

लोककथाको महत्वपूर्ण अभिप्राय अर्ती उपदेश दिनु नै हो । यसले व्यक्ति समाजका विभिन्न चरण र प्रक्रियाकहरूलाई समेटेर परिवर्तित पुस्ता एवम् वर्गलाई ज्ञानमूलक, नीतिपरक, अर्ती पउपदेश अग्रज, बूढापाका र गन्यमान्य व्यक्तिबाट बालबालिका, यवातन्नेरी एवम् अज्ञानी वर्गमा जीवनका तथ्य, सत्य र वास्तविक पक्षको बोध गराई आचरणमा शुद्ध नैतिक मूल्य-मान्यता, सदाचार, सत्कर्मको विकास होस् भन्ने हेतू राखी लोककथा हालिन्छ । त्यसैले समाजमा यस्ता सिर्जनाहरू बढी पाइन्छन् । कमजोर निमुखाप्रति, दया, भाव, सेवाभाव राख्नु, सधैँ सन्तोषी र सहनशील एवम् कर्मशील बन्नु, सद्गुणको विकास गरेर समाजमा प्रतिष्ठा कायम गर्नु जस्ता उपदेश र अर्ती समेटिएका लोक सिर्जनाहरू यस कित्तामा पर्दछन् ।

### २.४.३ पशुपक्षीका लोककथाहरू

लोककथामा प्रायः मानवीय पात्रभन्दा पनि अमानवीय र अतिमानवीय पात्रहरूको प्रतिनिधित्व बढी भएको पाइन्छ । त्यसमा पनि पशुपक्षीले विशेष भूमिका खेलेको प्रसङ्ग बढी सुन्न पाइन्छ । पशुपंक्षी पनि मान्छे जस्तै कुरा गर्ने, काम सम्पन्न

गर्ने, मानवको कार्यमा सहयोगी बनेर आउने, मितेरी बनेर अप्ठ्यारा परिस्थितिहरूलाई निराकरण गर्ने आदि भूमिका पशुपक्षीको पनि देखिन्छ । अपात्-विपत र कठिन घडीहरूमा बुद्धिमत्तापूर्ण कदम चाल्ने तथा कार्यसाधनामा सधैं नियमित, अनुशासित र धैर्यपूर्ण प्रक्रिया अपनाउने पात्र बनेर पशुपक्षीहरू पनि लोककथामा मानवीकृत भएका हुन्छन् ।

### २.४.४ मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू

लोककथाले मानवका असल स्वभावको वर्णनका माध्यमबाट सद्गुण विकास गराउने अभिप्राय लिएको हुन्छ भने खराव दुष्ट चरित्रको माध्यमबाट दुःख एवम् असफलता भोग्नु परेको देखाइ सत्मार्गमा हिँडाउने उद्देश्य राखेको हुन्छ । मावभित्र रहेका काम, क्रोध, लोभ, मोहजस्ता प्रकृतिलाई विषयका रूपमा उठाएर समुदायसमक्ष भण्डाफोर गरिदिएको हुन्छ । असल पात्र, वीर र सहासी व्यक्तिको माध्यमबाट श्रोतालाई सहासिक कार्य गर्ने प्रेरणा दिइएको हुन्छ । मूर्ख, ठग, लोभी, विश्वासघाती, धूर्त प्रवृत्तिका मान्छेको खण्डन तथा सज्जन गुणी व्यक्तिको प्रशंसा गर्नु लोककथाका विषय हुन्छन् ।

प्रकृति नै प्राणीका निम्ति स्रष्टा, स्थाता र हर्ता हो । यसले प्राणीलाई जन्माएर हुर्काउने र बाँच्न सिकाउने गर्दछ । समयानुकूल जीवनयापन गर्न र परिस्थितिको समायोजन गर्न आधार प्रदान गर्छ भने प्रकृतिले नै प्राणीको जीवनलीला टुङ्गयाइदिन्छ । त्यसैले प्रकृतिले मानव, जीवजन्तु, वनस्पति, ग्रह, नक्षत्रलाई चलायमान गर्छ । यिनै प्रकृतिमा आबद्ध वस्तुका सम्बन्धमा कथा सिर्जना भई लोकमा प्रचलित हुने गरेको छ । प्रकृतिका ढुङ्गा, माटो, नदी-नाला, रुख-वृक्ष, पहाड-हिमाललाई पात्र बनाई कथानकको प्रसङ्ग जोडेर कथा प्रस्तुत भएको भेटिन्छ ।

### २.४.५ अतिमानवीय रूपका लोककथाहरू

लोककथामा लौकिक अलौकिक पक्षहरूको अपत्यारिलो विषय प्रसङ्गहरू समेटिएको पाइन्छ । प्रकृति, जगत्, भूमण्डल, ब्रह्माण्ड, स्वर्ग, नरक, आदिका देवीदेवता, भूतप्रेत, राक्षस आदिका विषयमा कथाहरू बनेका हुन्छन् । यस्ता दिव्य

चरित्रलाई कथाको विषयवस्तु बनाएर अलौकिक कार्य र घटनाहरू उल्लेख भएका भेटिन्छन् । सुखको चाहना राखेर स्वर्गादिलोकमा तपस्यारत देवताहरूको कार्यसाधनामा विचलित गराइ यौन उद्वेग प्रकट गरेका प्रसङ्ग यस्ता अतिमानवीय स्वरूपका कथामा देख्न पाइन्छ । भूतप्रेत ग्रहहरूले प्राणीहरूलाई दुःख दिने, छल्ने शिव-पार्वती, लक्ष्मी, विष्णु, इन्द्र-इन्द्राणी आदि भू-प्रकृतिभन्दा भिन्न जगत्का पात्रको वर्णन भएका कथाहरू यस वर्गमा पर्दछन् ।

### २.४.६ दैवी लोककथाहरू

सत्यलोक, स्वर्गलोकको देवीदेवता, अप्सरा, इन्द्र-इन्द्राणी, शिव-पार्वती आदि दैवी पात्रहरूको कार्यसाधनको वर्णन भएका कथा देवी लोककथामा पर्दछन् । अतिमानवीय लोककथामा भन्दा पृथक विषय त्यति नहुने दैवी कथाहरूमा मर्त्यलोकका गतिविधि समेटिदैनन् । यसमा केवल अलौकिक घटना र देवदूत अप्सरा, यमराज, यमदूत आदिको वर्णन र कार्य गतिविधि यस्ता कथामा समेटिएका हुन्छन् । हाम्रा कतिपय धार्मिक संस्कारहरूमा समेटिएका मान्यताहरू यस्तै दैवी पक्रियाबाट उब्जेका निष्कर्षहरूबाट प्रतिबिम्बित भएको पाइन्छ ।

### २.४.७ फलफूलका लोककथाहरू

लोककथामा प्रकृति जगतका रुख-विरुवा, झ्याङ-बुट्यानको प्रसङ्ग उठाइएको हुन्छ । प्राणी जगतलाई शीतलता प्रदान गर्ने कार्यमा ठूला र फराकिला हाँगाविंगा हुने वृक्ष, वर-पीपल, समी, काब्रो आदि वृक्षका महिमा गराइएको हुन्छ । वृक्षमा पनि पवित्र र पौष्टिक फल दिने रुख विरुवाको महिमा यसको प्राणी जगतप्रतिको निःस्वार्थ योगदान आदिको विवेचना लोककथामा हुने गर्दछ । अमृतमय पौष्टिक तत्त्व फलफूलको सेवन गरी योगी, तपस्वी, अशक्त रोगी, आदिले आफ्ना प्राण धानेको त्यसैले फलफूल, देवीदेवताका लागि पनि प्रसादी एवम् नैवद्यका रूपमा अर्पण गर्ने प्रथा रहि आएका तथ्यहरूको उद्घाटन, लोककथाले गरेका हुन्छन् । यसरी फलफूलको विशेष महत्व र विशेषता वर्णित लोककथा यस अन्तर्गत पर्दछन् ।

### २.४.८ साहस तथा बहादुरीका लोककथाहरू

कुनै न कुनै अभिप्राय समेटिएको हुने लोककथाले मानवीय र अतिमानवीय र जुनसुकै पात्रहरूको संयोजनका माध्यमले कथानक पस्किए तापनि त्यसमा मूलतः श्रोतालाई गहन विचार, सन्देश एवम् शिक्षा दिएकै हुन्छ । जसमा पराक्रमी बन्नु पर्ने, सहासिक कार्यमा पछि हट्नु नहुने, वीरतापूर्ण पहिचान कायम गर्नुपर्ने, यसो गरेमा लोकमा मर्यादित र अमर बन्न सकिने सन्देशमूलक अभिप्राय प्रायः कथाले उजागर गरेकै हुन्छ । दिव्य तथा अदभूत चरित्रको प्रदर्शन गरेर सुसाध्य झैँ लाग्ने कार्यमा पराक्रम देखाएर साध्य तुल्याउनु आदि सहासिक र बहादुरीपूर्ण प्रसङ्गहरू लोककथाका विषय बनेका हुन्छन् ।

राजा-महाराजा, देवी-देवता, लगाईँ र युद्धमा संलग्न लडाकु योद्धाको प्रभावशाली सहासिक कदमले स्थिति सुगम बन्न पुगेको घटनाहरूको वर्णन भएकाले लोककाथाहरू लोकजीवनमा बढी प्रचलित देखिन्छन् ।

### २.४.९ धार्मिक लोककथाहरू

लोककथाको कथावस्तुको स्रोत प्रमुख रूपमा वेद, पुराण, उपनिषद् नै हा भन्ने विद्वानहरूको मत छ । नेपाली लोकजीवनमा धार्मिक कथाहरूले नै बढी प्रभाव पारेका छन् । धार्मिक लोककथाहरूको श्रुति-स्मृति प्रक्रिया, धार्मिक कार्य पूजा-पाठ, भजन-कीर्तन, एकाहा-सप्ताह आदि पुनित अवसरमा मात्र होइन मेलापाता जाँदा, जन्म, न्वारन, पास्नी, व्रतबन्ध, विवाहजस्ता शुभमंगलपूर्ण प्रसङ्गमा पनि प्रचलित छ । देवीदेवताको आरधाना गर्दा, निराहार बस्दा, विभिन्न अवसर जस्तो कृष्णाष्ठमी, तीज, दसैँ, एकादशी, पूर्णिमा, स्वस्थानी, शिवरात्री आदि पावन प्रसङ्गमा धार्मिक कथाहरू सुन्ने सुनाउने प्रचलन नेपाली समाजमा व्याप्त छ ।

### २.४.१० विविध लोककथाहरू

विविध लोककथा अन्तर्गत उल्लिखित कथा वर्गीकरणका वर्णनभित्र समेटिन नसकेको जुनसुकै विषय शीर्षकका कथाहरू पर्दछन् । लोकजीवनमा व्याप्त रूपले प्रभाव पार्ने तर नगण्य प्रभाव रहेको विषय प्रसङ्गमा फटाफुट सिर्जित कथाहरू यस

शीर्षक अन्तर्गत राखिन्छ । हाँस्यका दृष्टिले प्रस्तुत गरिने विविध खाले लोककथा, प्रेम-प्रसङ्ग तथा बासनापरक लोककथाहरू, भाग्य तथा नियतिका लोककथाहरू, राजनैतिक क्रिया प्रसङ्गका लोककथा, मनोवैज्ञानिक लोककथा आदि लोककथा लोकजीवनबाट भिन्न हुन सक्दैन् तर अन्य प्रवृत्तिका कथाहरूले झैं एकाग्र प्रभुत्व जमाएका हुँदैनन् । त्यस्ता एकाध कथाहरूको समुच्चयलाई विविध लोककथामा राखिन्छ ।

## २.४.११ निष्कर्ष

लोकसमुदायमा श्रुति स्मृति परम्पराबाट एक पछि अर्को हुँदै हस्तान्तरण पक्रियामा आधारित हुने लोकसाहित्य लोकजीवनको अभिन्न अङ्ग बनेको छ । समय, वातावरण र यसको प्रकृतिअनुसार लोककथा विभिन्न तरिकाले प्रस्तुत गरिन्छ । लोककथा सिर्जनाको मूल उद्देश्य जनमानसमा अर्ती उपदेश दिनु मनोरञ्जन प्रदान गर्नु एवम् व्यक्ति समाजलाई उन्नतिको बाटो हिँडाउनु नै हो । त्यसमा पनि अझ विस्तृत रूपमा भन्नु पर्दा जनमानसको बसी वियाँलोको साथी, बौद्धिक र नैतिक उपदेश प्रदान गर्ने साधनका रूपमा लोककथा लोकप्रिय बनेको छ । रोमाञ्चकारी घटनाको संयोजन, अनुमानित पात्रको प्रयोग, सामूहिकतामा समावेश, समयसापेक्ष, परिवर्तनशीलता लोककथाले अङ्गीकार गर्ने विशेषता हुन् । मुख्यतया कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, प्रस्तुतीकरण, कथोपकथन, शीर्षक आदि तत्त्वहरू अवलम्बन गर्ने लोककथा ज्ञानबर्द्धक र सन्देशमूलक हुन्छन् । लोककथाले अनिवार्य रूपमा आत्मसात् गर्ने पक्ष भनेको अभिप्राय हो । यो विना कुनै पनि कथाको सिर्जना हुँदैन । लोकआख्यान शैलीको बाटो पक्रेर संस्कृतिको मूल्यमान्यता प्रस्तुत गर्नु, अर्ती उपदेश दिनु, मानवप्रवृत्तिको असली रूप उजागर गर्नु, लोककथाका मूल उद्देश्य हुन्छन् । यस्ता उद्देश्य अभिप्रायमूलक कथाले समयानुकूल परिमार्जित हुँदै जाने धर्म आत्मसात् गरेका हुन्छन् । युगचेतनाको व्यञ्जन, ऐतिहासिक घटना, मिथकीय पुराकथात्मक आदि अभिप्राय बोकेर समाजको आद्योपान्त्य वस्तु बनेको लोककथा साहित्यकै फाँटमा विशिष्ट विधा बनेको छ । यसको सम्बर्द्धनका निम्ति सम्बन्धित सबै पक्षको ध्यान जानु आवश्यक देखिन्छ ।

## २.५ लोककथाको अध्ययन परम्परा

लोककथाको इतिहास  मानव सभ्यताको इतिहाससँग गाँसिएको छ । अतः मानव सभ्यताको विकाससँगसँगै यस विधाको पनि विकास भएको हो । सुरुमा श्रुतिपरम्परामा सुरक्षित लोककथालाई शिक्षित मानवले लिखित रूपमा सङ्कलन गरी सुरक्षित तुल्याउन थाल्यो । लोककथाको परम्पराको सन्दर्भमा जनकलाल शर्मा यसो भन्दछन् - “जुन समयमा मानवको जिब्रोले वर्ण उच्चारण गर्न थाल्यो र मानव मस्ष्तिष्कमा नियन्त्रण केन्द्रको विकास हुन थाल्यो यसै बेलादेखि मानव समाजमा आफ्ना अनुभवका कुरा अरुलाई सुनाउने र अरुबाट सुन्ने परम्परा बस्यो ।

नेपाली लोककथामा वेद, उपनिषद, पुराण, रामायण, महाभारत, पञ्चतन्त्र, कथा सरित्सागर, वृहत्कथा, बौद्धजातका कथामाला आदिको परम्परा एवम् प्रभाव पनि पाइन्छ । यही क्रममा नेपाली लोककथाको प्रारम्भिक बिन्दुका रूपमा गुणाढ्यको वृहत्कथालाई लिन सकिन्छ । बृहत्कथापछि पिनासको कथा (१८७२), मुन्सीको तीन आहान (१८७६), भानुदत्तको हितोपदेश मित्रलाभ (वि.सं. १८३३), वीरक्कि (१९४६), स्वस्थानी ब्रतकथा (१८९१), तीजको कथा (१९४८), वेतालपच्चीसी (१९४२), शुकबहत्तरी (१९४८ः५, सिंहसनबत्तीसी (१९४८-५०), लालहिराको कथा (१८८८), अचम्मको बच्चाको कथा (१९७०) पछि, प्रल्हाद भक्तिकथा (१९४८), प्रेमसागर ( १९५२) आदि कथाहरू संस्कृत एवम् संस्कृतेत्तर परम्पराबाट लोककथाको धारालाई प्रभाव पार्ने गरी भित्रिएका देखिन्छन् । (पोखरेल, २०४३) ।

नेपाली लोककथाको विशुद्ध परम्परालाई हेर्दा बोध विक्रम अधिकारीको ‘नेपाली दन्त्यकथा (१९९६) कृतिबाट यसको श्रीगणेश हुन्छ । त्यसपछि ललितजंग सिंजापितको ‘दन्त्य कथामाला’ (२००३), सुवर्ण समसेर जवराको ‘दन्त्यकथा’ (२००५), शिवमणि र अमरमणिको ‘कथाकहानी’ (२०११) जजुराम कुसलेको ‘सुनौलाकथा’ (२०१६), इमानसिंह चेमजोङको ‘किराँती लोककथा’ (२०२१), करुणााकर बैद्यको ‘नेपाली दन्त्यकथा सङ्ग्रह’ (२०२२) लीलासिंह कर्माको ‘हाम्रो लोकसंस्कृति’ (२०२४),

ललितजङ्ग सिंजापतिको 'नेपाली लोककथा' (२०५५) आदि स्मरणीय कृतिहरू नेपाली लोककथाका क्षेत्रमा देखिन्छन्, (थापा र सुवेदी पृ.३१७-३२४)।

यसका अतिरिक्त लीलासिंह कर्माकै 'हाम्रा लोककथा (२०३८), पासाङ गोपर्माको 'बुहारी लोककथा' (२०२४), राजेन्द्र सुवेदी र धरणी गौतमको मेची अंचलका लोककथाहरूको सङ्कलन (२०३८), शिवकुमार श्रेष्ठको किराँती लोककथाहरू (२०४७) र किराँती लोककथा सङ्गालो (२०५१) तुलसी दिवसको नेपाली लोककथा (२०३२) आदि नेपाली लोककथाहरू उपलब्ध भइसकेका छन् ।

यी बाहेक विविध संघसंस्था र प्रतिष्ठानहरूले लोककथाको सङ्कलन कार्यमा विशेष उल्लेखनीय टेवा पुऱ्याउँदै आइरहेका छन् । काजीमान कन्दङ्वा, कालीभक्त पन्त, तुलसी दिवस, करणाकर वैद्य, लीलासिंह कर्मा, राजेन्द्र सुवेदी र धरणी गौतम, ललितजङ्ग सिंजापति, कृष्णप्रसाद पराजुली, मोतीलाल पराजुली, आदि विद्वानहरूको महत्वपूर्ण योगदान छ । यी अध्येताहरूले नेपाली लोककथाका बारेमा कुनै न कुनै रूपमा चर्चा गरेका छन् भने तुलसी दिवसको अध्ययन उल्लेखनीय रहेको छ ।

नेपाली लोककथाको मात्र अध्ययन गर्ने परम्परालाई हेर्दा वि.सं.१९९६ पूर्व यो जनश्रुतिमा मात्र आधारित देखिन्छ भने वि.सं. १९९६ पछि यसले पुस्तककार इतिहास समातेको पाइन्छ र हालसम्म आइपुग्दा विविध भाषाका लोककथाबाट प्रेरित-प्रभावित देखिन्छ र गतिशील हुँदै अगाडि बढिरहेको छ ।

## २.६ निष्कर्ष

लोक समुदायमा श्रुति-समृति परम्पराबाट एकपछि अर्को हुँदै हस्तान्तरण प्रक्रियामा आधारित हुने लोककथा लोकजीवनको अभिन्न अङ्ग बनेको छ । लोककथा जनमानसको बसीबियाँलोको साथी, बौद्धिक र नैतिक उपदेश प्रदान गर्ने साधनका रूपमा लोकप्रिय बनेको छ । रोमाञ्चकारी घटनाको संयोजन, अनुमानित पात्रको प्रयोग, सामुहिकतामा समावेश, समयसापेक्ष परिवर्तनशीलता लोककथाले अङ्गीकार गर्ने विशेषता हुन् । मुख्यतयाः कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, प्रस्तुतीकरण,

कथोपकथन, शीर्षक आदि तत्त्वहरू अवलम्बन गर्ने लोककथा ज्ञानबर्द्धक र सन्देशमूलक हुन्छन् । लोककथाले अनिवार्य रूपमा आत्मसात गर्ने पक्ष भनेको अभिप्राय हो । यो विना कुनै पनि कथाको सिर्जना हुन सक्दैन । लोकआख्यान शैलीको बाटो पक्रेर संस्कृतिको मूल्यमान्यता प्रस्तुत गर्नु, अर्ती उपदेश दिनु, मानव प्रवृत्तिको असली रूप उजागर गर्नु, लोककथाको मूल उद्देश्य हुन्छन् । यस्था उद्देश्य अभिप्राय मूलक कथाले समयानुकूल परिमार्जित हुँदै जाने धर्म आत्मसात गरेका हुन्छन् । युगचेतनाको व्यञ्जन, ऐतिहासिक घटना, मधकीय पुराकथात्मक आदि अभिप्राय बोकेर समाजको बनेको छ । यसको सम्बर्द्धनका निम्ति सम्बन्धित सबै पक्षको ध्यान जानु आवश्यक देखिन्छ ।

# अध्याय- तीन

## ३. सर्लाहीमा प्रचलित नेपाली लोककथाहरूको विश्लेषण

### ३.१ जितमहान् लोककथा

एउटा आईमाई थियो । त्यसको दुईटा बालबच्चा, एउटा छोरी, एउटा छोरो हैन ? संसारै पानी पर्ने, अर्काको धान लिएको, नसुक्ने, नचामल तयरी हुने, हे भगवान पानी यत्तिको छ म बालबच्चालाई के खुवाउने, अर्काको चामल कसरी बुझाउँने हैन ? घाम उघाइदेन घाम उघाइदे भने तिमीसँग म पिरित लगाउँछु, प्रेम जोड्ने, भगवानको पालो संसारै पानी पर्ने हैन ? तर त्यो विधवाको आँगनमा झरक्क घाम लाग्यो । त्यो विधवाको धान सुखाइदियो । त्यसले कुट्यो, कुटपिट गरेर चामल बुझायो, धनीलाई चामल बुझायो । चामल उर्ब्यो । अब राति पऱ्यो भगवान आउँछ पिरित जोड्नु अर्काको घर गयो सुत्नु । भगवान त आयो त्यसै टो पऱ्यो, टो पऱ्यो गयो फर्केर कुँडारमा गयो पिसाब फिरद्यो रिसले अनि गयो फर्केर, अनि भोलिपल्ट आयो अर्काको घरबाट त्यो विधवा, कामधन्दा गऱ्यो । आँगन-उगन बढाऱ्यो, भात पकायो । भात पकायो, निस्तै अब के खानु तरकारी अनि त्यै कुँडारमा गयो,  साग हलहली, अनि त्यै साग ल्याएर पकायो खायो, कति मीठो साग रैछ त, भङ्वानको पिसावको साग मीठो नरहने त मीठै हुन्छ खाएर त अनि त्यही सागको गर्भ बस्यो ते विधवालाई गर्भ बस्यो । यति हुँदाहुँदै दिनु पुस्ता बित्यो, अनि बच्चा जलम् लियो । पाल्दा पोष्दा हुर्क्यो, अनि गयो अबल बल खेल्नु, पुलिडण्डा खेल्नु, अनि भुराहरू भनेको ए ! कसको छोरा छ रे ? कसको छोरा छ ? मलाई के था, कसको छोरा ए ! तो अनेरा छ, अनेरा छ, एकै तालमा, एकै लातमा अबि साँझ आयो आमालाई गाली गऱ्यो । आमा ! म कसको छोरा, मेरो बुबा खोई ? आमालाई हप्की दप्की गरेको, आमा बोलेर भनेको ए बाबु ! हप्की दप्की मलाई नगर, तेरो बाबु त भङ्वान् हो, भगवान ! जा, म सतुवा खाजा बाँध्दिन्छु, जा कल जोरेर जा, नमस्कार गर्दै जा, जान्छ, जाँदा जाँदा हक्सकहपसिन भयो हैन ? भगवानको नजर पऱ्यो । ए ! यो त मेरै नगिच आउँछ यो, यो मनुष्य मेरै

निर आउँछ,अनि सूर्य भगवान झ्न झ्न आयो त्यो बच्चाको निर । हे तो कहाँ आयो ? कहाँ आयो ? सूर्यले सोधे । हजुर भगवान ! म तपाईंकै तोरो बाबुन, जाउ, संसार पूजा गर्छ तिम्रो, जितमहान् नाम रहन्छ तेरो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा वैकुण्ठ जाला, भन्नेबेलामा आइजाला,

स्रोत व्यक्ति सजनी चौधरी ईश्वरपुर- ४, उमेर ६९ वर्ष

### ३.१.१ विवेचना

### ३.१.२ कथानक

प्रस्तुत कथा सर्लाही जिल्लामा प्रचलित धार्मिक लोककथा हो । यस कथामा एउटी विधवा महिलाले अर्काको घरबाट धान ल्याई कुटेर चामल ठेक्का बुझाउँने पेशा अपनाएकी छिन् । पानी परेको पऱ्यै भएकोले उनले भगवानसँग घाम लगाइदिन प्रार्थना गरेकी छिन् । भगवानले घाम लगाइदिएदेखि उनी भगवानसँग प्रीति लगाउँने बाचा गर्दछिन् । यसकथाको प्रारम्भ विधवाले भगवानसँग घाम लगाइदिन प्रार्थना गरेबाट भएको छ भने उनको घर आँगनमा मात्र घाम लाग्नु कथाको विकास भाग हो । यसैगरी विधवाको छोरो खाजाको पोको बोकेर आफ्ना बाबुको खोजीमा सूर्य भगवान् भएतिर दुई हात जोरेर जानु कथाको अन्त्य भाग हो । यसैगरी भगवानलाई आमन्त्रण गरेर १२ माग्ने माग पूरा भएपछि भाकल पूरा नगर्नु महापाप पनि हो भन्ने आशय यस कथाले प्रकट गरेको छ । पूर्ण कथानक भएको प्रस्तुत कथा एउटा सफल र सर्लाही जिल्लामा सफल र लोकप्रिय कथाका रूपमा रहेको छ ।

### ३.१.३ अभिप्राय

'जितमहान' लोककथामा प्राप्त कथानक रुढिहरू (अभिप्रायहरूलाई) निम्न प्रकारले देखाउन सकिन्छ ।

- सूर्य भगवानले विधवाको आँगनमा घाम लगाइदिनु,
- स्वर्गबाट सूर्य भगवान पृथ्वीमा आउनु,
- देवताले उपयुक्त न्यायदिनु,
- भाग्यका देवता देवीभावी,
- सूर्यदेवले मानिसलाई देवता बन्ने बरदान दिनु,
- बाबुको खोजीमा जाने छोरो,
- पिसाबबाट गर्भ रहनु,
- देवी देवता पृथ्वीमा अलप हुनु
- भाकल

यिनै अभिप्रायहरूको गुम्फनबाट यो कथा सुसङ्गठित बन्न पुगेको हो ।

### ३.१.४ पात्र

यस कथामा थोरै पात्रहरूको संयोजन गरिएको छ । जहाँ मुख्यतः दुई पात्रहरू रहेका छन् र अन्य सहायक तथा गौण पात्रहरू पनि रहेका छन् ।

यसरी नियाल्दा यस 'जितमहान' कथामा एउटी विधवा महिला मुख्य पात्रको रूपमा देखिन्छिन् भने उनकै छोरोचाहिँ सहायक पात्रको रूपमा गरिबीले जकडिएकी यस कथाकी विधवा अर्काको काम गरी जीविकोपार्जन गर्ने गर्छिन् । यस सिलसिलामा उनी भगवानको भर पर्ने प्रवृत्तिकी छिन् । खासगरी भगवानलाई नै आफ्नै साहरा ठान्ने विधवा अरुकै धान सुकाएर त्यसलाई कुटी तयार भएको चामल साहुँलाई बुझाई उनीहरूको दयामायाबाट प्राप्त भएको थोरै अन्नले आफ्नो गुजारा चलाउँदै आएकी छिन् । उनी पटक-पटक भगवान्को प्रार्थना गर्छिन् र भगवानलाई पुकार्दछिन् । आफूले

भगवानको चित्त बुझाउन नसकेकोमा उनी दुखित बनेकी छिन् । यसरी हेर्दा रुढिवादी परम्परावाट ग्रस्त बनेकी विधवा हाम्रो समाजका कैयन विधवा चेलीवेटीहरूको प्रतिनिधि पात्रको रूपमा समेत देखिन पुगेकी छन् ।

यसैगरी यस कथाको अर्को पात्र विधवाको छोराको यस कथामा उल्लेखनीय भूमिका नरहेतापनि कथामा उसको आवश्यकता देखिन्छ । खासगरी विधवा, उसले गर्नु परेको दुःख र उसको छोराको त्रिकोणात्मक सम्बन्ध बुझ्न सकिन्छ । सामान्यतया बालपात्रको रूपमा देखिएको विधवाको छोरो आफ्नो स्वपहिचानका लागि खोजी कार्यमा लागेको छ ।

यस अतिरिक्त कथामा विधवाका छिमेकीहरू र केही केटाकेटीहरूको पनि चर्चा परिचर्चा गरिएको पाइन्छ तर ती सबै विधवाको जीवनमा घटेका घटनासँग सम्बन्धित रहेका छन् । जसले कथालाई गति प्रदान गर्न मद्दत गरेको छ ।

## ३.१.५ परिवेश

गाउँ घरको ग्रामीण परिवेशलाई झल्काएको प्रस्तुत कथामा गाउँले महिलालाई भगवान्लाई घाम लाग्न अनुरोध गरेको सूर्यले घाम लगाईदिएपछि धान सुकाएर उठाइ चामल बनाइकन राति छिमेकीकहाँ बास बस्न गएको, विहान सबेरै घरआई दैलो, अँगेनो गरी घर आँगन बढारी भात पकाएर, बारीमा गई साग टिपेर ल्याएको, पकाएको । सागभात मीठोमानी खाएको उल्लेखित सबै प्रसङ्ग ग्रामीण परिवेश झल्काउने खालका छन् । ग्रामीण परिवेशलाई पनि प्राकृतिक र धार्मिक गरी दुई प्रकारले देखाउन सकिन्छ

प्राकृतिकः- सूर्य उदाउनु, पानी पर्नु, साग उम्रनु, बच्चा जन्मनु, गर्भवती हुनु, जस्ता प्राकृतिक संगति-विसङ्गतिको भरमार प्रयोग गरि कथामा प्राकृतिक विषयवस्तुहरूलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

धार्मिकः- भगवान सूर्यले दर्शन दिन खोज्नु, उक्त दर्शन ग्रहण गर्न लाज र शङ्काका कारण विधवा गुप्तवासतर्फ लाग्नु, भगवान सूर्यले विधवालाई भेटेर आफ्नो कामेच्छा पूरा गर्न खोज्दा विधवा फेला नपरी कामावेगको आतुरता स्वरूप भगवान सूर्यले रछ्यानमा मूत्रत्याग गरी अलप हुनुमा पनि धार्मिक मनोविश्लेषण देखापरेको छ ।

### ३.१.६ उद्देश्य

प्रस्तुत कथामा आपत् विपत् दुःख सवैलाई पर्छ, आपत् पर्दा भगवान् गुहार्नु स्वाभाविक हो, भगवानले भक्तको दुःख हरण गरेपछि भक्तले पनि भगवानका् भाकल पूरा गर्नुपर्छ, आफ्नो स्वार्थ सिद्ध भएपछि वास्ता नगर्ने बानी राम्रो होइन । यदि यसो गरियो भने भगवानको सजायको भागी पनि हुनुपर्छ, विधवा महिलाले भैँ अधिकार लिने कर्तव्य पूरा गर्न डराउने लजाउने वानी गर्नु हुँदैन भन्ने प्रस्तुत कथाको मूल उद्देश्य हो ।

### ३.१.७ कथोपकथन

यो कथा सामान्यतया वर्णनात्मक किसिमले लेखिएको छ जहाँ केही भाग आउँछ तब तब पात्रहरूका बीचमा संवाद भएको भेटिन्छ जसले गर्दा कथा अभ्र रोचक बन्न पुगेको छ । उदाहरणको लागि यसकथाको संवादका केही अंशहरू हेर्न सकिन्छ ।

विधवाः आईमाईको छोराका साथीहरूले भने “ए तँ कसको छोरा छ रे ? कसको छोरा छ रे ? कसको छोरो छ ?”

केटोः “मलाई के था कसको छोरा ।”

साथीहरूः “ ए ! तो अनेरा छ ? अनेरा छ ? एकैलातमा, एकै लातमा ।”

छोरोः आमालाई गालीगर्दै- ए आमा ! म कसको छोरा ? मेरो बाबु खोई ?”

आमाः “ए बाबु ! मलाई गाली नगर, तेरो बाबुत भगवान हो ।”

सूर्यदेवः “हे तो कहाँ आयो ? कहाँ आयो ?”

केटोः “हजुर ! भगवान म तपाईकै निर आयो, मेरो बुबा छैन हजुर मेरो आमा पठाएको ।”

सूर्यदेवः “जो जो बौवा न हम् तोरो बाबुन, जाऊ संसार पूजा गर्छ, जितमहान नाम रहन्छ तेरो ।”

यी कथनहरूले लोकजीवनमा प्रस्तुत गरिने भाषिक संवादलाई स्पष्ट पारेका छन् ।

### ३.१.८ शैली

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको पाइन्छ ।

### ३.१.९ भाषा

प्रस्तुत कथामा विशुद्ध ग्रामीण, नेपाली लोकभाषाको प्रयोग भएको छ । सर्लाही जिल्लाको स्थानीय कथ्य भाषाको प्रयोग गरिएको यसकथाको शैली भने वर्णनात्क नै छ । विशेषगरी तराईमा प्रचलित भाषिकाको प्रयोग पाइने यसकथामा प्रयोग भएका केही महत्वपूर्ण नवीन शब्दहरू निम्न प्रकार छन् ।

| कथामा प्रयुक्त कथ्य रूप | मानक लेख्य रूप |
|---|---|
| मौखान् | भगवान् |
| आयो | आए, आउनुभयो |
| थियो | थिई |
| गयो | गए |
| पिरित | प्रीति/पिरती |
| टो | ट्वाल्ल/छक्क |
| कर जोडयो | हात जोड्यो, नमस्कार गऱ्यो आदि |

### ३.१.१० निष्कर्ष

प्रस्तुत लोककथा एउटा गरीब परिवारको निरीह अवस्था बोकेको धार्मिक लोककथा हो । यसकथाले सामान्यतया हाम्रो समाजमा बस्ने सबै मानिसहरूको ईश्वरप्रतिको धारणा एकै प्रकारको छ । मानिसहरू धन सम्पत्ति, सुख सयल भइन्जेल कसैलाई पनि सम्भिmदैनन् जब मानिसलाई विभिन्न प्रकारका विपत्तिहरू आइपर्छन् तब उसको सहारा दैव शिवाय कोही पनि हुँदैन । यस कथामा रहेकी विधवा महिलाको समस्या भनेको सम्पूर्ण नेपाली अनाथ महिलाको समस्या हो । आपत परेका बेला सहारा विहीन भएका सबै भाउजू, दिदीबहिनीहरूको सामूहिक समस्या हो, त्यस्तालाई भगवानबाहेक अरु कसैले सहारा दिदैनन् भन्ने देखिन आउँछ । यसले तराईको जनजीवनमा एउटा धार्मिक कथाको स्थान प्राप्त गरेको छ ।

## ३.२ पोखरीको कथा

गाई गुरु हुर्रा मारे भरदा पखेप खाई

बाबनी बेटी पोखरी पुजे गुहार्नी बेटी हेर हेर् जाए

उहिल्यै बाहुनकी छोरी र गुहारकी छोरी दुई साथी साथी थिए । गुहारकी छोरीलाई पोखरीको ब्रत गर्न मन लागेछ । उसले साथीसित भनिछे- “ए साथी ! म पनि तिमी जस्तै पोखरीको ब्रत गर्छ ।” बाहुनकी छोरी भन्छे- “हेर साथी तिमी गुहारकी छोरी हौ तिमी हाम्रो जस्तो दिनहुँ नुहाउने, पूजापाठ गर्ने, ब्रत बस्ने चोखो, शुद्ध गर्ने वानी परेकी छैनौ तिमी त सात गाउँमा दूध दही बेचेर, सातगाउँको जुठो खाएर, पानी पिएर हिड्नपर्छ तिमी ब्रत गर्न सक्दिनौ ।”

विहान सबेरै उठेर नुहाई दुई दिन पोखरीको पूजा गर्नुपर्छ, तेस्रो दिन भगवानलाई अर्घ्य दिएर ब्रत समाप्त गर्नुपर्छ । यसो भनेपछि गुहारकी छोरीले दुःख कष्ट गरेर पनि पोखरीको ब्रत गर्ने कुरा स्वीकार गरी तर विधिपूर्वक ब्रत पूरा गर्न सकिन । दुई दिन त नुहाई धुवाइ गरेर पूजा गरी तेस्रो दिन विर्सेर ब्रत पूरा नगरीकनै

दूध दही बेच्न हिँडी । सातभाइको जुठो खाई, सात गाउँको पानी पिई । उसको ब्रत भङ्ग भयो । अनि बाहुनकी छोरीले उसलाई भनी- “तँ जंगलमा गएर बेगर जुइनाको एक भारी दाउरा बोकेर लिएर आइज, त्यही दाउरा बालेर वगिया उसिन् अनि तेरो ब्रत पूर्ण हुन्छ ।” गुहारकी छोरी बनमा गई । दुःख सुख गरेर दाउरा खोजी तर जुइनाले नबाँधीकन दाउराको भारी बोकेर घरमा ल्याउन सकिन । जंगलमै दाउरा रह्यो । केही सीप लागेन । अनि ऊ बेस्सरी रुन थाली । रुँदा रुँदा वन पूरै थर्कियो । जंगलको बाटो हिँड्दै गरेको एकजना वटुवाले त्यो रुवाई सुनर बाटोमा अगाडि बढ्न सकेनन् । को रहेछ गएर सोध्नुपऱ्यो भनी नजिकै गएर सोध्न थाले । “तिमी को हौ ? भूत, डङ्किनी, राक्षस पिशाच को हौ ? किन यो बीच जंगलमा डाँको छोडेर यसरी रोइरहेछ्यौ ? गुहारकी छोरी रुँदै भन्न थाली- “म भूत, प्रेत, बोक्सी, पिशाच कोही पनि होइन, म गुहारकी छोरी हुँ, पोखरी ब्रत गरेकी थिएँ, ब्रत भङ्ग भयो । जुइना बेगरको दाउरा लगेर घरमा वगिया उसिन्नु छ, मैले जुइना बेगर दाउरा भारी बाँधेर बोक्नै सकिन त्यसैले ।” वटुवालाइ यो सुनेर दया लाग्यो, उनले हँसियाले कसेर हानिदिए, जुइना बेगर नै दाउराको भारी बाँधियो बोकेर घर आई ।

घरमा आएपछि बाहुनकी छोरीले फेरि भनी- “अब नदीमा गएर चाल्नुमा पानी ल्याएर वगिया उसिन् ।” अनि तेरो ब्रत पूरा हुन्छ, गुहारकी छोरी पानी ल्याउन चाल्नु बोकेर नदीमा गई, चाल्नुमा पानी उघाई, बोकेर अलि वर आइ सबै चुहिएर लुगा निथ्रुक्क भिज्यो पानी पनि अडिएन, फेरि त्यसै गरी, त्यस्तै भयो । पटक- पटक फेरि बोक्छे, फेरि चुहिन्छ, अनि सोची- “यस्तो खाल भएको चाल्नुमा कसरी पानी लैजाउँ, हे भगवान भनेर रुन थाली, वटुवाले गुहारकी छोरी रोएको सुनेर फेरि नजिकै गएर सोधे- “तिमी को हौ ? भूत, प्रेत, बोक्सी, डङ्किनी, पिशाच के हौ ? किन यहाँ यसरी रोइरहेछ्यौ ?” गुहारकी छोरी भन्छे- “म भूत, प्रेत, बोक्सी, पिशाच कोही पनि होइन, म गुहारकी छोरी हुँ, मैले पोखरीको ब्रत भङ्ग गरे, त्यसको पूर्णताका लागि चाल्नुमा पानी लगेर बयिया उसिन्नु छ, पानी लैजानै सक्दिन, फेरि ब्रत भङ्ग भयो भने, म के गर्नू भनेर रोएकी ।” वटुवाले फेरि हँसियाले कस्सेर चाल्नुमा हानिदिए । चाल्नुमा पानी अडियो, ल्याएर वगिया उसिनेर गुहारकी छोरीले पोखरीको ब्रत पूरा गरी ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा वैकुण्ठ जाला, भन्नेबेलामा आइजाला,

स्रोत व्यक्तिः- दौलतियादेवी चौधरी, ४५ वर्ष, बबरगञ्ज- २ ईश्वरपुर, सर्लाही

### ३.२.१ विवेचना

### ३.२.२ कथानक

लोकपुराणको सामाजिक जादू टुनामुना सम्बन्धी विषयवस्तुबाट लिइएको प्रस्तुत कथामा ब्रत अनुष्ठान गर्दा हुने कठिनाईलाई देखाइएको छ । यसमा साथी-साथीका रूपमा रहेका बाहुनकी छोरी र गुहारकी छोरीका बीच रहेको धार्मिक, सांस्कृतिक भिन्नतालाई देखाइएको छ । सधैं पूजा पाठ, ब्रत तीर्थ गर्ने बाहुनकी छोरीले पोखरीको ब्रत राम्ररी पूरा गरेकी छे भने कहिल्यै ब्रत नगर्ने, सधै दही दूध बेचेर सात गाउँ घुम्दै हिँड्ने गुहारकी छोरीको ब्रत भङ्ग भई विभिन्न थरीका दुःख कष्ट सहेर, रोइ कराई गर्दा बल्ल एउटा हँसियावाला वटुवाको सहायताले उसले ब्रत पूरा गरेकी छ । यस कथाको शुरुवात गुहारकी छोरी र बाहुनकी छोरीले ब्रत बस्न शुरु गरेदेखि भएको छ भने बाहुनकी छोरीले ब्रत विधि पूरा गर्नु, गुहारकी छोरीको ब्रत भङ्ग हुनु विकास भाग हो, विभिन्न कष्ट सहेर पनि गुहारकी छोरीले पोखरीको ब्रत पूरा गर्नु यस कथाको अन्त्य भाग हो । पारिवारिक संस्कार र वातावरण अनुसार नै छोराछोरीले काम, कार्य, ब्रत गर्न सक्छन् भन्ने कुरा देखाइएको यस कथामा घटना श्रृङ्खलाहरूको उपयुक्त संयोजन भएर लोककथा आकर्षक र पुष्ट हुन पुगेको छ ।

### ३.२.३ अभिप्राय

यस कथामा प्रयोग भएका कथानकरुढिहरू निम्न छन् :

- सहयोगीका रूपमा बटुवा,
- ब्रत बस्नाले इच्छाएको कुरा पूरा हुन्छ भन्ने विश्वास ।

### ३.२.४ पात्र

यस कथामा प्रमुख पात्र गुहारकी छोरी, जसले अरुको देखा सिकीमा ब्रत गर्ने सोचाइ गरी ब्रतका निम्ति आवश्यक सामग्री जुटाउने प्रबन्ध गरेकी छ । यसैगरी बाहुनकी छोरी सहायक पात्रको भूमिकामा देखापरेकी छ । त्यस्तै गौण पात्रमा बटुवा वा जादूगरको रूपमा देखापरेको व्यक्ति प्रस्तुत भएको पाइन्छ ।

### ३.२.५ परिवेश

यस कथामा पूर्वी तराईको एउटा गाउँको परिवेश देखाइएको छ । यस कथामा खोलानाला, पोखरी, जंगल, नदी, डाँडाकाँडा ग्रामीण शहरिया परिवेशको चित्रण राम्ररी भएको पाइन्छ ।

### ३.२.६ उद्देश्य

यस कथामा राम्रो काम गर्नका लागि जुनसुकै धर्म र आस्था भएका मानिसहरूले पनि धर्मकर्म गर्न सक्छन् भन्ने उद्देश्य राखिएको छ । मानिसले विभिन्न कष्ट सहेर पनि ब्रत पूरा गऱ्यो भने उसले जीवनमा सफलता प्राप्त गर्न सक्छ भन्ने धार्मिक उपदेश दिन यसकथाको मूल उद्देश्य हो ।

### ३.२.७ कथोपकथन

यस कथामा बाहुनकी छोरी र गुहारकी छोरीका बीच भएको कथोपकथन निम्नअनुसार देखाउन सकिन्छ ।

गुहारकी छोरी :- “ए साथी ! म पनि तिमी जस्तै पोखरीको ब्रत गर्छु ।”

बाहुनकी छोरी :- हेर साथी ! तिमी गुहारकी छोरी हौ, तिमी हाम्रो जस्तो दिनहूँ नुहाउँने, पूजापाठ गर्ने, ब्रत बस्ने चोखो शुद्ध गर्ने बानी परेकी छैनौं तिमी त सात गाउँमा दूध दही बेचेर सात गाउँको जुठो,पानी खाएर हिँडनुपर्छ तिमी ब्रत गर्ने सक्दिनौ ।

बुटुवाः- तिमी को हौ ? भूत, डङ्किनी, पिशाच को हौ ?

गुहारकी छोरीः- म भूत, प्रेत, डङ्किनी, राक्षस कोही होइन, म गुहारकी छोरी हूँ, म पोखरीको ब्रत गर्न चाहन्छु, ब्रत भङ्ग भएकोले पूरा गर्न आएका सङ्कटलाई टार्न नसकेर दुःख परेर रोएकी हुँ ।

### ३.२.८ शैली

प्रस्तुत कथामा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ३.२.९ भाषा

यस कथामा पूर्वी तराईमा बोलिने ग्रामीण सरल र सहज भाषाको प्रयोग भएको पाइन्छ ।

### ३.२.१० निष्कर्ष

निष्कर्षमा भन्नु पर्दा सत्य र धर्म कसैका पेवा नभई जो कोहीले धर्मको पालना र सत्यको बाटो पक्रन सक्छन् भन्ने देखाउनु र आख्यानका संरचक तत्त्वहरूलाई ठीक ढङ्गबाट संयोजक गर्नु यस कथाको सफल पक्ष हो भन्न सकिन्छ ।

## ३.३ काग र मैना

एकादेशमा एउटा वन थियो । त्यस वनमा एउटा काग र एउटा मैना पनि बस्थे । मैना सधै मीठो बोल्ने हुनाले उसलाई आफ्नो बोलीप्रति घमण्ड थियो । कागलाई भने यो  कुराको पर्वाह थिएन । ऊ सरल स्वभावको थिई ।

एकदिन वटुवाहरू त्यही बाटो भएर जाँदै थिए । जंगलको बीचमा रात पऱ्यो । बास बस्नको लागि उनीहरूले एउटा ठूलो रुखको फेदलाई छाने। उनीहरू त्यहीँ बस्न सुरसार गर्दै थिए । माथि रुखमा बसेकी मैनाले उनीहरूलाई यो आफ्नो घर भएको वताउँदै त्यहाँ बस्न मनाही गरी । वटुवाहरू अघि बढे कागको गुँड भएको रुखमा

पुगे । त्यहाँ गएर उनीहरूले कागसँग बास मागे । कागले खुशीसाथ उनीहरूलाई रुखको फेदमा बस्न अनुरोध गरी र आवश्यक सहयोग आफूले पनि गर्ने बताई ।

रात छिप्पिदै गयो । एउटा विषालु सर्प आहारको खोजीमा मैनाको गुँडमा गयो । मैनाका वचेराहरू खायो । मैनाले हार गुहार गरी । बचाउँने कोही भएन् ।

त्यही सर्प फेरि कागको गुँड भएको रुखमा गयो । वटुवाहरू मध्ये एउटा बूढो वटुवा कथा भन्ने र अरु सुन्ने गरेर बसेका थिए । सर्प रुखमा चढ्न लागेको वटुवाहरूले देखे । वटुवाहरूले सर्प मारे । आफ्नो र वटुवाहरूको ज्यान जोगाएकोमा कागले वटुवालाई धन्यवाद दिई । वटुवाहरू गरीब थिए । फाटेका लुगा लगाएका थिए । कुनै विपत्तिमा परेर हिँडेका थिए । यो सब कुरा चंख कागलाई थाहा नहुने कुरै भएन । कसरी वटुवाहरूको गुणको वदला चुकाउने भनेर ऊ सोच्न थाली ।

त्यहीँ नजिकैको तलाउमा त्यसै देशकी राजकुमारी आफ्ना सँगिनीहरूसित नुहाउन आएकी रहिछिन् । उनी आफ्ना लुगा र गरगहना खोलेर पाखामा राखी नुहाउँन लागिन् । यो सबै नजिकैबाट हेरिरहेको कागले मौका पारेर सुनको सिक्री चै आफ्नो चुच्चोले च्यापेर उडी । उसले सुनको सिक्री लगेर आफ्नो गुँडबाट तल वटुवाहरू बसेको ठाउँमा खसालिदिई । वटुवाहरू सुनको सिक्री पाएर मख्ख पर्दै आफ्नो समस्या टऱ्यो भन्दै घरतिर लागे ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला,

यो कथा वैकुण्ठ जाला, भन्ने बेलामा आइजाला ।

स्रोत व्यक्तिः सागर मैनाली ईश्वरपुर-४, उमेर २४ वर्ष

### ३.३.१ विवेचना

### ३.३.२ कथानक

प्रस्तुत कथा सर्लाहीमा प्रचलित पशुपक्षी अन्तर्गत पर्ने मनोरञ्जक नीतिकथा हो । यस कथामा अलग-अलग स्वभाव गरेका दुई पक्षीमध्ये सरल, असल र गुणी पक्षीले सबैको सहयोग पाएकी र वैगुणी घमण्डीलाई कसैले सहयोग नगरेको तथा उसलाई अन्त्यमा विपत्तिले घेरेको प्रसङ्गलाई श्रृङ्खलित रूपमा प्रस्तुत गरिएको छ । यस कथाको आरम्भ वटुवाहरू जंगलमा बास बस्नु हो भने कागले वटुवाहरूलाई आफ्नो गुँड भएको रुखमुनि बास दिनु, मैनाले वटुवाहरूलाई बास नदिनु, वटुवाहरूले कागलाई आपत् पर्दा सहयोग गर्नु, मैनालाई नगर्नु मध्य भाग हो । कागले आफूलाई सहयोग गर्ने पाहुँनालाई सहयोग गरी मख्ख पारेर पठाउनु यस कथाको अन्त्य भाग हो । श्रृङ्खलाबद्ध रूपमा अघि बढेको प्रस्तुत कथा सफल र पूर्ण कथानक भएको रमाइलो कथा हो ।

### ३.३.३ अभिप्राय

यस कथामा प्रयोग भएका अभिप्रायहरू निम्न लिखित छन् :

- सहयोगी काग,
- पक्षीद्वारा मानवको स्वागत सत्कार गरिनु,
- गरिब बटुवाहरू धनी हुनु,

### ३.३.४ पात्र

प्रस्तुत कथाको प्रमुख पात्र काग हो भने सहायक पात्र मैना हो । अन्य गौंण पात्रहरू बटुवाहरू, राजकुमारी र सुसारेहरू हुन् । यस कथामा सत् पात्रको पक्ष कागले लिएको छ भने, असत् पात्रको पक्ष मैनाले लिएकी र अन्य कथाको तुलनामा पात्र

परिचय गराउँदा यस कथामा व्यतिरेकी शैली देखापर्छ । मानवीय, मानवेत्तर पात्रको संयोजनबाट कथा रोचक बन्न पुगेको छ ।

### ३.३.५ परिवेश

प्रस्तुत कथामा तराईको ग्रामीण परिवेश झल्काउने गरी श्रृङ्खलाबद्ध तरवरले विषयवस्तुको क्रम मिलाईएको छ । यस कथामा काग र मैनाको माध्यमबाट उक्त ग्रामीण परिवेशमा रहेका सत्पक्ष र असत्पक्षलाई अप्रत्यक्ष रूपमा देखाउन खोजिएको छ । कसैले रातिवास माग्ने बटुवालाई बास नदिनु,कसैले सम्मानपूर्वक बास बस्न दिई आफूले  पनि सहयोग लिनु र उनीहरूलाई सक्दो सहयोग गरी विदावारी गर्नु आदि ग्रामीण परिवेशकै उदाहरणहरू हुन् । त्यसै गरी एक रातभरिको समयमा यो कथा संरचित छ ।

### ३.३.६ उद्देश्य

प्रस्तुत कथाको उद्देश्य नीतिपरक शिक्षा दिनु हो । यस कथामा रूप भन्दा गुण उत्तम हो । रूप र गुण दुवै उत्तम भए अझ राम्रो हुन्छ । मैना जस्तो रूप उत्तम भइकन पनि सद्गुण नदेखाएका कारण काग जस्तो रूप खत्तम भए पनि सद्गुणी, परोपकारी र सहयोगी बन्नुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ ।

### ३.३.७ कथोपकथन

यस कथामा बटुवाहरू मानवको पक्षबाट कुराकानी गर्छन् भने मैना र काग मानवेत्तर प्राणीको तर्फवाट आफ्नो भाव व्यक्त गर्दै कुरा गर्छन् । उनीहरूको कुराकानी काल्पनिकतामा आधारित कथात्मक कथनको रूपमा रहेको छ ।

### ३.३.८ शैली

प्रस्तुत कथा वर्णनात्मक शैलीमा संरचित छ ।

### ३.३.९ भाषा

यस कथाको भाषामा पूर्वी तराईको ग्रामीण परिवेशको झलक पाइन्छ । ग्राम्य भाषा भएकोले सरल, सरस,झर्रो नेपाली भाषाको प्रयोग यस कथामा भएको पाइन्छ । यसमा ग्रामीण जनजीवनको बोलचालको भाषा पाइन्छ ।

### ३.३.१० निष्कर्ष

निष्कर्षमा कुनै पनि दुःख गर्ने सहयोगीलाई त्यत्तिकै पठाउनु हुँदैन भन्ने मान्यताका साथ कागले नुहाउँदै गरेकी राजकुमारीको सुनको सिक्री ल्याइदिएर असल काम गर्नेलाई पुरस्कार प्रदान गरेको देखाउनु कथाको रोचक विषयवस्तु भएको ठहर्छ ।

## ३.४ गोनुझाको कथा

एकादेशमा गोनुझा नाम गरेका एकजना धूर्त मानिस थिए । उनी असाध्यै धूर्त थिए । उनले आफ्नो देशमा राजालाई पनि पटक पटक धूर्त्याईबाट छक्याउँदै आएका रहेछन् । उहिल्यै मिथिलाको राजधानीमा त्यहाँका राजाले आफ्नो देशमा सबैभन्दा धूर्त मानिस को रहेछ भनेर पत्ता लगाउने विचार गरेछन् । देशभरिका विद्वान, कलाकार, धूर्त चतुरमा सबैलाई एकाठाउँमा भेला गराएर ती सबैलाई एक एकवटा लै नो भैंसी र एउटा मरन्च्याँसे बिरालो पाल्न दिने, ती मध्ये जसको बिरालो सबैभन्दा बलियो हुन्छ । उसलाई आधा राज्य पुरस्कारसमेत दिने घोषणा गरेछन् । जसमध्ये बीसजना प्रतिस्पर्धीहरू छानिएछन् । ती बीसै जनाले र यसमा गोनुझा सहितले सो प्रतियोगितामा विजय हासिल गर्न भरमग्दुर प्रयास गर्न थाले । प्रतिस्पर्धीहरूले भैंसीलाई मीठो-मीठो घाँस काटेर हाल्ने, गोबर सोहर्ने, नुहाईदिने, कुँडो पकाएर खुवाउने आदि गर्न थाले । भैंसीहरूले पनि वाल्टीमा भरि दूध दिनथाले । आ-आफूले ल्याएका बिरालो बिरालोहरूलाई पेटभरि दूध खुवाउन पनि थाले ।

गोनुझाको मनमा भने एउटा जुक्ति पलायो । म चाहिँ मरीमरी घाँस काट्ने, भैंसी चराउने, भैंसीको स्याहार गर्ने गोबर सोहोर्ने तर दूध जति यो बिरालोलाई मात्र

किन खुवाउने ? सबै दूध यसैले खाइदिन्छ अनि आफू चाहिँ के खाने ? बरु दूध जति आफैं खानुपर्छ । बिरालोलाई कहाँ पाउनु ? भनेर भैंसीको दूध कराहीमा बसाले । दूध भकभकी उम्लियो आफ्नो भागमा परेको बिरालो समातेर ल्याए । बिरालोको घाँटीमा च्याप्प समातेर जबर्जस्ती कराहीमा चोपलिदिए । बिरालो चेतबाबा भएर भाग्यो । त्यस दिनदेखि दूधतिर तर हेर्दै नहेर्ने भयो । यता राजाको प्रतियोगिताको प्रदर्शन गर्ने दिन नजिकै आयो । सबैजना विद्वान, कलाकार, धूर्त, चतुरा आ-आफ्ना पूर्व शर्त अनुसार राजाको सभास्थलमा भेला भए । आ-आफ्ना रोलक्रमअनुसार बिरालोहरू देखाउँदै गयो । गोनुझा पनि आफ्नो लैनो भैंसी र दुब्लो बिरालो डोऱ्याएर निन्याउरो मुख लगाएर आइपुगे । उनको बिरालो एकदम दुब्लो र च्याँङग्रे देखिन्थ्यो । राजाले भने "गोनुबाबु सबैको बिरालोहरू यति मोटाघाटा र बलिया देखिन्छन् तर तपाईंको चाहिँ किन यति दुब्लो भएको ?" गोनुझाले रुन्चे आवाजमा भन्नुभयो "महाराज ! म माथि धेरै अन्याय गरिएछ, म माथि यी दरबारियाहरूले ठूलो षडयन्त्र गरेछन् ।" राजाले किन ? कसरी भन्दा फेरि गोनुझा भन्दछन् "महाराज ! मलाई चाहिँ दूध नखाने बिरालो दिइएछ, त्यसैले यो बिरालो यति दुब्लो भएको हो । यो सबै मलाई पराजय गराउँने षडयन्त्र हो, मैले पुरस्कार जित्छु भनेर कसैले मलाई यत्रो इर्ष्या गऱ्यो ।"

बिरालोले दूध खाएन भन्ने कुरा सुन्दा राजा छक्क परे । सबै बिरालोहरूलाई दूधमा छाडियो । अरु उन्नाइसवटा बिरालोहरू तछाडमछाड गर्दै दूध खान आए । अब गोनुझाको बिरालोको पालो आयो । उनले बिरालो फुकाई दिए । दुब्लो, मरन्च्याँसे बिरालो दूध देख्ने वित्तिकै एकदम फूर्तिलो भयो तर कराही नजिकै पुग्नेवित्तिकै बिरालो तीन हात पर उफ्रेर चारकोश टाढा भाग्यो । दूध देखेर बिरालो भाग्नु आश्चर्यको कुरा भयो यो देखेर गोनुझा मुसुमुसु हाँसिरहेका थिए रे । उता राजा पनि आश्चर्यचकित भएछन् । राजाले भनेनजिकै पुग्नेवित्तिकै बिरालो तीन हात पर उफ्रेर चारकोश टाढा भाग्यो । दूध देखेर बिरालो भाग्नु आश्चर्यको कुरा भयो यो देखेर गोनुझा मुसुमुसु हाँसिरहेका थिए रे । उता राजा पनि आश्चर्यचकित भएछन् । राजाले भनेछन् "गोनुबाबु तिमी त साँच्चिकै चलाख रहेछौं । वास्तवमा यो राज्य आधा तिमीले

पुरस्कार पाउनेछौ, आधा राज्यको भागी तिमी भयौ । यसरी गोनुझा त्यस राज्यका ठूला धूर्त ठहरिए ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा वैकुण्ठ जाला, भन्नेबेलामा आइजाला,

स्रोत व्यक्तिः दुर्गानन्द झा ईश्वरपुर- २, उमेर ४१ वर्ष

### ३.४.१ विवेचना

### ३.४.२ कथानक

प्रस्तुत कथा सर्लाही जिल्लामा प्रचलित ठगी तथा चलाखीमा आधारित सामाजिक कथा हो । यस कथाका माध्यमद्वारा तराईको समुदायमा भएका र हुने गरेका कुरालाई दुरुस्त उतारिएको पाइन्छ । यसकथामा राजाले चलाख प्रजा पत्ता लगाउन गरेको उपायका बारेमा चर्चा गरिएको छ । जसका लागि पहिलेदेखि नै विभिन्न तवरले आफ्ना जनताहरूको परीक्षा लिने गरेको कुरालाई यहाँ दर्शाईएको पनि छ । यसो गरेमा आफ्ना क्षेत्रका वा आफ्ना राज्यका जनतासँग प्रत्यक्ष सम्पर्क भइरहने हुँदा त्यस्ता राज्यको छिट्टै विकास हुने वा प्रत्यक्ष रूपमा दृष्टि पुऱ्याउन सकिने कुरालाई पनि यहाँ त्यसैगरी देखाइएको छ । यस कथामा राजाले देशभरका प्रमुख व्यक्तिहरूलाई लैनो भैंसी र बिरालो पाल्न दिएदेखि, प्रतियोगिता सम्पन्न पूरा भइन्जेलसम्मको घटनालाई श्रृङखलाबद्ध रूपमा प्रस्तुत गरिएको छ । यसको प्रारम्भ २० जना प्रतियोगीतालाई भैंसी र बिरालो वितरण गरेवाट भएको छ भने प्रतिस्पर्धिहरूले भैंसी र बिरालोलाई स्यहार सुसार गर्दै, हेरचाह गर्दै धेरै दूध खुवाएर बिरालो बलियो गराउनु यस कथाको विकास भाग हो । त्यसैगरी प्रतियोगिताको अन्तिम दिन गोनुझाको मरन्च्याँसे बिरालोले आफ्नो पातलो ख्याउँटे शरीर देखाई दूध देखेर चारकोश पर भाग्नु यस कथाको अन्त्य भाग हो । यसरी नै जो बाठो छ, जसले बुद्धिको तालमेल मिलाएर काम गर्न सक्छ, उसैले जित हात पार्न सक्छ भन्ने देखाई

श्रोता वा पाठकलाई पेटमिचिमिची हँसाउनु यस कथाको मुख्य आशय देखिन्छ । उपयुक्त घटना श्रृङखलाहरू मिलेर उक्त कथा पूर्ण बनेको छ । अतः यो कथा एउटा पूर्ण कथानक भएको सफल र रमाइलो कथाका रूपमा रहेको छ ।

### ३.४.३ अभिप्राय

गोनुझाको लोककथामा प्रयोग भएका कथानक रुढि (अभिप्राय)हरू यसप्रकार छन् :

- चतुर तथा धूर्त गोनुझा
- धूर्त गोनुझाले दूध खाने र आधाराज्य प्राप्त गर्ने बहानामा तातो दूधमा बिरालाको मुख गाडेर भोकले गर्दा बिरालो दुब्लाउँनु,
- गोनुझाले बिरालोलाई दूध खानै नदिई दूधै खाएन भन्नु,
- बाठा मानिसहरूका बीचमा बुद्धिको प्रतियोगिता
- बिरालो पाल्ने प्रतियोगीता
- जनताको बुद्धि जाँच गर्ने राजा
- बिरालोलाई दूध देख्ता डराउने बनाउने बठ्याहँ

### ३.४.४ पात्र

यो कथा परम्परागत मानवीय पात्रको कथाभन्दा पृथक छ, यस कथामा मानव र मानवेत्तर पात्रको उपस्थिति पाइन्छ । यसकथाका प्रमुख पात्र गोनुझा हुन् भने राजा, भैंसी, बिरालो, मन्त्री, सहायक पात्र हुन् । अन्य गौण पात्रहरूमा त्यसै देशका विद्वान, कलाकार, बुद्धिजीवी आदि प्रतिस्पर्धी रहेका छन् । यस कथाका प्रमुख पात्र गोनुझा धूर्त्याई र चतुऱ्याईबाट इज्जत प्रतिष्ठा प्राप्त गर्ने अनुकूल पात्रका रूपमा रहेको देखिन्छ ।

### ३.४.५ परिवेश

गोनुझाको लोककथा जनकपुर अञ्चल आसपासका जिल्लाहरूको परिवेशमा संरचित छ । विशेषगरी जनकपुर क्षे अन्तर्गतको मैथिली समाजमा प्रचलित कथा भएको हुनाले यस कथामा बठ्याइँ र बौद्धिकताको परिचयलाई राम्ररी प्रस्तुत गरी बुद्धिका भरमा लाभ उठाउन सकिन्छ भन्ने राम्रो उदाहरण पेश गरिएको छ । यस कथाको कथावस्तुका आधारमा यसको परिवेश चित्रण गर्दा यो कथा मैथिल समाजको देश, काल, परिस्थिति र वातावरणसँग राम्ररी घुलमिल गर्ने गरी प्रस्तुत भउको देखिन्छ ।

### ३.४.६ उद्देश्य

प्रस्तुत कथाको उद्देश्य मानिसलाई मनोरञ्जन प्रदान गर्दै चलाखी र चतुऱ्याईका कुरा सिकाउनु रहेको छ, यसका साथै गोनुझाको चलाखीपूर्ण व्यवहार देखाएर धूर्त वा बाठो मानिसले मात्र सजिलैसँग विजय हासिल गर्न सक्छ भन्ने कुरा सिकाउनु पनि रहेको छ ।

### ३.४.७ कथोपकथन

यो कथा सामान्यतया व्याख्यात्मक किसिमले लेखिएको छ, जहाँ केही सीमित पात्रहरूबीच संवाद गराइएको पनि पाइन्छ । जब-जब कथामा महत्वपूर्ण भाग आउँछ, तब-तब पात्रहरूकाबीच संवाद गराइएको भेटिन्छ । जसले गर्दा कथा अझ रोचक बन्न पुगेको छ । उदाहरणको लागि यस कथाको संवादका केही अंश यहाँ प्रस्तुत गरिएको छ ।

राजा- "गोनु बाबु ! सबैका बिरालोहरू यति मोटाघाटा र बलिया देखिन्छन् तर तपाइँको चाहिँ किन यति धेरै दुब्लो भएको ?"

गोनुझा- "महाराजा ! म माथि धेरै ठूलो अन्याय भयो, म माथि यी दरबारियाहरूले ठूलो षडयन्त्र गरेछन् ।"

राजा - "किन ? कसरी ? के षडयन्त्र गरियो तिमीलाई ?"

यो बिरालो यति धेरै दुब्लो भएको हो । यो सबै मलाई हराउने षडयन्त्र हो । मैले पुरस्कार जित्छु भनेर म माथि यसो गरिएको हो ।" यस संवादवाट वक्ताको आशय प्रकट भएको छ र स्थानीय मानिसमा संवाद भएको स्पष्ट हुन्छ ।

### ३.४.८ भाषा

प्रस्तुत कथामा मिथिला क्षेत्रमा बोलिने मैथिली भाषाको प्रभाव पाईन्छ । गोनुझा, खडयन्त्र, भकभकी, कराही आदि भाषाको प्रयोग गरिएको प्रस्तुत कथा दोस्रो भाषाका रूपमा बोल्ने नेपाली भाषालाई तराईको भाषिक स्वरूपको चित्रण गर्दछ ।

### ३.४.९ शैली

प्रस्तुत कथा वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ३.४.१० निष्कर्ष

सामान्यतया हाम्रो समाजमा विभिन्न प्रवृत्तिका मानिसहरू बसोबास गर्छन् । केही सज्जन मान्छे पनि हुन्छन् भने केही दुर्जन मान्छे पनि हुन्छन् । दुर्जनहरूले आफ्नो दुनो सोझ्याउनका लागि कुनै पनि करतुत बाँकी राख्दैनन् र आफू मात्र सुख सुविधा उपभोग गर्दछन् । यस कथाका प्रमुख पात्र गोनुझा त्यस्तै प्रकारका स्वभावका देखिन्छन् । वास्तवमा उनले झुटो बोलेका छन् । त्यसरी झुटो कार्य गरेर क्षणिक सफलता र खुशी मिले पनि त्यसले स्थायित्व पाउन सक्दैन । यस्ता दुष्पात्रहरूले सज्जनहरूको तुलनामा सुखसुविधा भोग गरेर बसेको देखिएतापनि यसोगर्नु मानवको लागि हितकार नहुने निष्कर्ष यस कथामा अभिव्यक्त भएको पाइन्छ ।

## ३.५ चिया पसले लोककथा

कुनै ठाउँमा एउटा चिया पसले थियो । चिया व्यापारबाट उसले आफ्नो जीवन धान्दै आएको थियो । एकदिन एउटा ग्राहक त्यो पसलमा चिया खान आयो र भन्यो- “साहुजी मलाई एक कप चिया दिनुस्न ।”

पसलेले चिया दियो । उसले खायो । उसलाई चिया मीठो लागेन उसले फेरि भन्यो । साहुजी ! तपाईको चिया खल्लो रहेछ, मलाई अलिकति चिनी दिनुहोस् न ।

साहुजीले चिनी दियो । उसले त्यो फाँको मार्‍यो । खानेवित्तिकै ऊ छट्पटाएर भुइँमा लडीबुडी गर्न थाल्यो । यता पसले डरले छट्पटाउन थाल्यो र उसले सोच्यो । कतै मैले दिएको चियाको दूधमा विष त परेन ? पक्कै पर्‍यो होला अब मलाई फसाद पर्‍यो । उसले सबै चिया फ्याँकिदियो ।

एकदिनपछि त्यो चिया खाने मान्छे भुइँवाट जुरुक्क उठेर आफ्नो जीउको धुलो टक्टक्याउन थाल्यो । अनि एकै छिनमा सद्दे भयो । पसलेले छक्क पर्दै सोध्यो- “तपाईंलाई अघि के भएको थियो ?” अहिले त सञ्चो हुनुभयो ? उसले भन्यो- मैले खल्लो चिया खाएको थिएँ । तपाइँले दिनुभएको चिनीलाई पेटमा भएको खल्लो चियामा घोलेँ, अब मेरो पेटको चिया मीठो भयो । यता पसले छक्क पर्दै मरी मरी हाँस्न थाल्यो ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा वैकुण्ठ जाला, भन्नेबेलामा आइजाला,

स्रोत व्यक्ति: वीरेन्द्र राय यादव पडौना- ६, उमेर ३५ वर्ष

### ३.५.१ विवेचना

### ३.५.२ कथानक

प्रस्तुत कथा तराईमा प्रचलित हाँस्यकथा हो। यस कथामा एउटा चिया पसले र ग्राहकबीच भएको लेनदेनलाई रमाईलो र ठट्यौलो तरिकाले प्रस्तुत गरिएको छ । कथामा पसलेले दिएको चियाको स्वाद फिका (खल्लो मान्ने ग्राहकले फेरि पसलेसित चिनी मागेर फँक्याई भुँइमा लडीबडी गरेर पसलेलाई झस्काएको छ र पछि उठेर धुलो टक्टक्याएपछि पसलेलाई बेस्सरी हँसाएको कुरालाई श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको छ । यस कथाको प्रारम्भ पसलेले ग्राहकलाई चिया दिएपछि भएको छ भने चिनी फँक्याएर ग्राहक छट्पटाउँदै भुँईमा लडीबुडी गर्नु यस कथाको विकास भाग हो । ग्राहक भुँईबाट उठेर पसलेलाई छट्पटाउनुको रहस्य खोल्नु कथाको अन्त्य भाग हो । यसकथामा चिजबीज र खानेकुरा स्तरीय बनाउन प्रेरणा दिन्छन् भन्ने आशय प्रकट गरेको छ । यो कथा पूर्ण कथानक भएको लोकप्रिय कथा हो ।

### ३.५.३ अभिप्राय

ग्राहकले पसलेलाई हँसाउनु,

ग्राहक विदूषक रूपमा देखिनु ।

### ३.५.४ पात्र

प्रस्तुत कथाको प्रमुख पात्र ग्राहक हो भने सहायक पात्र चियापसले हो । चियापसलेबाट वितरण गरिएको चिया ग्राहकले ग्रहण गऱ्यो जसको फलस्वरूप उक्त चियामा चिनी पर्याप्त मात्रामा महसुस गरी ग्राहकले चियामा थप्नको लागि अरु चिनीको माग गर्छ र उक्त चिनी सेवन गरी उसले हसाउँने शैलीमा चिनी खाइ लडीबडी गर्दै त्यहाँ रहेका पसले लगायतका सबैलाई हसाउँने काम गर्दछ । यी दुई पात्रको संयोजनबाट प्रमुख पात्रले महत्वपूर्ण काम गर्छ भने सहायक पात्रले सहायकको भूमिका निर्वाह गर्दछ ।

### ३.५.५ परिवेश

प्रस्तुत कथामा ग्रामीण परिवेश झल्किएको छ किनकी खल्लो चिया खाएँ भनेर फेरि चिनी मागी खाएर बाटोमा लडीबडी गरी चिया पेटमा घुलेपछि जुरुक्क उठेर धुलो टक्टक्याएको प्रसङ्ग उक्त लोक कथामा उल्लेख भएकाले ग्रामीण परिवेशलाई इङ्गित गर्दछ । किनकी शहरमा न ग्राहकले चिया खाएर त्यसो गर्छन न ग्राहकहरू हाँसेर चुपलागी बस्छन् । प्रस्तुत कथामा गाउँ, धुलेबाटो पसल, भाँडा कुँडा आदि र एक विहानको समय झल्किएको ग्रामीण परिवेश रहेको पाइन्छ ।

### ३.५.६ उद्देश्य

प्रस्तुत कथाको उद्देश्य स्रोतालाई हँसाएर मनोरञ्जन प्रदान गर्नु रहेको छ । यस कथाले स्तरहीन चिया खाजा बनाएर धेरै रकम असुली ग्राहक ठग्ने पसलेहरूलाई व्यङ्ग्य गर्नुका साथै खानेकुरामा अलिकति कमी कमजोरी हुने वित्तिकै छारो उडाउने ग्राहक समेतलाई व्यङग्य गरेर हँसाउन सफल यस कथामा सानातिना गल्तीको टीका टिप्पणी गरेर कसैलाई छारो उडाउनु हुँदैन भन्ने मूल सन्देश पनि हो ।

### ३.५.७ कथोपकथन

यस कथामा दुई पात्रहरू चिया पसले र ग्राहकको बीचमा लेनदेनको सम्बन्धमा सम्झौता गर्दै हाँस्यको सृजना गरिएको सशक्त कथोपकथनको व्यवस्था गरिएको छ । कथोपनकथनको छोटो नमूना समेत यहाँ प्रस्तुत गरिएको छ ।

ग्राहकः पसले दाई ! चिया दिनुसन !

पसलेः तपाई किन लडीबडी गर्नुभएको !

ग्राहकः तपाईले दिनुभएको खल्लो चियामा चिनी मिलाउनका लागि अब चिनी घुल्यो मेरो पेटको चिया मीठो भयो आदि ।

### ३.५.८ शैली

यस कथामा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ३.५.९ भाषा

यस कथामा पूर्वी तराईको ग्रामीण जनजीवनको बोलचालको भाषा प्रस्तुत गराइएको छ । छिटपुट अन्य भाषाको प्रभाव पाइए पनि ग्रामीण जनजीवनको बोलचालको भाषा भएकोले सरल भाषा पनि यस कथामा प्रयोग भएको पाइन्छ ।

### ३.५.१० निष्कर्ष

यस कथामा विभिन्न प्रसङ्ग र सन्दर्भ जोड्दै कथाकारले पाठकलाई हँसाउनुका साथै मनोरञ्जन प्रदान गर्नु यसको निष्कर्ष रहेको छ । यसकथाले पाठकलाई मुटुमिचिमिचि हँसाउन सफल भएकोले हाँस्य उत्पादन गराउनु कथाको समष्टि निष्कर्ष हो ।

## ३.६ "छोरा तँ चलाख बन्न सिक्" लोककथा

उहिल्यै एकजना अभिभावकले आफ्नो छोरालाई निकै टाढा सुविधासम्पन्न शहरमा पढ्न पठाएछन् । छोराले निकै राम्ररी पढेछ । डिग्री हाँसिल गरिसकेपछि घर आएछ । तैपनि छोराको क्रियाकलाप देखेर बाबुचाहिँलाई चित्त बुझेनछ । बाबुचाहिँले भनेछ- "ए छोरा ! तिमी धेरै पढेर ज्ञानी त भइछस् तर चलाख हुन सकिनछस् ।" छोराले भनेछ- " बुबा ! चतुर चलाख हुन के गर्नुपर्छ ? बुबाचाहिँले भनेछन्- "अनुभव बटुल्नुपर्छ ।" छोराले सोधेछ- "अनुभव बटुल्न के गर्नुपर्छ ?" बुबाले भनेछन्- "देशविदेश भ्रमण गर्नुपर्छ ।", बुबा ! म अब देशविदेश घुमेर चलाख बनेर आउँछु भनेर गएछ । जाँदा जाँदा निकै टाढा पुग्यो । वैशाख जेठ महिनाको समय थियो । ज्यादै चर्को गर्मी लागेर शीतल खान एउटा रुखको छहारीमा बसेछ । रुखमुनी बसेको लक्काजवान र खाइलाग्दो ठिटो देखेर दुई जना ठगपनि नजिकै आएछन् । अनि मनमनै ती दुई ठगले सोचेछन्- "ओहो ! यो केटो त निकै हुनेखानेको छोरो जस्तो छ ।

यसलाई ठग्न पाए त दुईचार वर्षलाई पुग्ने धन बटुलिहालिन्थ्यो ।" उनीहरूले त्यस केटालाई सोधेछन्- " बाबु ! कहाँ जाने ? घर कहाँ हो ?" उसले यहीं नजिकैको गाउँमा जान्छु भनेछ । दुवैथरि त्यही गाउँमा गएछन् । रात परेछ, दुवैथरि एकै ठाउँमा बास बसेछन् । अब रात काट्न दुवैथरिले एक एक वटा कथा भन्नु पर्छ भन्ने कुरो गरेछन् । भन्नुपर्छ भनेपछि दुवैथरिले भन्नै पर्छ । दुइथरिमा एकथरिले भन्न नसके पनि नसक्नेको हार हुन्छ भनेर बाचा कबुल गरी, पहिले तपाईंहरू नै भन्नुहोस, किनकी तपाईहरू भन्दा म सानो छु । ठूलो मान्छेको पहिले पालो आउँछ भनी जवाफ दिएछ । ती दुईवटा ठगले कथा भन्न थालेछन् । ती दुईठगमध्ये एउटा गठले भनेछ- "मेरो बुबाले एउटा धनियाँको बीउ रोप्नुभएछ त्यो बीउको हाँगाविंगा पूर्वमेचिदेखि पश्चिम महाकालीसम्म पुगेछ, त्यसो भयो होला कि भएन होला ?" यसो भनेपछि त्यो केटालाई आपत् परेछ । के भनुँ के भनुँ, उसले सोचेर जवाफ दिएछ- "भयो होला । ठगहरू जिल्ल परेछन् । यसलाई ठग्न गाऱ्हो पर्ला जस्तो छ, भन्ने सोचेछन् । दुवै ठगको दाउ लागेन । अनि अर्को ठगको पालो आएछ, अर्को ठगलाई भिराएछ, अर्को ठगले भन्न थाल्यो- "एकचोटीको कुरा हो, मेरो आँगनमा रूई सुकाउँन राखेको थियो मेरो घर सानो खरको रामझोपडी थियो । अरु सबै गाउँलेको पक्काको घरहरू थिए । त्यसैबेला यस्तो हुरी चल्यो, यस्तो हुरी चल्यो, सबैको पक्काको घरको छाना उडायो । ठूला विजुलीका खम्बाहरू ढले । ठूलठूला रुखहरू ढले तर मेरो आँगनमा सुकाएको कपास र मेरो छाप्रोलाई केही भएन । यसो भयो होला कि भएनहोला ? केटालाई फेरि फसाद पऱ्यो । भयो होला भनौं भने के भन्ने हो, भएन भनौं भने कसरी भनौं त्यसैले भन्छु भयो होला । त्यसपछि ती दुवैको चतुऱ्याई चलेन । अब केटाको पालो आयो । केटो कथा भन्न थाल्यो ।

केटाले भन्यो- "मेरो बुबाले बारीमा ल्वाङ्को बोट रोप्नुभएको थियो । त्यो ल्वाङ्को बोट हुर्केपछि त्यसमा फूल फुली फल लाग्यो । त्यसबोटमा दुईवटा फल थियो । त्यो फल तपाईंहरू दुईजना हो । त्यसो भयो होला कि भएन होला ?" ती दुईले पनि केटाले झैं केही नसोचीकन भयो होला भनेछन् । अनि केटाले भनेछ- मेरो बुबाले रोपेको बीउबाट फलेको फल तपाईहरू दुईजना भएपछि तपाईंहरूलाई मेरो

बुबाले जन्म दिएको हो कि होइन ? लौ खुरुक्क तपाईंहरू मेरो घर हिँड्नुस् । त्यसकेटाले ती दुवैलाई आफ्नो घरमा लिएर गएछ, अनि बुबालाई भनेछ- “बुबा मैले ज्ञान सिकेर चतुऱ्याईबाट आर्जेका यी दुईवटा सम्पत्तिले अब तपाईको जन्मभर सेवा गर्नेछन् । त्यसपछि बुबा चाहिँ खुशी हुँदै लौ छोरा अब तिमी चतुर भइछस भनेछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा वैकुण्ठ जाला, भन्नेबेलामा आइजाला,

स्रोत व्यक्तिः देविदत्तप्रसाद यादव, नोकैलवा- ७, उमेर ४९ वर्ष

### ३.६.१ विवेचना

### ३.६.२ कथानक

प्रस्तुत कथा सर्लाही जिल्लामा प्रचलित सामाजिक बुद्धि मानी र चतुऱ्याईको कथा हो । यसमा पढेर मात्र मान्छे पूर्ण हुँदैन परेपछि मात्र पूर्ण बन्दछ, बठ्याई र चतुऱ्याई छैन भने जतिसुकै विद्वान भएपनि केही काम लाग्दैन भन्ने कुराको प्रत्यक्ष प्रभाव देखाइएको छ । छोरा छोरीले जतिसुकै धेरै पढेको सर्टिफिकेट लिएपनि उनीहरू चौतर्फी क्षमताका छैनन् भने बाबुआमाले व्यवहारिक शिक्षा परिवार वा समाजमै प्रत्यक्ष-अप्रत्यक्ष रूपमा दिनुपर्छ भन्ने भावलाई पुष्टि गर्न विभिन्न घटना श्रृङखलाहरू मिलेर यो कथा निर्मित छ । यस कथाको प्रारम्भ पढि सकेर घर फर्केको छोरालाई छोराको बठ्याई बढाउँनका लागि चलाक्याई विद्या सिक्न पठाएबाट भएको छ भने देशविदेश भ्रमण गर्न गएको छोरो दुईवटा ठगको फेला परेपछि उनीहरूसँग रात बिताउँदा कथा भन्न थाल्नु विकास भाग हो । यस कथाको अन्त्य भाग दुईवटा ठगलाई जितेर घर लगी बुबालाई उपहारका रूपमा सुम्पनु हो । यस कथामा छोराको पढाइबाट चित्त बनुझाएका बाबु छोरो देशविदेश घुमेर आफ्नो चतुऱ्याईंले दुईवटा ठगलाई नोकर बनाउन घरमा ल्याएको, छोराचाहिँले चाहिंदो चतुर विद्या सिकेको कुरालाई कथामा

प्रस्तुत गरिएको छ । विभिन्न घटना श्रृङखलाहरू मिलेर यो कथा पूर्ण कथानक भएको सफल र लोकप्रिय कथाको रूपमा रहेको छ ।

### ३.६.३ अभिप्राय

यस कथामा आएका कथानक रुढि (अभिप्राय) लाई निम्नानुसार राखिएको छ ।

### ३.६.४ पात्र

यस कथाको प्रमुख पात्र छोरो हो, ऊ यस कथाको अनुकूल पात्र पनि हो । उसको केन्द्रीयतामा सीमित रहेको यस कथाका खलपात्रहरूमा र दुईवटा ठगहरू छन् । त्यसैगरी गौणपात्रमा बाबु आएका छन् । छोरो विद्वान तर सोझो छ, बाबुचाहिँको छोरो चलाख बनाउने इच्छा छ, दुई ठगको सङ्गतले छोरो चलाख बनेको छ । आफ्नो चलाखीपूर्ण व्यवहारले बाबुलाई दुईवटा नोकर खोजिदिन छोरो सफल भएको छ । ठग पात्रहरूको मनसाय ठग्ने रहेको छ । अन्त्यमा उनीहरू प्रमुखपात्र छोरोको चलाक्याईंमा फँसेका छन् । बाबुको हातमा नोकर बनेर सुम्पिएका छन् ।

### ३.६.५ परिवेश

यस कथामा धेरै पढेर ज्ञान प्राप्त गरेपनि चलाकीपूर्ण व्यवहार छोरामा नदेखी, बाबुआमाले छोरालाई चलाख बन्न घरबाट पठाउने प्रचलन उक्त ठाउँमा रहेको छोरालाई अचानक बाठोपनको सद्‌बुद्धि दिमागमा आएको आफूलाई लट्याउन अघिसारेका छट्टूहरूलाई शब्द जालका कारण आफ्नो फन्दामा पारी आजीवन आफ्नो कमारो बनाउन सफल भएर उक्त पात्रले आफ्ना बाबुका अगाडि टाठोबाठो र सुझबुझको स्पष्ट नमूनाका रूपमा आफूलाई प्रस्तुत गर्नु छोरो यस कथामा सफल भएको छ । तराईको स्थानीय परिवेश झल्किएको यस क्षेत्रमा तराईतिरका बासिन्दाहरूले आफ्ना छोराहरूलाई पढाइसँगसँगै व्यवहारिक शिक्षा सिकाउँने गर्दछन् र उनीहरू कुनै न कुनै पेशामा आबद्ध भएर सानै उमेरदेखि जीविकोपार्जन गर्न सक्षम बन्दछन् । प्रस्तुत कथाले यस्तै कुरा झल्काएको छ ।

### ३.६.६ उद्देश्य

प्रस्तुत कथाको उद्देश्य मानिसले जतिसुकै पढेलेखेर ज्ञान हाँसिल गरेपनि चतुऱ्याइँका लागि व्यवहारिक शिक्षाको जरुरत पर्छ, सोझो सिधा भएर मात्र चुप लागेर बस्यो भने ठगहरूको फन्दामा पर्न सकिन्छ । यस कथामा बाबुले छोरालाई देशविदेश घुमेर विद्या सिक्न नपढाएको भए सायद ऊ त्यति चलाक बन्ने थिएन, धेरै बाठो भन्नाले फटाहानै बन्नुपर्छ भन्ने होइन । सोझो औंलाले घिउ आउँदेन भनेझै केही चलाखी मानिसमा अवश्य हुनुपर्छ, आफूले म चलाख छु भनेर हुँदैन, वखतमा चलाक्याइँ देखाउँन सक्नुपर्छ भन्ने पनि यसकथाको मूल उद्देश्य हो ।

### ३.६.७ कथोपकथन

यस कथामा केही पात्रहरूकाबीच कथोपकथन गराईउको पाइन्छ । कथामा कथोपकथन आउनुभनेको कथाको महत्वपूर्ण भाग आउनु हो । यस कथामा पनि थप रोचकता प्रदान गर्नका लागि पात्रहरूबीचमा निम्न प्रकारका कथोपकथन भएको पाईन्छ ।

बुबा- "ए छोरा ! तँ धेरै पढेर ज्ञानी त भइछस तर चलाख हुन सकिनस् ।"

छोरा- "बुबा ! चलाख, चतुर हुन के गर्नुपर्छ ?"

बुबा- "देशविदेश भ्रमण गर्नुपर्छ ।"

छोरा- "बुबा ! अब म देशविदेश घुमेर आउँछु ।"

छोरा- "बुबा मैले ज्ञान सिकेर चतुऱ्याईबाट आर्जेका यी दुईवटा सम्पत्तिले अब तपाईको जन्मभर सेवा गर्नेछन् ।"

बुबा- "लौ छोरा अब तँ चतुर भईस् ।"

### ३.६.८ शैली

यो कथा वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ३.६.९ भाषा

प्रस्तुत कथाले तराईको जनजीवनलाई समेटेको भए तापनि वाक्यगठनमा केही भाषिक अशुद्धि भेटिनु वाहेक अन्य भाषागत पक्षभने स्थानीय, सरल,सरस, ग्रामीण, लोकभाषाको प्रयोग भएको पाइन्छ । यस कथाको वाक्य गठनमा पाइने भाषिक रूपलाई यसप्रकार देखाउन सकिन्छ ।

"ए छोरा तिमी पढेर ज्ञानी भईछस्, चतुर हुन सकिनस् ।"

"ए छोरा तिमी देश विदेश घुमेर आऊ ।"

"ए छोरा अब तिमी चतुर भइस् ।"

### ३.६.१० निष्कर्ष

यस कथामा, सामाजिक जीवनमा भए गरेका केही महत्वपूर्ण कुराहरू जस्तैः हरेक अभिभावकहरूलाई आफ्ना सन्तानको भविष्यको चिन्ता हुन्छ । के गर्दा आफ्ना सन्ततिहरू सन्मार्गमा लाग्छन् कसो गरे उनीहरूको भविष्य उज्जवल हुन्छ भन्ने कुरामा अभिभावकहरू (आमा-बुबा) सबैलाई चिन्ता हुन्छ । आफ्ना सन्ततिहरू होनहार भएको हेर्ने ईच्छा सबै बाबुआमाको हुन्छ । मलायाले आफ्नो छोरालाई सानैदेखि माछामार्न सिकाउँछ, दमाईंले लुगा सिउँन सिकाउँछ, कामीले हतियार बनाउँन, यी सबै कार्य गराउनुको उद्देश्य के हो त भन्दा स्वावलम्बी भएर बाँच्न सक्ने बनाउनु हो । प्रस्तुत कथामा बाबुले पात्रको र छोरा पात्रलाई यस्तै प्रकारको विद्या सिक्न जाओस, चतुर बनोस भन्ने भावना लिएको कुरा देखाइएको छ ।

## ३.७ ठग व्यापारी लोककथा

कुनै गाउँमा ठगी गर्नमा नाम चलेको एकजना प्रख्यात मानिस बस्दथे । उनको मुख्य पेशा व्यापार थियो । उनको वास्तविक नाम राजेन्द्र महतो (सूँडी) भएतापनि उनी आफ्नो नामबाट त्यति परिचित थिएनन । उनको चिरपरिचित नाम ठगसूँडी थियो । आफूले सामान विक्री गर्दा तराजूको तल पछाडिपट्टि गर्‍हुँगो तौल भएको वस्तु हाँसेर १ धार्नीलाई विसौली बनाउँथे भने, खरिद गर्दा विक्रेतालाई लन्फन्याएर भुसुक्क पार्थे । मुखले केही बोल्न नसके पनि उनीसित सन्तुष्ट हुने मान्छे एकजना पनि थिएनन् ।

एक दिनको कुरा हो त्यो ठग सूडी गाउँको हाट (बजार) गएको थियो । खसी बजारपट्टि गएर दशैंको खसी किन्ने धुनमा मोलतोल गर्दै गरेको अवस्थामा उसले अलिपर एउटा खैलाबैला सुन्यो । त्यहाँ के भएको रहेछ भनी यसो ठाडो कान लगाएर सुन्दै ऊ त्यतैतिर लाग्यो ।

त्यस ठाउँमा नजिकै महादेवको मन्दिर पनि थियो । त्यस मन्दिरनेर एउटा योगी (जोगी) आफ्नो तान्त्रिक घोडा लिएर आएको थियो । दिव्यदृष्टि भएको घोडा थियो । त्यो घोडा चोर, साधु, ठग, ज्ञानी, दानी सबैलाई चिन्थ्यो । घोडालाई परीक्षा लिने हिसाबले त्यसै बजारका ती ग्राहकहरूमध्ये एउटाले भन्यो “रगवाबाजी तपाईंको घोडालाई यस बजारमा भएका मानिसमध्ये सबैभन्दा पापी र ठगको रहेछ चिन्न (पत्तालगाउन) लगाईदिनुहोसन् ।” बाबाजीले आफ्नो घोडालाई अऱ्हाए- “तिमी यहाँ भएका मध्ये सबभन्दा बदमास, पापी, ठग को रहेछ ? पत्ता लगाइदेऊ ।”

घोडा सरासर गयो, त्यो ठग सूँडीको टाउकोमा रहेको एकमुठी टुप्पी आफ्नो मुखले प्वाक्क उखेल्यो र दौडेर बाबजीको नजिक आयो । सबैलाई त्यस घोडाको शक्ति अदभुत लाग्यो । कोही घोडालाई स्यावासी दिन थाले । कोही आफूपनि सानो तिनो ठगी त गरिन्छ के गर्नु ठगीकै जमाना छ, नठगे पेट पाल्न पनि सकिंदैन, न मलाई पनि घोडाले बेइज्जत गर्ने हो कि भनेर आ-आफ्नो टाउको छाम्दै पछि पछि हटेर

लसक्क लस्किन थाले । कोही मानिसहरू यी बाबाजीलाई यही मन्दिरमा राख्नुपर्छ अनि ठगहरूको उन्मुलन गर्नु पर्छ भन्न थाले ।

उता टुप्पी उखेलिने ठगलाई भने रुनु न हास्नु भयो । एकातिर बेइज्जत भयो भने अर्कोतिर ह्वाल हवाल्ती रगत वगेको घाउ वेसरी दुख्न थाल्यो । उनी औषधोपचार गर्नुको सट्टा गम्छाले मुख र टाउको छोपेर हतार हतार घरतिर लस्के । उनको सहयोगी त्यहाँ एकजनापनि थिएन । घर आए र निकै दिन थलापरे । केही समयपछि त्यो टाउकाको घाउ आफैं निको भयो । त्यसै समयदेखि उनले कसैलाई ठग्नु त के अर्काको मुखमा समेत सोझो आँखाले हेर्न छाडे । त्यसपछिका दिनहरू उनी आफैं गृहधन्दा र भैंसी चराउने पेशा अपनाएर जीविका चलाई बाँचेका थिए रे ।

सुन्नेलाई सुनको माला,भन्नेलाई फूलकोमाला

यो कथा वैकुण्ठ जाला भन्ने बेलामा आइजाला ।

स्रोत व्यक्तिः धनिलाल कुसवार, लक्ष्मीपुर-३, उमेर ३४ वर्ष

### ३.७.१ विवेचना

### ३.७.२ कथानक

प्रस्तुत कथा रमाइलो,अतिमानवीय, ठट्याइलो, नीतिउपदेश युक्त कथा हो । कथामा अर्कालाई ठग्ने, शोषण गर्ने निच प्रवृत्ति भएका मानिस आफै दुःखी भएर समाजबाट तिरस्कृत हुनुपर्छ । समाजमा वहिस्कृत समेत हुनुपर्छ भन्ने सन्दर्भ देखाईएको छ । यस कथाको प्रारम्भ व्यापारी बजार जानु, खसी मोल गर्न थाल्नु हो भने घोडाले दौडिदै गएर उसको टुपी उखेलिदिनु विकास भाग हो । यस कथाको अन्त्यभाग त्यो ठगको विचल्ली भएर टाउको सुम्सुम्याउँदै घर फर्किनु हो । उपयुक्त घटनाहरू मिलेर कथानक पूर्ण बनेको छ ।

### ३.७.३ अभिप्राय

यसकथामा निम्न अभिप्रायहरू आएका छन् ।

- सत्यको परीक्षा गर्ने महात्मा
- दिव्यदृष्टि भएको घोडा
- चतुर ठग/मूर्ख ठग
- घोडाद्वारा ठग वा दुष्ट मानिसलाई चिन्नु

### ३.७.४ पात्र

यसकथामा ठग व्यापारी, घोडा, बाबाजी, बजारिया, अरु ठगहरू आदि पात्रहरू रहेका छन् । यस पात्रमा धेरै पात्रहरूको संयोजन गरिएको । जहाँ मुख्यतः दुईपात्रहरू रहेका छन् र अन्य सहायक तथा गौण पात्रहरू पनि रहेका छन् ।

यसरी नियाल्दा यस ठग व्यापारी कथामा एउटा ठगी गर्दै हिँड्ने पुरुष मुख्य पात्रको रूपमा देखिन्छ भने यसैगरी उसको टुपी उखेल्ने घोडा चाहिँ सहायक पात्रको रूपमा पारिवारिक समस्याले ग्रसित व्यापारी अरुलाई ठगी गरेर जीवन चलाउँदै आएको छ । उसले पटक-पटक ठगी गर्ने गरेर गाउँ घर, वरपरका सबै आफन्तहरूसमेत उसँग रुष्ट छन् । आर्थिक सम्पन्नता भएपनि सामाजिक रूपमा कसैलाई सहयोग गर्न नसक्नु यसकथाको मुख्य पात्रको कमजोरी पक्ष हो । त्यसकारण ऊ दुःखी बनेको छ । व्यापारी यस कथाको मानव पात्र हो ।

यसरी हेर्दा सामाजिक समस्यामा विथोलिएर ग्रस्त बनेको ठग समाजका कैयन कालोबजारी व्यापारीहरूको प्रतिनिधि पात्रका रूपमा रहेको छ । त्यसैगरी यस कथाको अर्को पात्र घोडा हो । घोडा यस कथाको मानवेत्तर पात्र हो । कथानकलाई गतिशील बनाउन सक्रिय पात्रका रूपमा घोडा आएको छ । खासगरी घोडाले गरेको कार्य,

अनिबाबाजीले गरेको कार्य र व्यापारी यी तीनको केन्द्रीय परिधिमा कथानकले उत्कर्षता लिएको छ ।

यस अतिरिक्त कथामा व्यापारीका समर्थकहरू, विरोधीहरू, बजारियाहरू आदिको पनि यस कथामा चर्चा परिचर्चा गरिएको छ तर ती सबै व्यापारीको जीवनमा घटेका घटनाहरूसँग सम्बन्धीत रहेका छन् । जसले कथालाई गति प्रदान गरेका छन् ।

### ३.७.५ परिवेश

यस कथामा तराईंको ग्रामीण परिवेश देखिएको छ । तराईंको सेरोफेरोमा संरचित यो कथामा करिब एक दिनको समयको घटना कथानक बनेर आएको छ । प्रवृत्तिगत आधारमा यो कथा केही हँसाउने, व्यङग्य गर्ने र न्यायको बाटो अपनाउने र ठगहरूलाई सचेत गराउने वातावरणमा छ । यस कथामा रहेको परिवेशलाई निम्न दुई आधारमा छुट्याउन सकिन्छ ।

### ३.७.६ उद्देश्य

समाजमा ठगी गर्ने मान्छेहरूले आफ्नो मुख्य पेशा अपनाउँदै आएको ठगी कार्यलाई उन्मुलन गर्नुपर्छ । कसैले कसैलाई ठगी गर्नुहुदैन, परिश्रम गरेर आर्जित कमाई अमृत तुल्य हुन्छ भन्ने ठगीबाट आर्जित कमाई विष तुल्य हुन्छ । ठग व्यापारी झैं ठगी कसैले गर्नुहुँदैन यस्तो कार्यबाट कसैको कहिल्यै भलो हुँदैन । ठगेर आर्जन गरेको फलको स्वाद तीतो हुन्छ भन्ने कुरा चित्रण गर्न यस कथाको मूल उद्देश्य हो ।

### ३.७.७ कथोपकथन

यस कथामा पात्रका कुराकानीलाई छोटा छोटा संवादद्वारा प्रष्ट पारिएको छ ।

योगी- यो घोडा दिव्य दृष्टि भएको छ,

बजारिया- ए बाबाजी ! यहाँ भएका मध्ये ठग को होला ?

बाबाजी- ए घोडा ! ठग पत्ता लगाईदेऊ !

बजारिया- ठग पत्ता लगाईदिनु भएकोमा धन्यवाद !

### ३.७.८ शैली

यस कथामा वर्णनात्मक र संवादात्मक दुवै शैली अँगालिएको पाइन्छ ।

### ३.७.९ भाषा

यस कथामा सरल, सहज, सम्प्रेष्य तराईको ग्रामीण भाषाको प्रयोग गरिएको छ, बोलचालको भाषाको निकट रहेको हुँदा यसमा क्लिष्टता र दुर्वोध्यता पाईदैन । ( बाबाजी, बजार,मन्दिर,किलोग्राम, ठगहरू, खसी) आदि जस्ता शब्द भएको भाषा कथामा उपयोग गरिएको पाइन्छ ।

### ३.७.१० निष्कर्ष

यसकथामा एउटा ठग हुनु, उसले सबैलाई झुक्याएर ठगी गरेर दिक्क पार्नु, ग्राहकहरूले ठगीको पञ्जाबाट मुक्त पाउनका लागि धेरै उपाय सोच्नु, हुँदा हुँदा सोझाका सहारा दैव भनेझैं एकदिन एउटा जोगीले ल्याएको घोडाबाट ठगको इज्जत हुर्मत खितम पारिदिनु,आदिजस्ता कथानकद्वारा निर्मित कथामा आफ्नो दुनो सोझ्याउँन पल्केका ठग व्यापारी जस्ता अनुहारहरू यहाँ थुप्रै छन् । ती सबैको उन्मूलन नगरेसम्म यो देशमा न्यायको बत्ती बल्दैन, जबसम्म ठग व्यापारी जस्ता कालोबजारी यस देशबाट लखेटिदैनन् । तबसम्म देश विकास सूचारु रूपमा हुन सक्दैन भन्ने प्रस्तुत कथाको निष्कर्ष हो ।

## ३.८ 'पिठोको डल्लो लोककथा'

उहिले एउटा गाउँमा एउटी बूढी थिई । उसका सातभाई छोराहरू र सातवटै बुहारीहरू पनि थिए । घरमा खान लाउनको दु:ख पीडाले छोराहरू पैसा कमाउन परदेश गएछन् । सासू बुहारीहरूमात्र घरमा रहेछन् । सासू असाध्यै छुची र दुष्ट पनि

थिई । बुहारीहरूलाई मीठो मसिनो त के पेटभरी खानसमेत दिदैनथी । दिनभरी खेतमा काम गरेर आउँने बुहारीहरूलाई खानेबेलामा त्यस सासू बूढीले सिठ्वामा भात र घोङ्मा पानी मात्र दिन्थी । सधैँ यस्तै गर्थी बुहारीहरू दुब्लाएर मर्न आँटेका थिए । सिन्को जस्तै सुक्दै गएका थिए । बुहारीहरू सासूले जस्तो दिन्थी त्यस्तै खान्थे, डरले कहिल्यै केही बोल्दैनथे । एकदिन त्यो बूढीलाई उसको माइतीबाट बिहेको निम्तो आएछ । सासूचाहिँलाई फसाद परेछ । बुहारीहरूलाई लिएर जाउँ आफ्नो ब्यवहार सबैले थाहा पाउलान्, छाडेर जाऔं त घरमा भएको सबै खानेकुरो खाइसक्लान् । बूढीले बुहारीहरूलाई आफूसँगै लिएर गइछे । माइतमा पुगेपछि विहेको चहलपहल,मीठा-मीठा परिकारको बन्दोवस्त, तर बूढीले बुहारीहरूलाई त्यहाँ पनि छुट्टै कोठामा राखेर सिठ्वामा भात र घोङामा पानी खान दिई । माइतीहरूले किन बुहारीहरू बाहिर आउँदैनन् त ? भन्दा बूढीले 'तिनीहरू असाध्यै लाज मान्छन् भनेर जवाफ दिई ।'

बिहे सकियो । पाहुँनाहरू विदा हुन थाले । बूढीपनि घर फर्कने सुरसार गर्न थाली । दाजुभाइले बूढीलाई फर्कन दिएनन् भने तपाई यति धेरै दिनमा बल्ल बल्ल आउनुभएको छ । त्यसैले केही दिन बस्नुस अनि जानुहोला । बूढी माइतमै बसी बुहारीहरूलाई घर जाओ भनी । बुहारीहरूलाई के खोज्छस् काना आँखो भने झैं भयो । उनीहरू आउँदा बाटैदेखि सल्लाह गर्दै आए । 'अब सासू छैनन् घरमा गएर मीठो मीठो पकाएर खाने है ?" एउटीले भनी- 'आज घर गएर खीर खाने ।' अर्कीले भनी 'परौठा पकाएर खाने ।', अर्कीले भनी 'पुलाउ खाने' भन्दा भन्दै घर पुगे, मनलागेजति परिकारहरू बनाएर खाए । मीठा मीठा खानेकुराले अघाएर एक दिन मकैको पुवा पकाए । मोही पुवा खाए । अब उनीहरूकी सासू (बूढी) आउँने बेला भएको थियो । अब बूढी आउँने बेला भयो, घर बढारकुँडार सफा गर्नुपर्छ नत्र बूढीले मार्छे भनेर सफा सुग्घर गरेर कसिङ्गर लगेर फ्याँके । सबैकुरा फ्याँकिसकेपछि पनि एउटा 'पिठोको डल्लो' बाँकी बसेछ, त्यो डल्लो जतिचोटि लगेर फ्याँकेपनि फर्की-फर्की त्यहीँ आउथ्यो । आगोमा डढाए, डढेन, समुद्रमा फ्याँकिदिए बगेन । फेरि घरमै आयो । बुहारीहरू छिटोछिटो घर छाडेर भागे । जाँदा जाँदा रात पऱ्यो । एउटी बूढीको घरमा बास बस्न

गए । त्यो घरकी बूढीले ती बुहारीहरूलाई खीर पकाएर खुवाउँने विचार गरी । खीर पकाई । त्यस बूढीका पनि सातवटी छोरी थिए । बूढी मान्छेको मासु खाने बोक्सी थिई । बूढीले खाना खान बोलाई, तर ती आइमाइहरूले हामीलाई खानमन छैन, सञ्चो छैन भने, कसैले पनि खान मानेनन् । बूढीले सुत्ने ओच्छयान लगाइदिई । आफ्ना छोरीहरू नै ती सात बुहारीको पछि पछि लागेर सँगै गएको थियो । डल्लोले ती बुहारीहरूलाई सुटुक्क भनिदियो- "आज तिमीहरू बूढीले ठीक पारेको ओच्छयानमा नसुत्नू बरु बूढीका छोरीहरूसँग ठाउँ साटेर सूत्नू, विहान रातिनै उठेर भागिहाल्नू नत्र बूढीले तिमीहरूलाई मारेर मासु पकाएर खान्छे ।" यति कुरा थाहा पाएपछि ती पाहुँना आइमाइहरूले बूढीका छ वटी छोरीलाई ल्याएर आफ्ना ओच्छ्यानमा सुताइदिए र आफूचाहिँ उनीहरूका ओच्छ्यानमा गएर सुते । राति बूढीले खानेपिउने काम सिध्याएपछि खुकुरी लिएर गई, अनुहारै नहेरी, संख्या नगनी, चटाचट आफ्ना छोरीहरूलाई नै काटी । आनन्दले कान्छी छोरीलाई चाहिँ आफूसँगै लिएर सुती । विहान उज्यालो भयो, बूढी उठेर आफ्नो घरधन्दा गर्न थाली । कान्छी छोरी उठेर आमा ! भोकलाग्यो, भोकलाग्यो भनेर रुन थाली । बूढी चाहिँ छोरीलाई पख् न पख्, आज त मासुनै मासु जति खाए पनि भनेर फकाउँदै थिई । छोरीचाहिँ पनि मीठो मासु खान पाइन्छ क्यारे भनेर कोठातिर उर्फदै थिई । कोठामा आफ्ना दिदीहरू मरेका देखेर, आमा ! आमा ! हाम्रा दिदीहरू त मरेका रहेछन् भनेर चिच्याई । के भन्छे यो भन्दै बूढी दौडिएर गई हेरी । लौन नि के आपत् आइपऱ्यो, आफ्नै छोरी पो परेछन्, हे भगवान अब के गर्नू भन्दै रुँदै रुँदै, अर्को ओच्छ्यानमा गएर ती आइमाइहरूलाई खोजी । उनीहरू त राति नै भागिसकेछन् । अब के गर्नु, ती कहाँ भागेहोलान् । अब म तिनीहरूलाई भेटेर नमारी छाड्दिन भन्दै कान्छी छोरी बोकेर बूढी ती आइमाईहरूलाई लखेट्दै खोज्दै गई । भेट्टाउनै लागेकी थिई, पिठोको डल्लोले तिनीहरूलाई भनिदियो, ए ! तिमीहरू छिटो रुख चढ, त्यो बोक्सी बूढी आउँदैछे, अहिले फेरि मार्छे भनेर डल्लोले नै तिनीहरूलाई रुख चढायो ।

बोक्सी बूढी पनि लखेट्दै लखेट्दै आइपुगी रुखमा ती आइमाईहरू देखेर रुख चढन् थाली । जब बूढी रुख चढ्थी तब भुइँमा रहेकी बूढीकी छोरीलाई त्यो डल्लोले

भुत्ल्याउँथ्यो, डल्लो अदृश्य बनेर बस्थ्यो । बूढीकी छोरी ऐया आमा ! माऱ्यो, माऱ्यो मलाई मार्नै आट्यो भनेर रुन्थी । बूढी तल झर्थी, के भो के भो भनेर, सुम्सुम्याउँथी फेरि बूढी रुख चढ्थी डल्लोले त्यसै गरिदिन्थ्यो । फेरि बूढीकी छोरी त्यसैगरी रुन्थी । फेरि बूढी रुखमाथि नपुगीकन झर्थी । हुँदा हुँदा बूढीले छोरीलाई घर पुऱ्याएर आउने अनि ती आइमाईहरूलाई मार्ने विचार गरेर छोरी लिएर गइछ । त्यसैबेला ती बुहारीहरू रुखबाट ओर्लिएर भागेछन् । पिठोका डल्लोले भगायो । जाँदा-जाँदा फेरि रात पऱ्यो । एउटा जंगलमा पुगे । त्यहाँ एउटा बाँदर थियो । बाँदरले दूध दुहेर राख्थ्यो । कराहीमा भरी दूध तताउँन राखेको बाँदरले मनमनै सोच्यो । अब म बूढो हुन थालिसकें । मर्ने बेला भइसक्यो, बरु यही दूधमा डुबेर मर्छु, भाग्यमानी बन्छु । नभन्दै बाँदर दूधमा हाम फालेर मऱ्यो । ती बुहारीहरूले यो दूध खान पाइने भयो भन्ने ठानेर दङ्ग परे । उता बूढीका सात छोराहरू पनि पैसा कमाएर घर फर्किए । घरमा बूढी आमा मात्र देखेर सोधे । आमा ! हाम्रा पत्नीहरू खोइ त ? बूढीले तिमीहरूकी स्वास्नीहरू त मलाई कुटेर दुःख दिएर अस्ति नै घर छाडेर भागे भनिदिई । छोराहरूलाई आफ्ना स्वास्नीको माया लाग्यो । खोजी गर्न भनेर हिँडे । जाँदा जाँदा त्यही जंगलमा पुगे । जहाँ उनीहरूका स्वास्नी रमाएर बसेका थिए । नजिकै पुगे बुहारी मध्ये जेठी चाहिँले देखि र मनमनै भनी- ‘ओहो ! यी त मेरा लोग्ने जस्ता छन्, माहिली, साहिँली सबैले देख्दै गए, क्रमशः देख्दै गए, अन्तमा कान्छीले कान्छालाई देखी र भनी, ‘हाम्रा लोग्नेहरू यिनै हुन्’ आएछन् । हामी धन्य रहेछौँ । यो पिठोको डल्लो चानचुने डल्लो होइन रहेछ भनेर खुशी भए । लोग्नेहरूले तिमीहरू किन यहाँ आएको भनी सोधे । स्वास्नीहरूले भने ‘तपाईकी आमाले हामीलाई जति काम गरेपनि कहिल्यै माया गरिनन् । पेटभरी खान दिइनन् । सधै सिठ्वामा भात र घोडामा पानी दिएर दिक्क पारिन् । ज्यादै दुःख पायौँ अनि घर छाडेर हिँडेका, अब त त्यस दुष्ट बूढीको मुख पनि हेर्ने छैनौं ।” लौ हिँड अब घर जाऔं भनेर ती लोग्नेहरूले आ-आफ्ना स्वास्नी सहित सुखपूर्वक रमाएर बस्न थाले ।

सुन्नेलाई सुनको माला,भन्नेलाई फूलकोमाला

यो कथा वैकुण्ठ जाला भन्ने बेलामा आइजाला ।

स्रोत व्यक्तिः बेचना पासवान, भक्तिपुर-२, उमेर ३० वर्ष

### ३.८.१ विवेचना

### ३.८.२ कथानक

प्रस्तुत कथा तराईमा प्रचलित लोकपुराण/सामाजिक, अतिरञ्जित, जासुसी, तिलस्मी तथा भाग्यवादी धारणा भएको कथा हो । यस कथामा दुष्ट र कर्कसा सासूको वुहार्तन सोझा बुहारीहरूले कसरी खानुपर्दो रहेछ र अन्तमा बुहारीका दिन फर्केपछि सोझाका सहारा दैव हुँदा रहेछन् भन्ने कुरालाई देखाउन खोजिएको छ । यस कथाका सबै घटनाहरूको श्रृङखला मिलेको छ । यस कथाको आरम्भ सासू बूढीले सातवटी बुहारीलाई सिठ्वामा भात र घोडामा पानी दिएबाट भएको छ भने बुहारीहरूले सासू नहुँदा आफ्ना हातले मीठो मीठो खानेकुरा पकाएर खाइ घर छाडेर हिँडेको बूढी राक्षसनी कहाँ पुगेको र पिठोको डल्लोले राक्षसनीको शिकार हुनबाट बचाउनु मध्य भाग हो । जंगलमा गएर दुःख सुखले दिन गुजारीरहेका बेला लोग्नेहरूसँग भेट हुनु, कथाको अन्त्य भाग हो । यसकथाका पात्र सातवटी बुहारीले सासूले अऱ्हायकका सबै काम लुरुलुरु गर्ने, जे दिए पनि केही नभनी खाने, कहिल्यै मुख नफर्काउने गरेकाले पिठोको डल्लो सहारा बनेर आएको छ । त्यसैले यो कथा भाग्यवादी धारणा भएको आदि मध्य र अन्त्यको क्रम श्रृङखलाबद्ध तबरले मिलेको पूर्ण कथानक भएको रमाइलो कथा हो ।

### ३.८.३ अभिप्राय

-असाधारण साथीका रूपमा पिठोको डल्लो

-बूढी राक्षसनी पिठोको डल्लोदेखि दिक्क भएर कान्छी छोरी घर पुऱ्याउन जानु,

-छलकपट वा चलाखीबाट बूढी राक्षसनीका ६ वटी छोरी मारिनु,

-सातबुहारी भनेर छपाछप काट्दा आफ्नै छोरीहरू पर्नु र मर्नु

-दुःख पाएका बुहारीहरूको भाग्य फर्कनु,

-सहयोगीका माध्यमबाट सात बुहारीहरू मान्छेको मासु खाने बूढी राक्षसनीका हातबाट बच्नु

यिनै अभिप्रायहरूको गम्कनबाट प्रस्तुत कथा आकर्षक बन्न पुगेको छ ।

## ३.८.४ पात्र

प्रस्तुत कथाको प्रमुख पात्र सातवटी बुहारीहरू हुन् । बुहारीहरू कथाको आदि, मध्य र अन्त्य सबै भागमा सक्रियताका साथ प्रस्तुत भएका छन् । त्यसैगरी यस कथाको सहायक पात्रमा कर्कसा स्वभावकी सासू र बूढी राक्षसनी रहेका छन् । जसको उपस्थिति कथामा केही भागमा मात्र देखिएपनि असत् पात्रको महत्वपूर्ण भूमिका सासू बूढीले निर्वाह गरेको बुझ्न सकिन्छ । यस कथाका गौण पात्रहरूमा सातवटी छोरी र मानवेत्तर प्राणी बाँदर रहेका छन् । जसको भूमिका कथामा सामान्य रहेपनि उनीहरूको भूमिकाले कथामा प्रभाव भने राम्रै पारेको देख्न सकिन्छ । यसैगरी अतिमानवीय पात्रको रूपमा देखापरेको शीर्षकसँग सामीप्य राख्ने 'पिठोको डल्लो' यस कथाको कोश ढुङ्गाको रूपमा देखापरेको छ । जसका कारण सत् पक्षलाई विभिन्न कठिन मोडहरूमा बचाउँदै असत् पक्षलाई दण्डित गर्न पिठोको डल्लोले खेलेको भूमिका यस कथाको रोमाञ्चकारी प्रस्तुति भन्न सकिन्छ ।

## ३.८.५ परिवेश

यस कथाको परिवेशमा तराईको एउटा गाउँ रहेको छ । यस कथाको परिवेशको, घर, गाउँ, शहर, जंगल, नदीनाला, पहाड, अग्लो, रुख जस्ता विभिन्न परिवेशको चित्रण यस कथामा राम्ररी गरिएको पाइन्छ ।

### ३.८.६ उद्देश्य

यस कथाको उद्देश्यमा सत् पक्षलाई नियतिले पनि जोगाउँछ र असत् पक्षलाई नियतिले पनि दण्डित गर्छ भन्ने कुरा चित्रण गर्नु हो, कथा उद्देश्यमूलक बन्न पुगेको छ ।

### ३.८.७ कथोपकथन

यस कथामा असल बुहारीहरू र उद्दण्ड किसिमकी सासूका बीचमा सघन कथोपकथनको व्यवस्था गरिएको छ । सासूको बोलचालमा रुखोपन देखापर्छ भने बुहारीहरूको सरस, बोली भएपनि दुवै पक्षको टकरावपूर्ण अवस्था भएकोले कथोपकथनमा झै झगडा गरेजस्तो गरेजस्तो भाव व्यक्त भएको बुझ्न सकिन्छ ।

### ३.८.८ शैली

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ३.८.९ भाषा

यस कथाको भाषा पूर्वी तराईको ग्रामीण परिवेशको सरल, सहज र सरस भाषाको प्रयोग पाइन्छ । यस कथाको भाषामा सामान्य गाउँले जनजीवनको भाषाशैली, बोलीचाली, ठेट भाषा, झर्रो नेपाली बोलीचालीको राम्रो प्रयोग पाइन्छ । साथै यस कथामा वर्णनात्कम शैलीको प्रयोग गरिएको छ ।

### ३.८.१० निष्कर्ष

यस कथाको निष्कर्षमा अरुलाई दुःख दिने र सताउने प्रवृत्तिका सासूहरूलाई नियतिको कारणले मुलबस आफैं गल्ती गरी पश्चातापको अग्निमा जल्न विवश हुँदै अर्कालाई दुःख दिने मानिसले आफैं भागीदार बन्नुपर्दछ र अर्कालाई दुःख दिनेहरूले क्षणिक रूपमा दुःख र सास्ती भोग्नुपरे पनि अन्ततः सत्यकै विजय हुन्छ भन्ने यस कथाको निष्कर्ष रहेको छ ।

## ३.९ भैसीं (भईंस्) लोककथा

एउटा पण्डित थियो । ऊ प्रत्येक गाउँमा पूजा गराउन जान्थ्यो । पण्डिताइन्ले सधैा भन्दथ्यो कि तपाइँ गाउँ गाउँमा सधै जान्छ, दूध दही खान्छ कि हामीलाई ल्याउँदैन कहिल्यै पनि, भनेर सधै यही कुरामा किचकिच गर्थ्यो ।

त्यसपछि पण्डितजीले सोच्यो कि भैंसी किन्नै पर्‍यो उसले भैंसी किन्यो । पच्चीसहजारमा । ५ लिटर दूध दिने, पाडीतर भैंसी थियो । भैंसी कुनै गाउँबाट ल्याएको थियो । गाउँका मान्छेहरू सोध्न थाले । "पण्डितजी ! कतिमा भैंसी किनेको ? कहाँबाट ल्याएको ?"

पण्डितजी भन्दै गए- "फलाना गाउँबाट ल्याएको, ५ लिटर दूध दिने, पाडीतर भैंसी छ भन्दा भन्दा पण्डितजी परसान भयो । पण्डितले सोच्यो- " ओहो ! यस्तो गर्दा म कति जनालाई भनिरहन्छु, बरु म एउटा उपाय गर्छु, सोच्दा सोच्दै एकदिन आफ्नो गाउँको नजिक पुग्यो । गाउँको नजिक उँख् थियो । उसले भईंस लगेर उँख्मा बाँधिदियो र गाउँमा गएर सबैजनालाई भन्यो- "बाघ आयो, बाघ आयो ।" यो सुनेर सबै गाउँलेहरू उँख्को नजिक भेला भए ।

बाघको नाम सुन्ने बित्तिकै गाउँलेहरू कोही भाला, कोही खुकुरी, कोही बन्दुक बोकेर आएको थियो । सबै गाउँलेहरू आइसकेको पण्डितजीले हेर्‍यो । पण्डितजी उँख्मा पस्न खोज्यो । बाघ धपाउन, तव गाउँलेहरू भन्छ पण्डितजी नजाऊ, बाघले खाइदिन्छ । पण्डितजीले भन्यो, पख्नुस म बाघलाई पक्रेर ल्याउँछु । पण्डितजीले भित्र गयो र भैंसीको डोरी पक्रिएर ल्याएको देखेर गाउँलेहरू सोध्छ, यो के रहेछ, पण्डितजी ? यै बाघ हो ? पण्डितजीले भन्यो कि, माफ गर्नुस् गाउँलेहरू म भैंसीको बारेमा वर्णन गर्दा-गर्दा हरानी भएँ, व्यक्ति नै पिच्छे भनिरहनुभन्दा बरु एकैचोटि सबैलाई भनिदिउँ मैले विचार गरे । त्यसैले यस्तो गरें । गाउँमा मलाई सधै सबैले सोधिरहन्छ । कि कत्तिमा किनेर लाएको त्यसैले मैले यसो गरेको अब भैंसीको दाम

पच्चीस हजार, पाँच लिटर दूध दिने, साथमा पाडी भएको, यो सबै कुरा सुनेर गाउँलेहरू छक्क परेर आ-आफ्नो घरतिर लागे ।

सुन्नेलाई सुनको माला,भन्नेलाई फूलकोमाला

यो कथा वैकुण्ठ जाला भन्ने बेलामा आइजाला ।

स्रोत व्यक्तिः मेघनाथ राय, सलम्पुर-६, उमेर ६० वर्ष

### ३.९.१ विवेचना

### ३.९.२ कथानक

प्रस्तुत कथा सामाजिक चलाखी र हाँस्यकथा पनि हो । यसमा एउटा पण्डितले आफ्ना गाउँलेहरूलाई भैंसी किनेको विस्तृत जानकारी सार्वजनिक रूपमा प्रस्तुत गरेको प्रसङ्गलाई श्रृङखला श्रृङखलित रूपमा प्रस्तुत गरिएको छ । यस कथाको शुरुवात पण्डितले गतिलो भैंसी किनेदेखि भएको छ भने पण्डितले गाउँले (जजमान) नै पिच्छे भैंसीको जानकारी गराउनु विकास भाग हो । उखुबारीमा सबै गाउँलेहरूलाई भेला गराई भैंसीकिनेको खबर भैंसीका विशेषता सार्वजनिक गर्नु अन्य भाग हो । गाउँमा साधारण नयाँ नौलो कुरो हुने वित्तिकै चर्चा परिचर्चा गर्दै सोधी खोजी गरेर हैरान पार्ने गाउँलेहरू वा कसैलाई यसरी बुद्धिमानीपूर्वक जानकारी दिनुपर्छ भन्ने आशय बोकेको प्रस्तुत कथा पूर्ण कथानक बोकेको रमाईलो कथा पनि हो ।

### ३.९.३ अभिप्राय

प्रस्तुत कथामा प्रयोग भएका कथानक रुढिहरू निम्न प्रकार छन्ः

पण्डितले आफ्ना गाउँलेहरूलाई उखुबारीमा बाघ पसेको ठट्टा गर्नु

### ३.९.४ पात्र

प्रस्तुत कथा मानवीय र मानवेत्तर पात्रको भूमिकामा निर्मित छ । यस कथाको प्रमुख पात्र पण्डित हो भने सहायक पात्र भैंसी हो, त्यसैगरी गौण पात्रहरूमा पण्डितनी र गाउँलेहरू रहेका देखिन्छन् । परिवारका सदस्यले किचकिच गरेपछि दुध खानका लागि खरिद गरेर ल्याएको लाहुरी भैंसीका बारेमा वर्णन गर्दा गर्दै हैरान भएका पण्डितले सबैलाई एक चोटी भैंसी देखाई दिउँ भनेर उखुबारीबाट बाहिर निकालिएर वास्तविकताको बोध भैंसी धनीबाट गराइन्छ । जसको फलस्वरूप भैंसीका बारेमा फेरि प्रश्नचिन्ह खडा हुँदैन । यसरी धनी ब्राम्हणले ज्ञान दिने कथा प्रस्तुत गर्न सफल भएका छन् ।

### ३.९.५ परिवेश

प्रस्तुत कथाले तराई क्षेत्रको ग्रामीण परिवेशको चित्रणगरेको छ । गाउँमा कसैले केही वस्तु किनेर ल्यायो भने, केही सानो तिनो नयाँ नौलो काम गऱ्यो भने बढी हल्ला हुन्छ । त्यसमाथि उक्त कथामा प्रयोग भएका, ठेट ग्रामीण शब्द भईस, पच्चीसहजार दाम भएको पाडीपर, पाँच लिटर दूध दिने, हिरापुरबाट ल्याएको आदि पूर्वी तराईको परिवेश झल्काउनेहरू भेटिन्छन । त्यसैगरी यसकथामा प्रयोग गरिएका भाला, उखुबारी पण्डितायन जस्ता शब्दहरूले त झन् तराईको ग्रामीण परिवेशको चित्रण गर्दछन् ।

### ३.९.६ उद्देश्य

प्रस्तुत कथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नुरहेको छ । यस कथामा पण्डितले आफ्नो जुक्ति लगाएर भैंसीलाई उखुबारीमा छाडी गाउँलेहरूलाई वास्तविकताको वोध गराएका छन् । पण्डितले फतर बोलेर शक्ति र समयको दुरूपयोग गर्नुभन्दा एकैपटकमा सबै कुरा प्रयोगात्मक तरिकाले छर्लङ्ग पारिदिएका छन् । समय र शक्तिको वचत गर्ने बुद्धिमानी प्रयोग यसकथनको मूल उद्देश्य हो ।

### ३.९.७ कथोपकथन

वर्णनात्मक किसिमले लेखिएको यसकथामा केही पात्रहरूका बीचमा कथोपकथन गराईएको पाइन्छ । कथामा महत्वपूर्ण भाग आउँदै जानु नै कथोपकथनको प्रयोग गरिनु हो । जसबाट कथामा थप रोचकता पाउन सकिन्छ । यसकथामा प्रयोग गरिएको केही कथोपकथनको अंशहरू निम्न रहेका छन् ।

पण्डितनी-  हजुरमात्र दही दूध खाने हामीलाई पनि एउटा भैंसी ल्याइदिनुहोस ।

गाउँले- पण्डितजी यो भैंसी कहाँबाट कहिले, कतिमा ल्याएको ?

पण्डितजी- हीरापुरबाट २५,००० मा हिजो ल्याएको

गाउँलेहरू- नजानुहोस पण्डितजी उखुबारीमा बाघले खाला ।

पण्डितजी- माफ गर्नुहोस गाउँलेहरू मैले झुटो बोलेकोमा ।

### ३.९.८ शैली

यस कथामा देखे वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ३.९.९ भाषा

ग्रामीण भेगका मानिसहरूसँग सम्बन्धित भाषा हेर्दा, विशुद्ध ग्रामीण लोकभाषाको प्रयोग भेटाउन सकिन्छ । यस कथामा तराईमा प्रचलित भाषिकको प्रयोग रहेका केही महत्वपूर्ण नवीन शब्दहरू यसप्रकार छन् ।

| कथामा प्रयुक्त कथ्य रूप | मानक लेख्य रूप |
|---|---|
| भइँस | भैंसी |
| पाडीपर | साथमा पाडी भएको |

| | |
|---|---|
| पण्डितायन | पण्डितनी |
| उँखु | उखु |
| परसान | दुःख/हैरान |
| हेर्‌यो | देख्यो |
| हरानी | वाक्क |
| लाएको | ल्याएको |

### ३.९.१० निष्कर्ष

यसकथामा नीति शिक्षा दिनु र मनोरञ्जन दिनु हो । विभिन्न काल्पनिक घटना श्रृङखलाहरूको उचित संयोजन गरेर मानिसलाई मनोरञ्जन प्रदान गर्नुका साथै एउटै भावनालाई पटक-पटक दोहोऱ्याएर समय खेर फाल्नु हुँदैन त्यसो गरयो भने समय र श्रम दुवै खेर जान्छ भन्ने सन्देश दिनु पनि यसकथाको मूल मर्म हो भन्न सकिन्छ ।

## ३.१० नयाँ लुगा लगाउँने राजा

एकादेशमा एउटा राजा थिए । उनको नयाँ लुगा लगाउने साऱ्है इच्छा थियो । उनी दिनहुं नयाँ नयाँ लुगा फेर्थे । त्यस देशका राजा नयाँ लुगा लगाउँन सौखिन छन् भन्ने हल्ला चारै दिशातिर चलेको थियो । यो खबर थाहा पाएर दुईजना ठग पनि आएका रहेछन् । उनीहरूले आएर त्यसै देशका एउटा प्रजालाई भनेछन्- "तपाईको देशका राजा नयाँ लुगा फेरिरहन ज्यादै रुचाइबक्सन्छ रे, हामी चाहिँ यस्ता यस्ता काम गर्न सिपालु छौं कि हामी संसारमा कसैले नदेख्ने अदृश्य, थरीथरीका लुगा बनाउँछौं ।" राजाकहाँ पनि यो खबर पुगेछ, राजा ज्यादै उत्सुक भएछन् । ती दुई ठगलाई दरबारमा झिकाइएछ, र सोधनी भएछ, कति दिनमा तयार गर्न सक्छौ ? ६-७ दिनमा त ययार गरिहाल्छौ नि ठगले भनेछन् ।

१०-१२ दिनपछि ती दुई ठगले खुलामञ्चमा राजालाई थरीथरीका नयाँ नयाँ डिजाइनका अदृश्य लुगा पहिऱ्याउने मितिको निश्चय गरेछन् । सबै प्रजाहरू पनि उत्सुक हुँदै राजाले 'नयाँ नयाँ लुगाफेर्ने' त्यो महोत्सवमा भेला भएछन् । प्रजाहरू हतारिएर आतुर देखिन्थे । राजा मञ्चको माथिल्लो स्टेजमा उभिए । ठगहरू पालैपालो हातको हातको इशाराले यो सर्ट हो, यो पाइन्ट हो यो कुर्ता हो, यो राष्ट्रिय पोशाक हो, आदि भन्दै भन्दै गए राजा ठिङ्ग उभिएर दुवै हात ठड्याएर नयाँ लुगा फेर्दै फेर्दै गए । राजाको नयाँ लुगाको बारेमा प्रजाहरूबाट कुनै प्रतिकृया आउँन सकेन । किनकी प्रजाहरू राजाको डरले बोल्नै सकेका थिएनन् । बालबालिकाहरू पनि त्यस कार्यक्रममा खुब उत्सुक भएर हेर्न आएका थिए । ती निर्दोष, अबोध बालबालिकाहरूको मनमा केही डर र लाज थिएन । दर्शकहरूको बीचमा एक बस्ने बालकले जुरुक्क उठेर भन्यो- "हाम्रा राजा नाङ्गै छन् ।" वास्तवमा राजा नाङ्गै थिए । राजाले यसो छामेछन्, ओहो ! हो त रहेछ, भन्ठानेर आफू नाङ्गै रहेको थाहा पाएपछि राजा लाजले भुतुक्क भएछन् । त्यस दिनदेखि राजाले लाजले मुख देखाउनै सकेनछन् र नयाँ लुगाको त नामै निकालेनछन् रे !

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला

यो कथा वैकुण्ठ जाला, भन्ने बेलामा मुखमा आउला ।

स्रोत व्यक्तिः टेकबहादुर पाण्डे,शान्तिपुर- ८,उमेर ४५ वर्ष

### ३.१०.१ विवेचना

### ३.१०.२ कथानक

प्रस्तुत कथा सर्लाही जिल्लामा प्रचलित सामाजिक व्यङ्ग्यात्मक कथा हो । यसमा एकजना फेसनद्वार राजाको बेइज्जत गरिएको छ । नयाँ लुगा लगाउने सोख भएका राजालाई थरीथरीका अदृश्य संसारमै (दुर्लभ) लुगा तयार गर्ने गठन राजाको बेइज्जत गरेको कुरालाई यस कथामा श्रृङखलाबद्ध ढङ्गले प्रस्तुत गरिएको छ । यस

कथाको प्रारम्भ नयाँ लुगा लगाउने राजाको लुगा तयार गर्न दुईवटा ठगलाई आदेश दिनुबाट भएको छ भने, राजाको वस्त्र प्रदर्शन महोत्सवमा राजा अदृश्य लुगा लगाएर मख्ख पर्दै जनतासामु उभिनु विकास भाग हो । यस कथाको अन्त्य भाग समारोहमा केटाकेटीले भनेअनुसार राजा नाङ्गै भएर लाजले भुतुक्क हुनु हो । यस कथाका राजालाई अन्त्यमा नयाँ लुगा लगाउनु त के जनतासामु मुख देखाइनसक्नु भएको छ । यिनै घटनाहरूको श्रृङखलाबद्ध संयोजनबाट यो लोककथा श्रृङखला, आकर्षक र पुष्ट हुनपुगेको छ । अतः एउटा पूर्ण कथानक भएको सफल र लोकप्रिय कथाका रूपमा यो लोककथा रहेको छ ।

### ३.१०.३ अभिप्राय

यस कथाका कथानक रुढि (अभिप्राय) लाई यसप्रकार देखाउन सकिन्छ ।

- बुद्धिमान ठगहरूले राजाको नराम्रो चाहनालाई व्यङग्य गर्नु र राजा सुधारिनु ।
- नयाँ लुगा फेर्ने रहर गर्नु ।

### ३.१०.४ पात्र

यस कथामा राजा, मन्त्री, ठगहरू, बालक आदि पात्र आएका छन् । प्रस्तुत कथाका प्रमुख पात्र राजा हुन् । उनकै केन्द्रीयतामा कथानक अघिबढेको छ । थोरै पात्रहरूको संयोजन गरिएको यस कथामा मुख्य पात्र राजा भएपनि खल पात्रका रूपमा दुई ठगहरू रहेका छन् । गौण पात्रमा जनता, बालबालिका आदि रहेका छन् ।

यसरी नियाल्दा यस 'नयाँ लुगा लगाउने राजा' कथामा एउटा राजाले मुख्य पात्रको भूमिका निर्वाह गरेका छन् । सुखसयलबाट पुत्रीसरी आएका राजालाई दिनहुँ नयाँ लुगा फेरीफेरी लगाउने धोको रहेको छ । लुगा तयार गर्ने व्यक्तिहरू पनि तयार छन् । उनीहरूले तोकिएकै दिनमा लुगा तयार पार्ने टुङ्गो गरेका छन् । लुगा लगाएर मख्ख पर्ने राजा तयारी पोशाक लगाएर जनताहरूलाई पालैपालो देखाइरहेका छन् । अन्तमा उनी आफू नाङ्गै रहेको वास्तविकता थाहा पाएपछि राजालाई पश्चाताप भएको

छ । यसरी हेर्दा राजा भएर आफ्ना प्रजाका पीर मर्कालाई नजिकैबाट नियाल्ने र देशलाई सुधार र विकास गर्ने कुरामा चिन्तन गरिरहनु पर्नेमा आफ्नै लवाइ खवाइमा मात्र ध्यान दिएर आफ्नै सुखसयलमा वास्ता गर्ने वर्तमान राजा वा शासकवर्गको प्रतिनिधि पात्रको रूपमा समेत यस कथामा राजा देखिन पुगेका छन् ।

यसै गरी कथाको अर्को पात्र दुई जना ठगहरू हुन् । उनीहरूको पेशानै ठगी गर्नु हो । ती दुई ठगको यस कथामा उल्लेखनीय भूमिका नरहेपनि कथामा तिनीहरूको आवश्यकता देखिन्छ । खासगरी राजा, ठग र केटो तीन पात्रको यसकथामा त्रिकोणात्मक सम्बन्ध बुझ्न सकिन्छ । आवश्यक र उचित पात्रको संयोजनद्वारा कथा रोचक बन्न पुगेको छ ।

### ३.१०.५ परिवेश

यो लोककथा लौकिक परिवेश र शहरी परिवेश दुवैमा आधारित छ । ठूला भनाउँदा राजामहाराजाहरूलाई पनि छट्टु र ठगहरूले बाँकी राख्दैनन् । उनीहरूले चाहे भने ठूला भनाउँदाहरूलाई आखामा पट्टी लगाई दिउँसै रात पारेर निर्वस्त्र हिँड्न विवश गराउँछन् । तसर्थ समाजमा छट्टुहरूले सानो ठूलो जस्तोलाई पनि झुक्याउन र छक्याउन सक्छन् भन्ने कुराको ज्वलन्त उदाहरण उक्त कथा बनेको छ ।

### ३.१०.६ उद्देश्य

प्रस्तुत कथाको उद्देश्य राजाको फेसन र ठगहरूको दाउपेचलाई उदघाटन गर्नु रहेको छ साथै आफू को हुँ के गर्दै छु, सबै सोचविचारै नगरी अर्काको लहैलहैमा लाग्नु हुँदैन, नत्र यसकथाका प्रमुख पात्र राजाको झैं दुर्गति हुन्छ भन्ने हो । उद्देश्यको चित्रण गर्नमा कथा सफल रहेको छ ।

### ३.१०.७ कथोपकथन

प्रस्तुत लोककथामा छोटा आयाममा केही कथोपकथनको प्रयोग गरिएको पाइन्छ । जुन यसप्रकार छन् ।

ठगहरूले प्रजालाई भनेछन्- “तपाईको देशका राजा नयाँ लुगा फेरिरहन ज्यादै रुचाइबक्सन्छ रे हामी चाहिँ यस्ता कार्य गर्न सिपालु छौ कि हामी संसारमा कसैले नदेख्ने अदृश्य थरीथरीका लुगा बनाउँछौ ।”

### ३.१०.८ शैली

यसकथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ३.१०.९ भाषा

यस कथामा प्रयोग भएका भाषा केही उच्च आदरार्थी क्रियापदको प्रयोग भएका छन् । जस्तै रुचाइबक्सन्छ रे ! अन्य प्रकारले हेर्दा यस कथामा सरल, स्पष्ट आकर्षक ग्राम्य, अनि बोलीचालीको भाषा प्रयोग गरिएको पाइन्छ ।

### ३.१०.१० निष्कर्ष

यस कथामा राजाले नयाँ लुगा फेर्ने गरेका, राजाको मानिस हुन् । शासक हुन् शोषक होइनन्, जसरी एउटा घरका बुबाले आफ्ना परिवारको रेखदेख, पालनपोषण, शिक्षा दिक्षा, हेरविचार र भविष्यमा ध्यान दिनुपर्छ, त्यसैगरी राजाले पनि आफ्नो देशका प्रजाहरूका दुःख सुख, सजिला, अप्ठ्यारा, आदि सबै कुरामा विचार पुऱ्याउनुपर्ने हुन्छ ।

देशको चिन्तकले आफ्नो पनि इज्जत धान्न नसकेपछि भन् अरुको के गति होला ? ठूलाका कार्यको अनुकरण सानाले गर्छन् राजाले नै त्यसो गरेपछि जनता ( अरुको) के गति होला ? भन्ने र जिम्मेवार सदस्यले आफ्ना अधिकार, कर्तव्य जिम्मेवारी, दायित्व भुलेर आफू नै विलासीतामा डुब्न थाल्नेहरूलाई समेत समेट्न खोजेको व्यङग्य गरेर असल कार्य जिम्मेवारी पूर्वक गर्नुपर्ने कुरामा सचेतता जनाउन खोजेको प्रस्तुत कथाको मूल आशय यही नै हो ।

## ३.११ सात राजकुमारको शिकार लोककथा

एकादेशमा एउटा राजाका सात राजकुमार थिए । तिनीहरू शिकार खेल्न जंगलतिर गएछन् । जाँदा जाँदा रात परेछ । जंगल नजिकै एउटा घरमा बास माग्न गएछन् । त्यस घरमा एउटा आमा र सातवटी ८ जना आमा छोरी रहेछन् । ७ छोरी मध्ये ६ वटी छोरी बूढीका आफ्ना छोरी र एउटी धर्मपुत्री रहिछे । धर्मपुत्री बाहेक बूढीका सातआमा छोरी बोक्सी रहेछन् । ती बूढी आमाले सात राजकुमारलाई बास बस्न दिने बेलामा एउटा राखिन् । शर्त यो राखिन्- "तिमीहरूले मेरा सातवटै कन्यासँग विवाह गर्छौ भने म तिमीहरूलाई बास दिन्छु" रातिको समय जंगलको छेऊ उपयुक्त बास, अविवाहित राजकुमार, उनीहरू तै पनि अकमकाए, अन्तमा स्वीकार गरे ।

आमा चाहिँले भनिन्- तिमीहरू तीन महिनासम्म यही बस्नुपर्छ । तिमीहरूलाई एक-एकवटा कोठा, खानाको व्यबस्था मिलाउने छु भने सोही अनुसार ब्यवस्था पनि मिलाईदिइन् । मागेर ल्याएकी धर्मपुत्री कान्छी छोरीले खाना पकाउन थालिन् । भान्सामा खाना पकाउँदा पकाउँदै ती कन्यालाई दीसा लागेछ । ती राजकुमारहरूले विचार गरे कि यो घर सर्किनीको हो, यो कन्यालाई पनि दीसा लागेको छ । यो बाहिर निस्केर दीसा गर्न गै भने हामी यसले छोएको नखाने नत्र भने खानैपर्ला भनेर चियो गर्न थाले । ती कन्याले ढोकाको कुनामा बसी टपरीमा दीसा गरिन् । टपरी घरको खोपामा घुसारीन् । घसारिसकेपछि ती राजकुमारहरूलाई खाना तयार भयो भनेर बोलाइन् । उनीहरू खान बसे । अब कन्यालाई सोच परेछ, यी पुरुषहरू खाना खान बसेका छन् । यदि मेरो दीसा गन्हाएमा यिनीहरूले खाना खाने छैनन् । यो कुरो आमाचाहिँले थाहा पाइछिन र भनिछिन भगवानको शक्ति भए यो दीसा मगमग बासना चल्ने सिन्की अचार होस् ।" नभन्दै त्यो दिसा मुलाको सिन्की अचार भएछ त्यसपछि उनीहरू राम्ररी खाना खाएर उठे । दिन विस्तार वित्दै गयो । आजभोली भन्दा भन्दै तीन महिनाको म्याद सिद्धिने बेलामा ६ जना राजकुमारको खुट्टाका नङबाट पीप वग्न थालेछ । एकजना राजकुमार जो धर्मपुत्रीसित बसेको थियो । उसको खुट्टावाट चाहिँ

पिप आएनछ र ती कान्छी चाहिँले आफ्ना राजकुमारलाई यो कुरा सुनाईन, अनि फेरि के भनिछ भने ती ६ वटी दिदीहरू खोलामा नुहाउन गएका छन् । तिनीहरूले अब ती ६ जना राजकुमार जसको खुट्टाबाट पिप बगेको छ । तिनैको मुटु कलेजो खानेछन् । यो कुरा चाल पाएपछि ६ जना राजकुमारको खुट्टामा गएर हेर्दा त साच्चिकै पिप आएको रहेछ अनि ती सातैजना आ-आफ्ना घोडामा चढे । ती कान्छीलाई पनि साथैमा लिई त्यहाँबाट हिँडे । जाँदा जाँदा खोलामा पुगे यो कुरा ती ६ वटीले थाहा पाएर घोडाको पुच्छर समातेर जान लागेछन् अनि त्यो धर्मपुत्री पालिएकी सज्जन कान्छी चाहिँले घोडाको पुच्छर काटिदिनुहोस् भनेर सिकाइ छ, राजकुमारहरूले ६ वटा घोडाको पुच्छर काटेछन् । ती बोक्सी कन्याहरूलाई छाडेर एउटीलाई साथमा लिएर त्यहाँबाट वायुवेगले घोडाकुदाएछन् ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला

यो कथा वैकुण्ठ जाला, भन्ने बेलामा आइजाला ।

स्रोत व्यक्तिः रीता प्रसाईँ, कर्मैया-४, उमेर ३१ वर्ष

### ३.११.१ विवेचना

### ३.११.२ कथानक

यस कथामा अतिमानवीय मनोरञ्जक सामाजिक विषयवस्तु सम्बद्ध कथालाई रोचक बनाउनुका साथै कथानक कौतुहलतापूर्ण र रोचक बनेको छ ।

कथाको आरम्भ राजकुमारहरू जंगलमा शिकार खेल्न जानु, रातपरेर बास बस्नुबाट भएको छ भने, बूढीको घरमा बास बस्नु, बूढीको आमा छोरीहरू खोलामा जानु विकास भाग हो । यस कथाको अन्त्यभाग राजकुमारले ६ वटी केटीहरूलाई छोडे ।

यस कथाको आरम्भ राजकुमारहरू जंगलमा बोक्सीको घरमा हो भने बास बस्नु बूढीको कान्छी छोरी धर्मपुत्रीले पकाएको भात खानु, बूढीका ७ आमाछोरी ।

यस कथाको आरम्भ सातराजकुमार जंगलमा शिकार खेल्न जानु भएको छ । यसकथाको विकास जंगलमा कतै बासनपानु, एउटी बूढी हुनु, बूढीको घरमा बास माग्नु, बूढीले शर्त राख्नु, राजकुमारले शर्त स्वीकार गर्नु, बूढी र उसका ६ वटी छोरीहरू बोक्सी हुनु, एउटी कान्छी छोरी (धर्मपुत्री) सज्जन हुनु, कान्छी छोरीले भात पकाउनु, कान्छी छोरीलाई दीसालाग्नु, घरभित्रै टपरीमा दीसा गरेर खोपामा लुकाउनु, ती राजकुमारलाई भात खुवाउने बेलामा टपरीको दीसा मगमग बासना आउने सिन्की अचार हुनु, बूढीका सात आमाछोरी खोलामा नुहाउन जानु, बूढीका ६ वटी छोरी बोक्सी भएकाले ६ राजकुमारका खुट्टाका नङबाट पीप आउनु, उनीहरूले सबै रहस्य थाहा पाउनु । कान्छी राजकुमारीलाई लिएर घोडामा चढेर भाग्न लाग्दा खोलाका अरु राजकुमारीहरूले घोडाको पुच्छर समातेर पछि लाग्नु, राजकुमारहरूले घोडाको पुच्छरै काटिदिएर आफ्नो बाटो लागे ।

### ३.११.३ अभिप्राय

यस कथामा भेटिएका कथानकरुढिहरू

- टपरीको दीसा मुलाको सिन्की अचारमा रूपान्तरण
- विश्वासघातिनी बोक्सी कन्याहरू
- बोक्सीद्वारा मार्न ठीक पारिएका सातराजकुमार धर्मपुत्री राजकुमारीले गर्दा बाँच्न सफल भएर भाग्नु,
- राक्षसनीले पालेकी धर्मपुत्री राजकुमारी रानी बन्न पाउनु,

### ३.११.४ पात्र

यस कथामा धेरै पात्रहरूको संयोजन गरिएको छ । जहाँ मुख्यतः दुई थरी पात्रहरू रहेका छन् र अन्य सहायक तथा गौण पात्रहरू रहेका छन् ।

यसरी हेर्दा यस 'सात राजकुमारको शिकार' कथामा सातजना राजकुमार मुख्य पुरुष पात्रका रूपमा देखिन्छन् भने एउटी धर्मपुत्री (स्त्री सहायक पात्र) का रूपमा देखिन्छन् । त्यसैगरी यस कथामा आएका अन्यपात्रहरू बूढीका ६ वटी छोरी राजकुमारी सहायक जासुसी मानवीय स्त्रीपात्र हुन भने बूढी गौणपात्र हुन् । पुरुष पात्र, अतिमानवीय र मुख्यपात्रका रूपमा रहेका सातराजकुमारले यसकथामा शुरुदेखि अन्त्यसम्म आफ्नो भूमिका निर्वाह गरेका छन् भने उनीहरू सरल स्वभावका, नम्र र चतुर तर सबैलाई विश्वास गर्ने, अनुकूल पात्रका रूपमा रहेका छन् । रातपरेपछि जंगलमा बासनपाएर बोक्सी बूढीका घरमा बूढीकै शर्तअनुसार बासबस्नु उनीहरूको बाध्यता हो भने भान्सेले भातपकाउँदा दिसा गरेको टपरी भित्रै राखेको थाहा पाउँदा पाउँदै भित्र भात खान जानु उनीहरूको सोझोपन हो र आ-आफ्ना राजकुमारीहरू जासुसी भएका उनीहरूलाई भेदेर खुट्टाका नङबाट पिप बगेको थाहा नपाउनुमा पनि उनीहरू अति सोझोपन देखिन्छ । त्यसैले सात राजकुमारहशरु यसकथाका अनुकूल, सोझा, फट्याइँ छट्याइँ नभएका अति सरल पात्र हुन भन्ने देखिन्छ ।

यस कथामा रहेकी सहायकपात्र धर्मपुत्री (राजकुमारी) हुन उनी यसकथाकी स्त्रीपात्र, मानवीयपात्र, मानवीयपात्र र सरल सोझी, दयालु, पात्रका रूपमा रहेकी छिन् । राजकुमारहरूलाई खानापकाएर खुवाउनु, साना साना अप्ठ्यारामा पनि छिट्टै डराउनु गल्तीलुकाएर भगवानको भरोसा गर्नु, राजकुमारहरूलाई राजकुमारीहश्रु बोक्सी भएको कुरा जानकारी दिनु, आदि कार्यबाट उनी अत्यन्त दयालु सोझी, सरल, नम्र पात्रका रूपमा  देखिन्छिन् । उनको सक्रियतामा कथानकले अग्रगति लिएको छ ।

यसैगरी यसकथाका अन्यपात्रहरू बूढीका ६ वटी छोरीहरू, बूढी, घोडाहरू यिनको कथामा खासै बुझ्न सकिन्छ ।

### ३.११.५ परिवेश

यसकथाको परिवेशका रूपमा देखापर्ने जटिल ठाउँ तराईको जंगलको बाटो अनकण्टार स्थल, बीचमा एउटा घर र समुन्द्र वा खोलो आदि स्थल रहेका छन् । यस उल्लिखित स्थल चाहिँ तराईको गाउँभन्दा  निकै परको घना जंगल हो ।

त्यस्तै यस कथाको परिवेशमा विशेष कथा समयको प्रयोग नभई, रातपरेपछि ३ महिनाको अवधि एक डेढ महिनापछि, एक छिनमा आदि सामान्य कथा समयको प्रयोग गरिएको पाइन्छ ।

### ३.११.६ उद्देश्य

यसकथाको उद्देश्य आफू जस्तो हुन्छ अरूपनि त्यस्तै हुन्छ भन्ने ठान्नु एकदम गलत सोच हो । राजकुमारहशरुले यस्तै सोचेर दुःखमा परेका हुन्, हुनत उनीहरूको अन्तमा उद्धार भयो तर धर्मपुत्री राजकुमारी नभइदिएको भए उनीहरूको ज्यान जाने थियो ।

यसैगरी यसकथामा ती ६ वटी राजकुमारीहरू विश्वासघाती हुन् । यिनीहरूको व्यवहार हेर्दा, अर्काको कुभलो सोच्नेको आफ्नो पनि कहिल्यै भलो हुँदैन र जसले सबैको भलो सोच्दछ उसको जीवनमा सुखशान्ति सबैकुरा स्वतः प्राप्त हुन्छ, धर्मपुत्री जस्तै भन्ने यसकथाको मूल सन्देश हो ।

### ३.११.७ कथोपकथन

प्रस्तुत कथामा लामा र महत्वपूर्ण किसिमको कथोपकथनको खासै गरिएको छैन, तैपनि केही छोटा कथोपकथनहरू यसप्रकार छन्-

धर्मपुत्री (राजकुमारी): तपाईहरूका खुट्टाका औंलाका नङमा हुर्नुहोसत !

६ राजकुमारहरू- ओहो ! हाम्रो खुट्टाको नङबाट त पिप बगिरहेछ, अब हामी कसरी उम्कने होला ।

कान्छी राजकुमारी- तपाइँहरू अहिले नै घोडा चढेर भागिहाल्नुहोस हैन भने तिनीहरूले मार्छन् ।

### ३.११.८ शैली

यसकथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको पाइन्छ ।

### ३.११.९ भाषा

यस कथामा सरल भाषाको प्रयोग गरिएको छ तर त्यो पढौ पढौ लाग्ने खालको चित्ताकर्षक भने छैन । केही चलनचल्तीका नेपाली शब्दहरू टपरी, दिसा, मगमग, बास्ना, सिन्की अचार, मुला, आदिको प्रयोग गरिएको छ । यो कथा वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ३.११.१० निष्कर्ष

यस कथामा मूल रूपमा यात्रा सधैँ सफल सार्थक हुन्छ भन्ने छैन हो किनकी राजकुमारहरूलाई मृत्युको पासोमा पार्न खोज्ने राक्षसनी बूढी आफूले खनेको खाल्डोमा आफै परिन्छ भनेझै भई निर्दोष, हेपिएकी धर्मपुत्री सोच्दै नसोची राजकुमारी, भविष्यकी रानी हुन पाई आमाद्वारा माया ममता अर्ती, उपदेश, शिक्षा पाएका राजकुमारी (बूढीका छोरीहरू) वल्लो घाट न पल्लो तीर भए ।

यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने संसारमा सबैभन्दा बाठो आफूलाई ठान्ने, आफ्नो भाग्य निर्माता आफैं बन्ने, समय, परिस्थिति अनुसार चल्न नसक्ने, अर्काको कुभलो सोच्ने, आफ्नो र पराइ छुट्याउने, ठीक बेठीक छुट्याउन सक्ने क्षमता नभएकाले बाबुआमाकै सल्लाह भएपनि गलत विचारलाई तिरस्कार गर्न नसक्ने मानिसहरू भविष्य अन्यौलपूर्ण हुन्छ भन्ने निष्कर्ष यस कथामा रहेको छ ।

## ३.१२ सुखिया दुखियाको कथा

उहिले सुखिया दुखिया दुई दिदी बहिनी थिए । सुखियालाई सुख थियो, दुखियालाई दुःखै थियो । एक दिन दुखियाको मनमा के विचार आएछ भने ज्यादै दुःख पाएँ आमाबुबा नभएपनि दाजुभाउजूले केही सहयोग गर्छन् कि भनी माइत गइछ । घरमा दुइवटा छोराछोरीलाई अऱ्हाइ, सिकाई गरेर घर जिम्मा लगाएर म कोसेली ल्याइदिउँला भनेर ऊ हिंडिछ । जाँदा जाँदा उसले बाटोमा एउटा गाई भेटी । गाईलाई सुत्केरी व्यथा लागेको थियो । गाईले सोध्यो ए ! तिमी को हौ ? म दुखिया हुँ, दुखियाले जवाफ दिई । यता आऊ त गाईले भन्यो, दुखिया गाइको नजिकै आई । गाईले भन्यो- "ए ! दुखिया मलाई असाध्यै ढाड पेट दुखेको छ तेल लगाएर मिचिदेऊ न, मालिस गरिदेउ न ।" दुखियाले पनि गाईले भने जस्तै तेल लगाएर माडमुड पारिदिई । गाईलाई अलि सञ्चो भयो । एकैछिनमा बाच्छो पायो । गाईसित विदा मागेर दुखिया माइततिर लागी । फेरि जाँदा जाँदा बाटोमा एउटा बयरको बोट देखी । बयरले सोध्यो- "ए ! तिमी को हौ ? म दुखिया दुखियाले जवाफ दिई । ए ! दुखिया यता आऊ त, एता आऊत बयरले मायालु स्वरले बोलायो । दुखिया नजिकै आई ।" "मेरो वोटको वरिपरि छर्कनले बढारकुडार गरी सफा पारिदेऊ न ।" दुखियाले पनि बढारकुँडार गरेर सफा पारिदिई । अब बाटो लागी । बयरले फेरि भन्यो- " दुखिया ! फर्केर यतैबाट आउ म तिमीलाई बयर दिउँला । हुन्छ भन्दै ऊ हिँडी । जाँदा जाँदा दुखिया माइत पुगी । उसकी भाउजू खुशी भइन् । भाउजूले भनिन्- "ए ! दुखिया यो गाग्रीमा पानी लिएर आऊ ।" पानी ल्याई । खाजा खाऊ भनेर खाजा दिईन् । खाजाा खाई । भाँडा माझ माझिदिई । ढिकीबाट चामल फलेर ल्याइदेउ, ल्याई। साँझ पर्न लागेकोले दुखियाले घर जान्छु भनी । भाउजूले पनि हुन्छ भन्दै थुप्रै कोसेली ठीक पारिदिइन् । चामल, दाल, तरकारी, ठेकुवा, सठयौरा, मुरी चिउराको आदिको पोको पारिदिइन् । छिटो जाऊ, राम्रो सित जानु है ? भनेर अलिवरसम्म पुऱ्याउन आइन् । दुखिया घर पर्किन थाली । आउँदा आउँदा बाटोमा बयरले देख्यो बोलायो । ए ! दुखिया यता आऊ त, लाऊ यो कोसेली लैजाऊ, बालबच्चा खान्छन् । बोकेर आउँदै थिई आउँदा आउँदा गाईले सोध्यो ए !

तिमी वटुवी को हौ ? म दुखिया, दुखियाले जवाफ दिइ । एता आऊ त, नजिकै आई । गाईले एक बाल्टिन दूध दिएर लौ यो लैजाऊ, घर लगेर बालबच्चालाई खीर पकाएर खुवाऊ भन्यो । हवस् भन्दै दुखिया सबैले दिएको कोसेली बोकेर घरतिर आई । आउँदा आउँदा बल्ल घर आइपुग्यो । दुखियाका छोराछोरी आमा आउनुभयो । आमा आउनुभयो !! भनेर खुशी हुँदै  उफ्रिएर आए । दिदी सुखियाका छोराछोरी पनि ओहो । सानिमा मावलबाट आउनुभएछ भन्दै रमाउँदै आए । दुखियाले बालबच्चालाई कोसेली बाँडिदिई । उनीहरू उफ्री-उफ्री रमाई-रमाई खान थाले । वल्लो घर पल्लोघर दौडन थाले । यो खबर थाहा पाएर सुखिया पनि आई । उसले पनि बहिनीको कोसेली खाई । उसले मनमनै सोची, अब म पनि माइत जान्छु र यो भन्दा धेरै कोसेली ल्याउँछु । म धनी छुँ, सुखी छु, त्यसैले दुखियाको भन्दा मेरो बढी सम्मान गर्छन् माइतमा ।

सुखिया भोलिपल्ट विहान सबेरै उठी । राम्रा राम्रा लुगा गहना लगाएर ठाँटिएर माइत हिँडी । जाँदा जाँदा बाटोमा एउटा गाईले उसलाई देख्यो ए ! तिमी  बाटो हिँड्ने बटुवी को हौ ? गाईले सोध्यो । म सुखिया हुँ । सुखियाले भनी । “ए ! सुखिया मेरो गोठ एकदम फोहोर भएको छ । यो गोबर हिलो सबै सोहोरेर सफा पारिदेऊ न ।” सुखियाले झर्किंदै जवाफ दिई- “म माइत हिँडेकी, मलाई अधासध्यै हतार छ, म सक्दिन” भन्दै त्यहाँबाट हिँडी । जाँदा जाँदा बाटोमा एउटा बयरले सुखियालाई देख्योर सोध्यो ए ! तिमी वटुवी को हौ ? एता आउ त” म सुखिया हुँ भन्दै सुखिया बयरभएतिर आई । बयरले भन्यो “ ए ! सुखिया तिमी मेरो यो बोट वरिपरिका सुकेका हाँगाविँगा, फोहोर सफा गरेर एकचोटी झाडु लगाइदेऊ न !” सुखियाले मलाई हतार छ, म माइत हिँडेकी त्यसैले अहिले यो काम गर्न भ्याउँदिन भनेर त्यहाँबाट पनि हिँडी । जाँदा जाँदा माइतामा पुगी । माइतमा गएर मञ्जाले पलेटी कसेर बसिरही । भाउजू चाहिँले पनि धेरै वास्ता गरिनन्  । खाजा खान पनि सोधिनन् । बेलुका हुनै लागेको थियो, अनि सुखियाले भनी- “ए ! भाउजू मलाई साँझ पर्न लाग्यो, घर जान ढिला हुन्छ, म जान्छु ।” भाउजू चाहिँले पनि जवाफ दिई- “के गर्नु सुखिया, अस्ति दुखिया आउँदा त सबै कुरा थियो, त्यसैले दिई पठाएँ तर अहिले त धान कुटेको छैन,दाल पनि दलेको छैन, चिउरा मुरी केही जोरेको छैन । सठ्यौरा ठेकुवा केही

बनाउन भ्याएको पनि छैन । ग्राग्रीमा पानी पनि छैन, भाँडा पनि जुठै छन् । त्यसैले अलिकति जो भएको खाजा खाऊ अनि जाऊ । थोरै खाजा दिइन् सुखियाकी भाउजूले सुखियालाई । सुखिया साँझ पर्न थालेकाले माइतबाट रित्तै हतार-हतार घरतिर फर्की । बाटोमा बयर गाईहरूले पनि केही वास्ता गरेनन् । खिन्न मन लिएर, भैगो अब त्यो माइतमा कहिल्यै जान्न, भन्ने सोच्दै-सोच्दै घर पर्किन् । घरमा आइपुगेपछि अघि झैं केटाकेटीहरू आमा आउनुभयो, ठूलीआमा आउँनु भयो भन्दै उफ्रिदै आए । कसैले केही खान पाएनन् । सबै ठुस्स ठुस्सिएँ । त्यस दिन देखि सुखिया पनि बहिनी दुखिया जस्तै सहयोगी, मिलनसार वन्न थालिन् । दिदीबहिनी आनन्द मिलेर भन्ने बेलामा तुरुन्त आइजाला ।"

सुन्नेलाई सुनको माला,भन्नेलाई फूलकोमाला

यो कथा वैकुण्ठ जाला भन्ने बेलामा आइजाला ।

स्रोत व्यक्तिः रतिना पासवान, ईश्वरपुर- २, उमेर १९ वर्ष

### ३.१२.१ विवेचना

### ३.१२.२ कथानक

प्रस्तुत कथा सर्लाहीमा सुन्ने सुनाउने परम्परामा रहेको सामाजिक/ अतिमानवीय/ नीतिकथा हो । दिदी बहिनी बीच मायाममता भए पनि अदृश्य रूपमा कस्तो प्रकारको इर्ष्या लुकेको हुन्छ भन्ने कुरालाई श्रृङ्खला मिलाएर प्रस्तुत गरिएको छ । यस कथाको आरम्भ दुःखी बहिनी दुखिया माइत गएबाट भएको छ भने बाटोमा भेटेजति जनावर वनस्पतिहरूको सेवा गर्दै माइत पुगी त्यहाँबाट फर्किंदा सबैले माया गरेर दिएका भारीका भारी कोसेली घर आउँदा ल्याउनु यस कथाको विकास भाग हो । यसैगरी सुखिया फुस्रो अनुहार लगाउँदै माइतबाट रित्तै हात घरफर्किनु यस कथाको अन्त्य भाग हो । गुणी र दयालुलाई सबैले माया गर्छन भने बैगुनी र घमण्डीलाई

कसैले मन पराउँदैनन् भन्ने कुरालाई यस कथामा दर्शाउन खोजिएको छ । पूर्ण कथानक भएको सफल र लोकप्रिय कथाका रूपमा यस कथालाई लिन सकिन्छ ।

### ३.१२.३ अभिप्राय

सामान्य धर्म वा गुण भएका धेरै वस्तु वा चरित्रको परम्परित रूप वा रुढ तत्त्वहरू अभिप्राय हुन् । यस लोककथामा आएका कथानक रुढि (अभिप्राय) हरूलाई यसप्रकार देखाउँन सकिन्छ ।

- इर्ष्यालु दिदी
- वृक्ष वनस्पतिले मानववत् व्यवहार गर्न,
- मानिसभ्कै बोल्ने बयरको रुख,
- मानिस भ्कै बोल्ने गाई/गोरु,
- भद्र र सहयोगी मानिसलाई सबैले सहयोग गर्नु,
- गरिब आइमाई भाग्य फर्कनाले सुखी हुनु,

यिनै अभिप्रायहरूको संयोजनले प्रस्तुत कथा सुगठित र सुन्दर बनेको छ ।

### ३.१२.४ पात्र

प्रस्तुत कथामा मानव,मानवेत्तर प्राणी र वनस्पति पात्रको उपस्थिति पाइन्छ । दुखिया बहिनी यसकथाको प्रमुख पात्र हुन् । दुःखले सास्ती पाएकी, पेटभरी खाने र आङ्भरि लगाउने बन्दोवस्त नभएकी महिला दुखिया काम गरी जीविकोपार्जन गर्छिन् । यस सिलसिलामा उनी माइत जान नपाएर पेटभरि खान र यसो दुइचार छाकको गर्जो टार्न सकिन्थ्यो भनेर माइततिर लाग्दछिन्, जाँदा जाँदा बाटोमा भेटेजति सबै इष्टमित्रहरूसँग भेट गर्दै उनीहरूको दुःखमा साथ दिदै माइत पुगेकी दुखियाले माइतमा पनि भाउजूलाई काम धन्दा सघाई दुःख गर्दै केही कोसेली लिएर सबैको सहयोगको

पोको बोकेर घर फर्किन्छिन् । यसरी हेर्दा पारिवारिक र आर्थिक दुःखले पिल्सिएकी दुखिया हाम्रो समाजका कैयन दुःखी छोरीचेलीहरूको प्रतिनिधि पात्रको रूपमा समेत देखिन पुगेकी छिन् । सत्पात्र दुखिया अघि दुःख गरेपछि सुखको अभिलाषा राख्छन् ।

यसैगरी कथाको अर्को पात्र सुखिया हुन् । सुखिया नाताले दुखियाकी दिदी हुन् । यस कथामा उल्लेखनीय भूमिका नरहेपनि कथामा उनको आवश्यकता देखिन्छ । खासगरी दुखिया उनले गरेको दुःख र सुखियाको त्रिकोणात्मक सम्बन्ध बुझ्न सकिन्छ । सामान्यतया सहायक पात्रको रूपमा देखिएकी सुखिया अगाडि सुख गर्न चाहने र भविष्यमा आउने दुःख प्रति ख्याल नराख्ने पात्र हो ।

यस अतिरिक्त कथामा दुखियाका इष्टमित्रहरू जस्तैः गाई, बयरको बोट, भाउजू, छोराछोरीको पनि चर्चा परिचर्चा गरिएको पाइन्छ तर ती सबै दुखियाको जीवनमा घटेका घटनाहरूसँग सम्बन्धीत रहेका छन् । जसले कथालाई गति प्रदान मद्दत गरेको छ ।

### ३.१२.५ परिवेश

यस कथामा तराई क्षेत्रको ग्रामीण परिवेशको चर्चा गरिएको छ । जसमा सत् पात्र र अस पात्र दुवैखाले पात्र परिवेशमा देखापरेका छन् । सत् पात्र जस्तो सुकै कठिन कार्य गर्न पनि तयार रहेका कारण उसले परिश्रमको मीठो फल प्राप्त गर्न पुगेकी छ भने असत् पात्र सुखियाले दुःख नगरी सुख प्राप्त गर्ने क्षणिक सोचाइका कारण उसको जीवन दुःखद बन्न पुगेको छ ।

### ३.१२.६ उद्देश्य

प्रस्तुत कथाको उद्देश्य सुख-दुख दुवैका बारेमा जानकारी राख्नु पर्छ भन्ने हो । सुखिया झैं सुख चाहने दुःख गर्न नसक्ने भएर काम लाग्दैन,त्यो सुख क्षणिक हुन्छ । त्यस्तो असहयोगी मानिसलाई कसैले मन पराउँदैन । दुखिया झैं अघि दुःख गरी पछि सुख चाहने बानी राम्रो हो । 'अघिको दुःख पछिको सुख' भन्ने उखान नै छ त्यसैले

दुःखदेखि नडराऔं । दुखिया जस्तै सहयोगी, परिश्रमी बन्न सिकौं भन्ने नैतिक समुश दिन यस कथाको मूल उद्देश्य हो ।

### ३.१२.७ कथोपकथन

यो कथा सामान्यतया वर्णनात्मक किसिमले लेखिएको छ । जहाँ केही पात्रहरूका बीचमा संवाद गराइएको पाइन्छ । जब जब कथामा महत्वपूर्ण भाम आउँछ तब तब पात्रहरूका बीचमा संवाद गराएको भेटिन्छ । जसले गर्दा कथा अझ रोचक बन्न पुगेको छ । उदाहरणको लागि कथाको केही संवादका मुख्य अंशहरू यसप्रकार छन्:

गाईले भन्यो- "ए ! मलाई असाध्यै ढाड पेट दुखेको छ, तेल लगाएर मिचिदेऊ न मालिस गरिदेऊ न ।"

बयर- "ए ! तिमी को हौ ? एता आऊ त, एता आऊ त ।"

दुखिया- "म दुखिया ।"

बयर- "मेरो बोटको वरिपरि छर्कनले बढारकुँडार गरी सफा पारिदेऊ न ।"

भाउजूले भनिन् -" ए सुखिया मेरो गोठ एकदम फोहर छ सफा गरिदेऊ त?"

सुखियाले झर्किँदै जवाफ दिई -" म माइत हिँडेकी, मलाई असाध्यै हतार छ, म सक्दिन ।"

उल्लिखित संवादको प्रयोगले कथालाई थप रोचकता प्रदान गरेको छ ।

### ३.१२.८ शैली

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ ।

### ३.१२.९ भाषा

प्रस्तुत कथा तराईमा प्रचलित लोककथा भए पनि यस कथामा तराईको स्थानीय भाषिका भने प्रयोग भएको पाइँदैन । यस कथामा स्थानीय, सरल, सरस, ग्रामीण मौलिक लोकभाषाको प्रयोग गरिएको, पाइन्छ ।

### ३.१२.१० निष्कर्ष

नेपाली समाज विभिन्न संरचनामा विभक्त छ, खास गरेर एउटै परिवारका छोरीचेलीहरू पनि विभिन्न पेशामा आबद्ध भएर रहेका छन् । जो-जो, जे-जे पेशामा आबद्ध भएपनि भौतिक सुख नै सबैथोक हो भन्ने कसैले ठान्नु हुँदैन । सुखमा मातिनु हुँदैन, दुःखमा आतिनु हुँदैन । परिश्रमी, उद्यमी, मेहनती र सहयोगी हुनु पर्दछ भन्ने यस कथाको मूल सन्देश रहेको छ ।

## ३.१३ स्याल र चिल

एउटा स्याल र एउटा चिलौर हैन, दुनु मितिन् लगाइलै रहलै, लगाएल रहलै, चिलौर कहिछि "हे मितिन् आइ बरत टेका जितमहान् के, होतै मितिन हो तै हम टेक्वै न हम टेक्वै वरत तव भरदिन भररात बरत कर्लै, आब स्यालके भोक से, आद्मीको बच्चा उधिनके खाइलै । उपरसे चिर् कहिछै, स्यारके, हो मितिन्, तपाइँ किन खान्छ ? कटरमटर ? सुनाउँछ हैन ? ओ मितिन् हम त भर दिनके सयारसे भररातके सयारसे हम त वोइपर घुमइछै कटरमटर उठाइछै, भररात घुमाइछै कटरमटर उठाइछै ।" ठीक है । सुत रहु जाके, सुत रहली जाके, ताब भोर भेलै ताब गेलै गाउँमे चिलौर स्यार रह्गेले सौनमे, चिलौर चिलगेलै गाउँमे तब पाँचगो अँकुडी, पाँचगो चामल पाँचगो चिउरा लि अइलै, अथि स्यार भैगेलै, स्यारको बच्चा भुराभुरी हुन्छ सबै मर्ले जान्छ, स्यारको भुराभुरी जलम् लिन्छ सपै मरेको जान्छ, आँ चिरको भुराभुरी हुन्छ, सबै जिएको हुन्छ, चिलौरके कहलै स्यार, आ तपाइँ भोक्सिनी छ मित्नी, हँ मलाई भोक्सिनी छैन, तपाइँको भुराभुरी जिइछै, हमार भुराभुरी केलाई मरैछै ? ए मितिन् किरिया खानुस्, कुमार बाछीको गोबर आन्के खाँवा निपकें अनि किरिया खानुस् । अनि किरिया

खाइला, तब स्यार बोकैए पाँचगो अँकुडी, पाँचगो चिउरा, पाँचगो पाउर तब देखुत तपाईंको भुराभुरी मरैंछी, तपाइँ त आद्मीके बच्चा खाएलै छी, तपाइँ पवनी भङ करल छी, हाम त पव्नी भङ् नकरलछी तब हामरा भुराभुरी जिऐछी, तपाईंका भुराभुरी मरैछी ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला,

यो कथा सोझै वैकुण्ठ जाला, भन्नेवेलामा तात्तातै मुखमा आइजाला ।

स्रोत व्यक्तिः मुनियाँ चौधरी, ईश्वरपुर- ५, उमेर ५० वर्ष

### ३.१३.१ विवेचना

### ३.१३.२ कथानक

प्रस्तुत कथा सर्लाही जिल्लामा प्रचलित पशुपंक्षीको लोककथा/नीतिकथा हो । यसमा दुईवटा मानवेत्तर र प्राणी (पशुपंक्षी) को मेलमिलाप, ब्रत, अनुष्ठान गर्ने तरिका, भनाभन आदिलाई श्रृङखलित रूपमा प्रस्तुत गरिएको छ । यस कथाको शुरुवात जंगलमा रहेका स्याल र चिलले मीत लगाउनु, ब्रत पूरा बस्नुबाट भएको छ भने स्यालले ब्रत भङ्ग गर्नु, चिलले ब्रत पूरा गर्नु यस कथाको विकास भाग हो । स्यालले चिललाई बोक्सी दोष लगाउनु, दुवैले किरिया खानु, स्यालको मुखबाट कलिला बच्चा ओकलिनु, चिलले ब्रतमा भगवानलाइ अर्पण गरेका चीज केराउ, चामल, चिउरा ओकल्नु यस कथाको अन्त्य भाग हो । यसमा ब्रतको विधि पूरा नगर्दा हुने हानी नोक्सानी, कर्म अनुसारको फल प्राप्त हुन्छ भन्ने शिक्षा प्रस्तुत गरिएको छ । त्यसैले यो कथा एउटा पूर्ण कथानक भएको सफल र लोकप्रिय कथाका रूपमा रहेको छ ।

### ३.१३.३ अभिप्राय

यस कथामा आएका कथाहरू रुढि (अभिप्राय) लाई निम्नानुसार राखिएको छ ।

- ब्रत गर्न सर्जाम जोर्ने चिल
- धार्मिक चरो
- मानिस झै बोल्ने चिल
- मानिस झै बोल्ने स्याल
- मित्रता निभाउने पशु
- काग निराहार ब्रत बस्नु

### ३.१३.४ पात्र

प्रस्तुत कथामा दुई मानवेत्तर पात्र छन् । यस कथाको प्रमुख पात्र चिल हो भने सहायक पात्र स्याल हो । मानवीय पात्र पंक्षी (चिल) यस कथामा जितमहानको ब्रत विधिपूर्वक सफल गरेको छ । जसको फलस्वरूप उसको मनोकांक्षापूर्ण भएको छ । त्यसकारण चिल यसकथाको अनुकूल पात्र समेत रहेको छ । यसकथाको सहायक पात्रका रूपमा स्याल (पशु) प्रकट भउको छ, यो लोभी, नीच, स्वार्थी र मुखाले देखिएको छ । भोक खप्न नसक्ने, ब्रत भङ्ग गर्ने, भगवानप्रति श्रद्धाभक्ति नभएको पात्र वा सहायक प्रतिकूल पात्रका रूपमा देखिएको छ । यस कथामा चिल ज्यादै सज्जन र शाकाहारी देखिन्छ भने स्याल दुर्जन निर्दयी र मांसाहारी पात्रका रूपमा चिनिन्छ । सीमित पात्रहरूको भूमिकामा कथानक अघिबढेको छ ।

### ३.१३.५ परिवेश

प्रस्तुत कथा मधेसी समूदायको प्रचलित धार्मिक कथा हो । विशेष गरी मेधेसका जिल्लाहरूमा 'जितमहान्' को ब्रत बडो श्रद्धापूर्वक गर्ने गरिन्छ । जसले जितमहानको ब्रत विधिपूर्वक पालन गर्छ, उसलाई भगवानले सुदृष्टिले हेर्नु हुन्छ र जसले ब्रत भङ्ग गर्छ, ऊ प्रति भगवानको कुदृष्टि हुन्छ वा भगवान्ले उसलाई श्राप दिनुहुन्छ भन्ने मान्यता रहेको जितमहान पर्वको ब्रतालुहरू यसको प्रत्यक्ष उदाहरणका रूपमा पाइन्छ । जितमहनको ब्रत निष्ठापूर्वक गर्ने चिलले भगवान्को आशीर्वाद पाएको उदाहरण कथामा पाइन्छ । ब्रत निष्ठापूर्वक नगर्ने कपटी स्यालले कर्म अनुसारको फल

भगवान्बाट श्राप पाइन्छ । यो ब्रत निष्ठापूर्वक तराईबासीले मान्ने गरेका कुरा र तराईबासी समुदायको देश, काल, परिस्थिति र वातावरणमा आधारित छ ।

### ३.१३.६उद्देश्य

प्रस्तुत कथाको उद्देश्य खराब सोच राखेर काम गर्दा भविष्यमा त्यसको परिणाम नकारात्मक हुन्छ । त्यसकारण सधै सकारात्मक सोच राखेर अगाडि कसैले कहिल्यै दुष्परिमाण भोग्नु पर्दैन भन्ने सन्देश बोकेको यसकथाको मूल उद्देश्य मानिसलाई नैतिकता सिकाउनु हो । चिलले धर्मको पालना गरेर राम्रो फल पायो । उसका छोराछोरीहरू सबै स्वस्थ र जिवित भ ए भने स्यालले धर्मको नियम पालना नगरेर उसले सन्तानको मुख समेत देख्नपाएन, दुवैले कर्म अनुसारका फल प्राप्त गरेका कुरालाई देखाइनुका साथै धर्म गर्दा, ब्रत बस्दा, कुनै शुभ कार्य गर्दा, शुद्ध मनले गर्नुपर्छ नत्र भने स्यालको जस्तै अनिष्ट हुन्छ भन्ने सन्देश दिइएको छ ।

### ३.१३.७ कथोपकथन

मानवेत्तर पात्र र सीमित पात्रका बीच कथोपकथन गराइएको यस कथामा भने कथाको शुरुदेखिनै केही कथोपकथन भेट्टाउन सकिन्छ । कथामा जति जति कथोपकथन आउँछ, कथा त्यति-त्यति रोचक बन्न जान्छ, उदाहरणको लागि यसकथाको कथोपकथनका केही अंश यहाँ प्रस्तुत गरिन्छ ।

चिल- “हो मितिन् तपाईं किन खान्छ कटरमटर ?”

स्याल- “ओ मितिन् हमत भर दिनको सयार से भर रातके सयार से, हमत वोइपर घुमइछै, कटरमटर उठाइछै, भरबात घुमाइछै कटरमटर उठाइछै ।”

स्याल- “आ तपाईं भौक्सिनी स मितिन ?”

चिल- “हँ मलाई भोक्सिनी छैन ?”

चिल- "तपाईं त आदमीके बच्चा खाएलै छी, तपाईं पवनी भङ्करलछी, हमत पवनी भङ् न करलछी तब हामरा भुराभुरी जिऐछी, तपाईका भुराभुरी मरैछी ।"

### ३.१३.८ शैली

प्रस्तुत कथा वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ३.१३.९ भाषा

प्रस्तुत कथामा तराईंमा बोलिने स्थानीय भाषिकाको प्रयोग भएको पाइन्छ । भाषाको कथ्य रूप, लेखाइमा वाक्य गठन शैलीमा केही अशुद्धी भेटिएपनि यस कथामा प्रयोग गरिएका भाषिकाहरूलाई यस प्रकार देखाउँन सकिन्छ ।

| कथामा प्रयुक्त रूप | मानक लेख्य रूप |
|---|---|
| स्यार | स्याल |
| चिर | चिल |
| दुनु | दुई |
| लगाइलै रहलै | लगाएका थिए |
| आइ बरत टेक | आजब्रत गरुँ |
| उपर से | माथिबाट |
| कहिछै | भन्छ |
| अँकुडी | केराउ |
| चाउर | चामल |
| सपै | सबै |

| | |
|---|---|
| मरले जान्छ | मर्छ |
| पाँच गो | पाँचवटा |
| खाइला | खाए |
| बोक्रैए | छाद्यो |
| आन्के | ल्याएर |
| आदमीके | मान्छेको |
| पवनी | ब्रत |
| हामरा | मेरा |
| जिऐछी | बाँच्छन् |
| मरैछी | मर्छन् |
| भोर | विहान |
| भेलै | भयो |
| स्यार | ब्रत (उपवास) |
| भोक्सिनी | बोक्सी |

### ३.१३.१० निष्कर्ष

प्रस्तुत कथामा पशुपंक्षी मानवेत्तर पात्रलाई कथामा उपस्थिति गराएर दुई पशु र पंक्षीका बीच द्वन्द्वात्मक अवस्था देखाइएको छ । सामान्यतया समाजमा विभिन्न प्रवृत्तिका मानिसहरू हुन्छन् । कोही असल, चरित्रवान्, परोपकारी, सद्गुणी हुन्छन्भ

भने कोही दुर्जन, स्वार्थी, इर्ष्यालु, डहाडे, दुर्गुणी प्रवृत्तिका हुन्छन् । खराब मानिसले केही क्षण सुख पाएपनि आखिरमा उसको भलो कहिल्यै हुँदैन, तर सज्जन मानिसले क्षणिक दुःख पाएपनि अन्ततः उसको समाजमा मान, सम्मान इज्जत कायम हुन्छ नै, उसको जीवन दीर्घकालीन रूपमा सुखमय हुन्छ । यसरी समाजका असलमानिसको भूमिका निभाउन यसकथामा आएको चिलले स्याल पात्रलाई दिएको उपदेश,यी दुईका बीच भएको मेलमिलाप, एकले अर्कोलाई लगाएको आरोप प्रत्यारोप आदिले हाम्रो समाजमा रहेका खराब मानिसको प्रतिनिधित्व गरेका छन् । मानवीय पात्रका माध्यमद्वारा समाजका सबै थरीका मानिसलाई आदर्शको पाठ सिकाउने प्रेरक कथाका रूपमा यो लोककथा सफल छ ।

## ३.१४ आ-आफ्नो स्वार्थ

उहिल्यै एउटा गाउँमा द्विज नाम गरेका एउटा ब्राम्हण थिए । उनका सन्तान थिएनन् । आफ्ना सन्तान नभएकोमा उनी असाध्यै दुःखी थिए । राजाले विभिन्न प्रकारका धार्मिक अनुष्ठान गरेर बल्ल बल्ल उनको एउटा छोरो जन्मिएको थियो । त्यो छोरो पनि असाध्यै रोगी मरन्च्याँसे थियो । रोगी हुँदा हुँदा ती ब्राम्हणको त्यही छोरो पनि बालक कालमै मऱ्यो ।

उनका सबै दाजुभाइ, छिमेकी, आफन्त सबै मिलेर लास लिएर मशानमा गए । त्यहाँ नजिकै एउटा गिद्ध थियो । त्यो गिद्ध भन्थ्यो- “यिनीहरू यो लास छाडेर चाडै गए म खान पाउँथे ।” नजिकै गएर गिद्ध सम्झाउन थाल्यो- “यो संसारमा सबै मान्छे एकदिन मर्दछन्, तिमीहरू झैं जतिसुकै विलाप गरेपनि तिमीहरूको यो छोरो फर्केर आउँदैन् । त्यसैले विलाप नगर । यहाँ वरिपरि यी हाडहरू, अस्थिरहरू देखनौ ? यी सबै मरेका मान्छेका हुन् । तिमीहरूको छोरो मात्र मरेको होइन त्यसैले शोक नगर, यो शिशुलाई तुरुन्त त्यागेर आ-आफ्नो घर गइहाल ।”

त्यही स्थानमा अर्को एउटा स्याल थियो, त्यो स्याल पनि भित्रभित्रै विचारेर बसेको थियो । त्यो स्याल के विचार गर्दथ्यो- “यो मुर्दाका लागि मैले प्रयत्न गर्न सके

त मलाई पो आहारा मिल्थ्यो । यिनीहरू चाँडै फर्केर गए भने त्यो गिद्धले यो सबै मासु खान्छ । अलि ढिलो बेरसम्म बसे भने साँझतिर त म पो खान पाउँछु भनेर नजिकै गई सम्झाउन थाल्यो ।" मलामीसित नजिकै गएर स्याल भन्न थाल्यो- "तिमीहरू मूर्ख झैं बनेर किन हतारसित घर जाँदैछौ, रोगले मरेको मूर्च्छा भएको भए पनि कतै ब्युझन पनि के बेर यो शिशु,ऊ त्यहाँ त्यो गिद्ध कतिबेला यो बालक छाडेर जालान् र खाउँला भनेर दाउ खोज्दै तिमीहरूलाई फकाउँदै छ । तै वालक बाँच्छ कि आशा गरेर केही बेर पखेओ, अहिले हतार नगर ।" ती मलामीहरू पनि ठूलो आशाले मूर्दाको वरिपरि पर्खेर बसे । फेरि गिद्ध नजिकै आएर समझाउन थाल्यो । यो बालकको प्राण गैसकेको छ, अब जति गरे पनि यो बाँच्दैन आजसम्म मरेका मध्ये को चाहिँ बाँचेको छ त ? फेरि सबैको जाने बाटो पनि यही हो । त्यसैले वृयामा शोक नगर बालक छाडेर घर जाओ । उनीहरू गिद्धका कुरा सुनेर बालक छाडेर घर जान तत्पर भए । फेरि स्याल नजिकै गएर भन्न थाल्यो- "अहिलेसम्म यसको शरीर खडा छ, अहिले यो बालक छाडेर नजाओ ।" नभन्दै भगवान शिव त्यसै वेलामा त्यहाँ आइपुग्नुभयो । आफ्नो भए भरको शक्ति लगाएर ब्राम्हणको छोरो त्यो बालकलाई बचाइदिनुभयो । बालक लिएर खुशीहुँदै ती मलामीहरू घर आए । गिद्ध र स्याल तीनछक परे । दुवैको अलग-अलग स्वार्थ थियो त्यो पूरा हुन सकेन ।

सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला,

यो कथा वैकुण्ठ जाला, भन्ने बेलामा आइजाला ।

स्रोत व्यक्तिः मिनप्रसाद त्रिपाठी, नेत्रगञ्ज- २, उमेर ७५ वर्ष

### ३.१४.१ विवेचना

### ३.१४.२ कथानक

प्रस्तुत कथा सर्लाही जिल्लामा प्रचलित पशुपक्षी सम्बन्धी भाग्यवादी धारणा भएको नीति कथा हो । यस कथामा पशुपक्षीहरूले आ-आफ्ना आहारा प्राप्तिका लागि

गरेका उपाय जुक्तिको कुराकानीलाई श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गरिएको छ । यस कथाको आरम्भ ब्राम्हणको बालक छोरो मर्नु हो भने मशानमा गिद्ध र स्याल पालैपालो आइ आ-आफ्ना तर्क राख्नु हो । मरेको बालकलाई बचाएर घर फर्काएर ल्याउनु यस कथाको उपसंहार हो । हुने कुरा टर्दैन काल नआई मर्दैन भन्ने उखान चरितार्थ भएको यसकथामा सबै प्राणीमा परोपकार गर्ने इच्छा भन्दा आफ्नो दुनो सोभ्भ्याउने स्वार्थ पूरा गर्न उपाय लगाएको देखिन्छ । अतः पूर्ण कथानक भएको सफल र लोकप्रिय कथाका रूपमा रहेको ।

### ३.१४.३ अभिप्राय

यस कथामा प्रयोग भएका अभिप्रायहरू निम्नलिखित छन् :

- भाग्यका देवता देवीभावी
- मृत बालक पुनर्जिवित
- काल देवतादेखि डराएर भाग्नु ।

### ३.१४.४ पात्र

यस कथाको प्रमुख पात्र ब्राम्हण हुन् । गिद्ध र स्याल सहायक मानवेत्तर पात्र हुन् । यस कथामा कथाकारले मानिस लगायत विभिन्न प्राणीहरूलाई प्रस्तुत गराएर मान्छेमा हुने लोभ र स्वार्थलाई आफूले कसरी पहिले प्राप्त गर्न सक्ने र कुनै कुरा प्राप्त गर्नको लागि मूल्य र निष्ठा भन्दा पनि नैतिकताको बन्धक राख्न पछि नपर्ने आजको मानव जाति प्रति तीखो कटाक्ष गर्दै उक्त कथामा स्याल र गिद्धका माध्यमबाट यस कथामा मानवीय कुप्रकृतिको राम्रो उदाहरण दिन सफल भएका छन् । धर्म,कर्म गरी सन्तान प्राप्त हुनु, कालगतिले मर्नु नियतिको फल हो ।

### ३.१४.५ परिवेश

प्रस्तुत कथाले ग्रामीण परिवेशलाई देखाएको छ । कथाको शुरुवात नै कुनै गाउँमा भनेर भएबाट यसको परिवेश ग्रामीण भएको बुझ्न सकिन्छ । बालक मरेपछि गाउँलेहरू मिलेर लास घाटमा लगेको, गिद्ध, स्याल जस्ता पशुपक्षीहरूले आँखा तानेर आहारा खाने दाउँ गरेको, पालै पालो गाउँलेलाई आ-आफ्ना विचार दिएको खोलो, खाल्टो आदिको चर्चा भएको बाट ग्रामीण परिवेशको झलक पाउन सकिन्छ ।

### ३.१४.६ उद्देश्य

प्रस्तुत कथाको उद्देश्य स्वार्थ रहित भावना राख्नु पर्छ भन्ने हो । हुनत एकपक्षीको स्वार्थले अर्को पक्षलाई फाइदा पुग्यो तर निःस्वार्थी भावनाले सेवा गरेमा पुण्य मिल्दछ । परोपकारी र निःस्वार्थी बन्नुपर्छ भन्ने यसकथाको मूल उद्देश्य हो ।

### ३.१४.७ कथोपकथन

यस कथामा बहुपात्रीय कथा भएको हुँदा यसमा मानवेत्तर प्राणीहरू गिद्ध र स्यालले मलामी लगायत त्यहाँका अन्य समुदायसँग संवाद प्रशस्तै गरेको पाइन्छ । संवादको माध्यमबाट कसरी आफूले लाभ लिने भन्ने विषयनै यस कथाको संवाद रहेको छ ।

### ३.१४.८ शैली

यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिएको पाइन्छ ।

### ३.१४.९ भाषा

यस कथामा पूर्वी तराईको ग्रामीण जनजीवनको बोलचालको भाषाशैली प्रस्तुत गराइएको छ । छिटपुट अन्य भाषाको प्रभाव पनि यस कथामा पाइन्छ । भाषा ग्रामीण जनजीवनको बोलचालको भाषा भएकोले सरल भाषाशैली प्रयोग भएको पाइन्छ ।

### ३.१४.१० निष्कर्ष

यस कथामा भाग्य प्रवृत्ति प्रस्तुत गर्दै लोभ र स्वार्थमा आजको मानवजाति अल्झिएको भन्ने प्रसङ्गलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्नु यस कथाको निष्कर्ष रहेको छ ।

## ३.१५ इर्ष्यालु छिमेकी

उहिल्यै एउटा गाउँमा ज्यादै गरीब ब्राम्हण बस्दथे । उनी भिक्षा मागेर आफ्नो जीबिका चलाउँदै आएका थिए । खान लगाउन असाध्यै दुःख थियो । भिक्षाबाट ल्याएको अन्न सबै उसकी श्रीमतीले नै सबै खाइदिन्थिन । श्रीमान् प्रायः भोकै बस्नु पर्थ्यो । बाहुनलाई आफ्नो जिन्दगी देखेर ज्यादै दिक्क लाग्थ्यो । यसरी भोकभोकै बाँच्नु भन्दा बरु मरौ क्यारे भनेर विरक्तिरएर बरु जंगलतिर पो जान्छु । त्यहाँका ह्रिंसक जनावरहरूले खाइदिन्छन् अनि मेरो दुःख समाप्त हुन्छ । यस्तो सोचेर जंगलतिर लागेका बाहुन केही बेर हिँडदा हिँड्दै जंगलको बाटो काट्दा काट्दै निकै पर पुगेपछि बाहुनले एउटा ठूलो समुन्द्र देखेछन भन्ने सुनेको थिएँ । बरु यो समुन्द्रको पानी फ्याँकेर म पनि केही रत्न पाउन पाए त मर्नुपर्ने थिएन भन्ने सोचेर धमाधम पानी झिक्दै फ्याक्दै गर्न थालेछन् । एकदिन दुईदिन ४-८ दिन फ्याक्दा-फ्याक्दा उनी थकित भए, पानीसमेत नखाइ नखाइ काम गरिरहे विष्णु भगवानले सोच्नुभयो एउटा मानिसबाट यत्रो विशाल समुन्द्रको पानी फाल्नु सम्भव छैन, झन् यी बाहुन त एक्ला छन् यी लोभी बाहुन पानी फाल्दा मर्छ, भएन अब त्यहाँ गएर यसलाई केही भनिदिनुपर्‍यो । विष्णु भगवान वाहुनकै भेषमा त्यस समुन्द्र नजिक आउनुभयो र भन्नुभयो- “ए ! बाहुन तिमी के गर्न लागेको ?” समुन्द्रका पानी फ्याक्ने बिचार गरेको यसबाट भेटेको रत्नले म आफ्नो गरिबी हटाउँछु र सुखसँग बाँच्दछु, बाहुनले भने ।

भगवानले बाहुनलाई भन्नुभयो, त्यसो होइन तिमी बाहिर आऊ । बाहुन बाहिर निस्के, भगवानले बाहुनलाई एउटा शंङख दिनुभयो र भन्नुभयो- “यो लिएर जाऊ तिमीलाई कहिल्यै दुःख हुनेछैन तर एउटा कुरा के छ भने तिमीले शङखसँग जे

माग्दछौ त्यही तिमीले पाउँदछौ भने तिमीले जे पाउँछौ तिम्रो छिमेकीले त्यसको दोब्बर पाउँछ ।" शङख लिएर केही नसोची बाहुन खुरुखुरु बाटो लाग्यो, केही पर पुगेपछि यो शङखसँग मैले जे माग्यो त्यो त हुन्छ, मलाई खुशी लाग्यो तर म यत्रो दुःख गर्ने मेरो छिमेकीलाई मेरो भन्दा दोब्बर हुने भएपछि अब म यो शङखसँग केही माग्दिन भनेर शङख घरमा लगेर बाकसमा ताल्चा लगाएर राख्यो । अब भएन फेरि केही त गर्नुपऱ्यो भन्ठानेर बाहुन विदेशतिर लाग्ने विचार गऱ्यो। घर छाड्नुअघि उसले श्रीमतीलाई भन्यो- "तिमीले यो शङख कहिल्यै नझिक्नू, केही नमाग्नू ।" लोग्ने घरबाट बाहिर जानेवित्तिकै बाहुनीलाई दुःख हुन थाल्यो, २-४ दिन तर दुःख सुख खपेर बसिन्, केही दिनपछि त दिनहुँ भोकै बस्नुपर्ने अवस्था आयो । उनले श्रीमानको वचन सम्झिन र बाकसबाट शङ्ख झिकेर भनिन- "हे शङ्ख मलाई खानेकुरा छैन, लगाउने लुगा, बस्ने घर, भाँडा कुँडा, खेतबारी, गरगहना केही छैन दुःखै दुःख छ भनि सक्ने वित्तिकै सबै कुरा भरिभराउ भएर आयो । अब त बसी बसी खान पूग्थ्यो भनेर लोग्नेलाई चिठी पाठाईन । नभन्दै श्रीमानपनि आइपुगे । आउँदा आउँदै बाटैबाट आफ्नो घरको बन्दोबस्त, श्रीमतीको लवाई खवाइ सबै देखिहाले । त्यो भन्दा ठूलो घर (महल), छिमेकीकी श्रीमती, उसका छोराछोरीको फाराकफुरुक सबे देखेपछि बाहुन रिसले आगो भयो ठिङ्ग उभिइरह्यो । श्रीमती भने लोग्ने आए भनेर ओहो हजुर आउनुहोस । बाहिर किन ? भित्र आउनुहोस न भन्न थालिन् । बाहुनलाई भित्र पस्न मन लागेन । स्वास्नीचाहिँ खुशी भएर लोग्नेका सत्कार गर्न तत्पर छिन् तर लोग्ने चाहिले भनेछ- "मेरो शङ्ख ल्याइदेऊ, म केही खादिन, छिटो मेरो शङ्ख ल्याइदेऊ ।" बाहुनीले शङ्ख ल्याइदिइन् । शङ्ख हातमा पर्नेवित्तिकै बाहुनले भने "हे भगवान शङ्ख, तिमीमा शक्ति छ भने यो मेरो घरलाई अहिल्यै ढलमल पारिदेऊ ।" नभन्दै बाहुनको घर ढलमल्ल भयो ।उसको छेऊमा हुने छिमेकीको घर त जमिनमा टाँसियो बाहुनलाई अझै चित्त बुझेन फेरि भन्यो- "हे शङ्ख ! मेरो घरलाई जमिनमा मिलाईदेउ ।" उसको सारा घर जमिनमा टाँसियो अनि उसको छिमेकीको घर भने जमिनमुनि पस्यो । त्यत्तिले पनि बाहुनलाई सन्तोष भएन फेरि भन्यो- " हे शङ्ख मेरो आँगनमा एउटा पोखरी होओस ।" बाहुनको घर अगाडि आँगनमा एउटा पोखरी भयो भने उसको

छिमेकीको घरमा अगाडि दुईवटा पोखरी भयो । त्यो डाँडे बाहुनलाई अझै सन्तोष भएन र फेरी भन्यो- " हे शङ्ख महाराज अब मेरो एउटा आँखो कानो होओस ।" बाहुनको एउटा आँखो कानो भयो तर उसको छिमेकीको दुईवटा आँखा कानो भयो । बाहुन त एउटा आँखाले देख्न सक्थ्यो । अलिअलि हिड्डुल गर्न सक्थ्यो, उसको छिमेकी अन्धो भयो । घरबाट बाहिर निस्कदा पोखरीमा खस्थ्यो, असाध्यै दुःखी भयो र भन्यो- "हे भगवान मलाई किन यस्तो विपत् पारिदिनुभयो ? मैले के विगारेको थिएँ र मलाई यस्तो विजोग गराइदिनु भयो ? मलाई पहिले त्यस्तो सुख किन दिनुभयो ? फेरि किन यस्तो दुःख दिनुभयो ? दुःखा नै दिनु थियो त किन सुख दिनुभयो ?" बाहुन भन्छन्- "तिमीलाई यो सबै सुख अनि दुःख दिने भगवान होयनन्, म हुँ, मैले दुःख गर्दा तिमीले धेरै सुख पायौ, अब तिमीले मेरो भन्दा बढी दुःख पाउनेछौ, तिमीले दुःख पाउँदा मलाई आफूले सुख पाएभन्दा बढी सन्तोष हुनेछ भन्दै डाहडे बाहुन शान्त मनले खुशी भएर बसेथ्यो रे ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला

यो कथा वैकुण्ठ जाला, भन्ने बेलामा आइजाला ।

स्रोत व्यक्तिः कौशलकिशोर झा, साँढा- ५, उमेर ५१ वर्ष

### ३.१५.१ विवेचना

### ३.१५.२ कथानक

प्रस्तुत कथा सर्लाही जिल्लामा प्रचलित सामाजिक, अतिरञ्जित नीतिकथा हो । यस कथामा छिमेकीहरू, आफन्तहरूले प्रायः माया र दयाभन्दा बढी इर्ष्या र डाहा गर्दछन् र रिसगर्ने मान्छे खोज्न टाढा जानुपर्दैन राखेको कुविचारलाई श्रृङखलित रूपमा प्रस्तुत गरिएको छ । यसको प्रारम्भ बाहुन गरिबीले घर छाडेर जंगल पसेदेखि भएको छ भने समुन्द्रको पानी फ्याँकेर शङ्ख घरमा ल्याई थन्क्याउनु विकास भाग हो । शङ्ख बाकसमा राखेर बिदेशिएको बाहुन विदेशबाट फर्केपछि स्वास्नीसित शङ्ख मागी

शङ्खसँग वर मागेर आफ्नो र छिमेकीको दुर्दशा गराउनु अन्त्य भाग हो । एउटा गरिब बाहुनले शङ्खको कारण धनाढ्य बन्दै जानु, छिमेकीको इर्ष्याले गर्दा झन् गरिब भएर टाटपल्टिनु,उल्टै कानो भएर बाँच्न बाध्य हुनु आदि जस्ता घटनालाई श्रृङखला मिलाएर यस कथामा प्रस्तुत गरिएको छ । यो कथा पूर्ण कथानक भउको सफल रमाइलो र उपदेशात्मक पनि छ ।

### ३.१५.३ अभिप्राय

इर्ष्यालु छिमेकी लोककथाका लागि आवश्यक कथानक रुढि (अभिप्राय) हरू यसप्रकार छन् ।

- गरिबीबाट मानिस विक्षिप्त हुनु,
- डाढे मानिस,
- वरदान दिन सक्ने शक्ति भएको शङ्ख,
- ईर्ष्यालु मानिसले अरुको उन्नतिमा डाह गरेर वरदानलाई दरूपयोग गर्न,
- वरदानलाई दुरूपयोग गर्ने मूर्ख मानिस,
- झगडाबाट वरदानका रूपमा शङ्ख प्राप्त गर्नु,

यिनै अभिप्रायहरूको प्रयोगबाट कथा सङ्गठित र रोचक बन्न पुगेको छ ।

### ३.१५.४ पात्र

प्रस्तुत कथामा मानिस र अतिमानवीय पात्रहरू आएका छन् । यसमा एउटा गरिब ब्राम्हणहरू छन्- उनकी श्रीमती, उनका छिमेकी र अन्य गाउँलेहरू छन् । यस कथाका प्रमुख पात्र गरिब डाहडे बाहुन हुन् । गरिबीले जकडिएका यस कथाका बाहुन विहान वेलुका पुरेत्याई गरेर जीविको पार्जन गर्छन् । यस सिलसिलामा उनी दिक्दार भएर भरपेट खानको अभावका कारण घरछाडेर बाहिरिएका हुन् । उनले शङ्खसँग

आफूलाई हानि हुने वर मागेर छिमेकीलाई दोब्बर हानि गराईदिएका छन् । त्यसकारण बाहुन यसकथाका प्रमुख पात्र र प्रतिकूल पात्र हुन् ।

त्यसैगरी यस कथाको अर्को पात्र बाहुनकी स्वास्नी बाहुनीको पनि यस कथामा उल्लेखनीय भूमिका नरहे पनि कथामा उसको आवश्यकता देखिन्छ । खासगरी बाहुनको ईष्या, डाह र रीसलाई अघि बढाउने माध्यम बाहुनी यस कथाकी सहायक पात्र हुन् । बाहुनी घरजम राम्ररी सञ्चालन गरौं भन्ने खालकी कसैको रीस भक्ति राख्ने अनुकूल पात्रका रूपमा रहकी छिन् । यसका अतिरिक्त कथमा बाहुनका छिमेकीहरूको पनि चर्चा परिचर्चा गरिएको पाइन्छ तर ती सबै बाहुनको जीवनमा घटेका घटनाहरूसँग सम्बन्धित छन् । जसले कथालाई गति प्रदान गर्न मद्दत गरेको छ ।

## ३.१५.५ परिवेश

तराई क्षेत्रको सामाजिक पारिवारिक परिवेशमा कथा आधारित छ । परिवेश लोककथाको अर्को महत्वपूर्ण तत्त्व हो, लोककथाका परिवेश लौकिक, अलौकिक दुवै हुन सक्छन् । यस कथामा सामाजिक ग्रामीण परिवेश झल्किएको छ । मानिसहरू आफ्नो दुःखमा पटक्कै दुःखी हुँदैनन् तर अर्काको सुख देख्नुपर्‍यो भने डाहले भुतुक्क जल्छन् । यो कथा नेपाली लोक समाजको परिचायक हो । समाजमा उक्त कथाले मानवीय प्रवृत्ति अनुरूप सहयोगी र ईर्ष्यालु दुवै प्रवृत्तिका मानिसहरू समाजमा हुन्छन् भन्ने कुराको दृष्टान्त उक्त कथा बन्न पुगेको छ । त्यसकारण यस कथामा ग्रामीण जीवनको परिवेश झल्किएको पाइन्छ ।

## ३.१५.६ उद्देश्य

यस कथामा संसारमा रहेका सबै मानिसमा धेर थोर दया माया करणा, ईर्ष्या, रीस, आदि जस्ता संवेग रहेका हुन्छन् । मानिसहरू कोही दानी, कोही ज्ञानी, कोही सज्जन, कोही दुष्ट र ईर्ष्यालु बढी छन् । परोपकारीहरू थोरै मात्र भेटिन्छन् । दुष्ट, धूर्त र इर्ष्यालु मानिसहरूको संख्या दिनानुदिन बढ्दै गइरहेको छ । अरुको कुभलो चिताउनेको कहिल्यै भलो हुँदैन । सकिन्छ भने सबैको हित नै गर्नुपर्छ सकिदैन भने

ईर्ष्यालु बाहुन झैं छिमेकीको ईर्ष्या गर्दा आफूले झन् दुःख पाइन्छ । त्यसैले दुष्ट, डाहडे र ईर्ष्यालु नबनौं भन्ने प्रस्तुत कथाको मूल उद्देश्य हो । गाउँका अशिक्षित मानिसहरूमा हुने अज्ञानता यहाँ बाहुनमा देखिएको छ । त्यसकारण अशिक्षित गाउँलेहरूले एक आपसमा मिलेर बस्नु पर्छ र डाह, ईर्ष्या गर्नु हुँदैन भन्ने नैतिक शिक्षा दिनु यस कथाको मूल उद्देश्य हो । कथा उद्देश्यमूलक बन्न पुगेको छ ।

### **३.१५.७ कथोपकथन**

कथानलाई गतिशील बनाउँदै लैजान र कौतुहलता थप्न कथोपकथनको महत्वपूर्ण भूमिका हुन्छ । यस कथामा प्रयोग गरिएका कथोपकथनहरू निम्न प्रकार छन् ।

भगवान- " ए बाहुन ! तिमी के गर्न लागेको ?"

बाहुन- "समुद्रको पानी फ्याँक्न लागेको ।"

भगवान- "यो शङ्ख लिएर जाऊ, तिमीलाई कहिल्यै दुःख हुने छैन, तर एउटा कुरा के छ भने तिमीले शङ्खसँग जे माग्दछौ त्यही तिमीले पाउँदछौ भने तिमीले जे पाउँदछौ तिम्रो छिमेकीले त्यसको दोब्बर पाउँछ ।"

× —— × —— × ×

बाहुन- "म केही खाँदिन, मेरा शङ्ख ल्याइदेऊ, छिटो ल्याइदेऊ ।"

× —— × —— × ×

छिमेकी- " हे भगवान ! मलाई किन यस्तो विपत् पारिदिनुभयो ।"

बाहुन- "तिमीलाई यो सबै सुख अनि दुःख दिने भगवान होइनन् म हुँ मैले गर्दा तिमीले धेरै सुख पायौ, अब तिमीले मेरो भन्दा बढी दुःख पाउँनेछौ, तिमीले दुःख पाउँदा मलाई आफूले सुख पाएभन्दा बढी सन्तोष हुनेछ ।"

### ३.१५.८ शैली

प्रस्तुत कथामा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ३.१५.९ भाषा

प्रस्तुत कथमा ग्रामीण,सरल, स्पष्ट भाषाको प्रयोग भएको छ ।

### ३.१५.१० निष्कर्ष

मानिसले संसारका सबै प्राणीहरूलाई दया माया गर्नुपर्छ, सबै मानिसमा वुसधैव कुटुम्बकम्को भावना राख्नुपर्छ, मानिस सामाजिक प्राणी हो । ऊ समाजमा घुलमिल भएर बस्न चाहन्छ एक-अर्कामा इर्ष्या द्वेष गरेर कसैलाई पनि फाइदा हुँदैन,झन् छिमेकी भनेका त जिउँदाका जन्ती र मर्दाका मलामी हुन् । छिमेकी भन्दा नजिकको मित्र अरु कोही हुँदैन । त्यसैले आपसी सदभाव बाँडेर मिलेर बस्नुपर्छ, इर्ष्यालु बाहुन जस्तो भयो भने कसैको भलो हुँदैन न आफ्नो हुन्छ । नत अरुको, प्रस्तुत कथाको आशय यही हो ।

# अध्याय - चार

# उपसंहार

## ४.१ सारांश

कथातत्त्वका आधारमा "सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन" शीर्षकमा लेखिएको प्रस्तुत शोधपत्रमा चार अध्यायहरू रहेका छन् ।

पहिलो अध्यायमा शोधपरिचय, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधको क्षेत्र तथा सीमा, शोधविधि, सामग्री सङ्कलन विधि, शोधको रूपरेखा आदि शीर्षकहरूका बारेमा प्रकाश पारिएको छ ।

दोस्रो अध्यायमा लोककथाको परिभाषा, लोककथाका विशेषता, लोककथाका तत्त्व, लोककथाको वर्गीकरण, लोककथाको अध्ययनपरम्परा, र निष्कर्ष आदि शीर्षकहरूका बारेमा प्रकाश पारिएको छ ।

तेस्रो अध्यायमा कथातत्त्वका आधारमा सर्लाही जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन र विश्लेषण रहेको छ र यसै अध्यायको अन्तमा लोककथाको निष्कर्ष लेखिएको छ ।

चौथो अध्यायमा उपसंहार राखिएको छ । उपसंहारको शुरुमा सारांश लेखिएको छ भने अन्तमा सम्पूर्ण अध्यायहरूको बारेमा सामान्य जानकारी र निष्कर्ष दिइएको छ ।

शोधका आधारभूत तत्त्व र संरचना प्रणालीमा आबद्ध प्रस्तुत शोधपत्र संगठित र प्रमाणित बनाइएको छ ।

## ४.२ निष्कर्ष

लोकसाहित्य संसारकै सर्वप्राचीन सिर्जना हुन् । यसमा परम्पराका मूल्य-मान्यताको अंश रहेको हुन्छ । त्यसमा पनि लोककथा विधा श्रुति-स्मृति परम्पराबाट पुस्तौँपुस्ता हस्तान्तरित हुने विशेष सरल र बढी लोकप्रिय विदामा पर्दछ । लोक समुदायको मूल्य-मान्यताको धरोहर बनेर उभिएको यो सम्पत्तिको छुट्टै वैशिष्ट्य रहेको छ । मानिसका दुःख- सुखको साथी, बसिबियाँलोको माध्यम तथा मनोरञ्जनको साधन बनेको लोककथा विभिन्न घटनाहरूमा आधारित हुन्छन् । मानिसलाई नै नैतिक सन्देश प्रदान गरेर सत्मार्गमा डोऱ्याउने काम यिनले गरेका हुन्छन् । लोककथालाई आधुनिक साहित्य एवम् संस्कृतिका चालचलनले विस्तापित गर्न लागेको झैँ देखिने आजको समयमा यसको संरक्षण सम्बर्द्धन गर्नु आवश्यक देखिन्छ । जुन कार्यमा लोकसाहित्यका अध्येताहरूले यसमा चासो देखाइ गरेका सङ्कलन, वर्गीकरण, विश्लेषणका कदमले पनि केही हदसम्म उक्त संरक्षण गर्ने अभियानमा बल प्रदान गरेको छ ।

नेपाल अधिराज्यको मध्य भागमा अवस्थित मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलमा पर्ने सर्लाही जिल्लाको अलग पहिचान छ । आदिवासी (थारु, दनुवार आदि) को उत्पत्तिस्थल, हरियो वनजंगल, समथर, फाँटहरूबाट निर्मित सर्लाही एक तराई जिल्ला हो । आदि कालदेखि मधेसी मुलका समुदायले बसोबास गरेको मानिने यस जिल्लामा भारतीय रहन सहन र चालचलनको प्रशस्तै प्रभाव परेको पाइन्छ । बसोबासका दृष्टिले, थारु, दनुवार, राजपूत, भुमियार, तेली, सुँडी, लोहार, कुर्मी, क्योट, गुहार, क्षेत्री, बाहुन, मुसलमान, माझी, कुमाल, चमार, खत्वे आदिको बाहुल्यता रहेको यस जिल्लामा नेपालका अरु स्थानमा मानिने राष्ट्रिय चाडपर्व पनि मानिन्छ र जातीय पर्वको पनि छुट्टै स्थान रहेको पाइन्छ । सर्लाहीमा जन्मेका प्रशस्त व्यक्ति, व्यक्तित्वबाट नेपालको शैक्षिक, राजनैतिक, कुटनैतिक एवम् सांस्कृतिक विशिष्ट स्थान कायम गरेको देखिन्छ ।

लोकसाहित्य समाजको ऐना हो । यसमा लोकजीवनको सांस्कृतिक, धार्मिक, सामाजिक आदि पक्षहरू प्रतिबिम्वित भएका हुन्छन् । यस्तो सर्वप्राचीन र महत्वपूर्ण

धरोहर लोकसाहित्यको महत्वपूर्ण विधाका रूपमा लोककथा आउँछ । जीवनशैली, लोकव्यवहार, दुःखसुख, लोकभावना प्रतिबिम्बित हुन लोककथा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाँदा घटना र प्रस्तुतीशैलीले नवीनता ग्रहण गर्दै जान्छ । मुलवस्तु कालान्तरमा पृथक बन्दै गएपनि कथाका सहायक प्रसङ्गहरू अति छिटो परिवर्तित हुने गर्दछन् । परिवर्तनको विशेषता अवलम्बन गर्दै जाँदा तत्कालीन समाजको विविध पक्ष ग्रहण गरी आधुनिक कथाको रूपमा परिणत हुन सक्ने हुनाले आधुनिक कथा लोककथाकै पृष्ठभूमिबाट जन्मेको मानिन्छ । लोककथा भन्ने र सुन्ने परम्परा अद्यापि प्रशस्त रहेको पाइने सर्लाही जिल्लाको राजमार्ग छेउछाउ र शहर बस्तीमाभन्दा ग्रामीण परिवेशमा बढिरहेको पाइन्छ । बूढापाका अनुभवसिद्ध व्यक्तिहरूले बालबालिका, युवायुवती र वयस्कलाई समेत कथाका माध्यमबाट नीति, उपदेश, अर्ती एवम् शिक्षा दिने गरेको परम्परा भेटिन्छ ।

सर्लाहीमा प्रचलित लोककथाहरू पौराणिक, धार्मिक, सांस्कृतिक, किंवदन्तीमूलक, सामाजिक आदि विषयको सेरोफेरोमा संरचित छन् । पुशपक्षी र भूतप्रेतसँग सम्बन्धित कथा, भाग्य एवम् जीवनदृष्टिका विषय समेटिएका कथाहरू पनि यहाँ प्रशस्त भेटिन्छन् । पराक्रम, प्रेमवासनायुक्त, मानवीय प्रवृत्ति, हाँस्य, मनोवैज्ञानिक, नीतिपरक आदि कथाले यहाँ जनमानसको विभिन्न खाले मूल्य-मान्यता र जीवन पद्धतिको चित्र उतारेको छ । मेलापात, घाँस दाउरा, गोठाला जाँदा वा पैदल यात्रामा उकालो-ओरालो गर्दा साँझमा पिँढीका डील र आँगन बसी वातावरण र सन्दर्भ अनुसारको कथा हाल्ने चलन यहाँ भेटिन्छ । धार्मिक परम्परामा निरन्तरता दिन, सांस्कृतिक मान्यतालाई स्थापित गर्न व्यक्तिलाई आचरणयुक्त र नैतिकवान् बनाउन कथा सुनाउने प्रचलन बढी देखिन्छ । प्रस्तुतिका क्रममा विभिन्न घटनाका फुँदा गाँस्दै यसलाई रोचक र मनोरञ्जक बनाउँदै हाउभाउका साथ कथाभन्दा त्यसको अभिप्राय प्रष्टिने हुनाले कथावाचक सचेत हुनुपर्नेमा जोड दिइन्छ । सर्लाहीमा प्रचलित सामाजिक सन्देश प्रवाह गर्ने लोककथाहरूमा संवेदनशीलताको कमी भएका पात्रहरूबाट कथालाई गति दिइएको पाइन्छ भने धार्मिक कथाहरमा कट्टर धार्मिक विश्वासबाट प्रेरित भएर व्यवहारिक जीवनमा त्यस्ता मान्यता आत्मसात् गरेको

देखिन्छ । नीतिपरक र भाग्यसम्बन्धी कथाहरू पनि प्रचलनमा रहेको यस जिल्लामा पराक्रम, प्रेम, बासनायुक्त मनोवैज्ञानिक कथाहरू पनि केही मात्रामा पाइन्छन् । यसका तुलनामा पशुपक्षी र भूतप्रेत, हाँस्य, सामाजिक परिवेश खिचिएका कथा बढि पाइन्छन् ।

सर्लाहीवासी लोकसमुदायको जीवनमा आबद्ध भएका लोककथाहरूले स्थानीय भाषिक अभिलक्षणको प्रतिनिधित्व गरेको छ । बोलीचालीको कथ्यभाषालाई समेटेको लोककथाहरूमा भाषिकाको स्वरूपसमेत आत्मसात् भएको छ । सहज र सम्प्रेष्य ढङ्गबाट प्रस्तुत भएका कथाका विषय साह्रै गौण तथा पात्रगत संयोजनको बुद्धिमानी नपुगेकासमेत प्रतीत हुन्छन् । जे होस् समग्रमा यहाँका कथाहरूले लोकजीवनको प्रतिबिम्ब उतारेको छ । विशिष्ट मूल्य-मान्यता, गुण एवम् विशेषताहरूलाई यहाँका कथाको सङ्कलन कहिकतैबाट नभएकाले सङ्कलन अभियान प्रारम्भ गरी प्राप्त भएका ३०-४० लोककथाहरूलाई छानविनमा राख्दा विषयगत र वर्णनुक्रमानुसारको आधार मानेर पौराणिक, सामाजिक, नीतिपरक, धार्मिक वा क देखि ज्ञ सम्म पर्ने कथाहरूमा जम्मा १५ वटा कथालाई विश्लेषणको कसीभित्र राखिएको छ । नेपाली मातृभाषी तथा अन्य भाषीमा रहेका नेपाली लोककथा समेटी यहाँ विषयवस्तु, तत्त्व र वर्णानुक्रमानुसारका आधारमा विश्लेषण गरिएको छ । सर्लाहीमा प्रचलित लोककथाको अवस्था स्वरूप तथा गहनताको अध्ययन गर्न जोसुकैलाई आधार मिल्ने कुरामा अध्येता विश्वास गर्दछ । लोककथाको अध्ययनसम्बन्धी यो सानो अभियानले समग्र नेपाली लोककथाको क्षेत्रमा थोरै भए पनि सहयोग पुर्‍याउने विश्वास लिन सकिन्छ । यस्ता विधागत अध्ययन जुनसकै क्षेत्र र विधामा हुन पर्दछ । जसले लोक घेराहरूको संरक्षण गर्ने कार्यको धारतलमा एपछि अर्को इँटा थपी लोकसाहित्यिक सम्पत्तिको सबल स्वरूप निर्माणमा टेवा पुर्‍याउन सक्दछ । यस्ता सम्पत्तिको संरक्षण गर्ने अभियानमा चासो देखाउने एवम् जिज्ञासा भेट्न खोज्ने भावी पिँढीका अध्येता, पाठक एवम् सर्जकहरूलाई प्रस्तुत क्षेत्रमा लाग्नु हुन अध्येता आह्वान गर्दछ र यस जिल्लामा लोककथाका फाँटमा अध्ययन गर्न निम्न क्षेत्र एवम् शीर्षक बाँकी नै रहेको जानकारी गराइन्छ ।

## सन्दर्भसामग्रीसूची


आप्टे, वामन शिवराम (१९८७), **संस्कृत हिन्दी शब्दकोश,** बनारसः मोतीलाल बनारसीदास ।

गिरी, जीवेन्द्रदेव (२०५७), **हाम्रा लोकगाथा** ।

त्रिपाठी, वासुदेव (२०२८), **विचरण,** काठमाडौंः भानु प्रकाशन ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं ।

थम्सन, स्टिथ (१९६६), **मोटिफ इण्डेक्स अफ फकलिटरेचर** लण्डनः इण्डियाना युनिभर्सिटी प्रेस ।

दिवस, तुलसी (२०३२), **नेपाली लोककथा**, काठमाडौं ने.रा.प्र.प्र. ।

………………, (२०६३), **नेपाली लोककथा केही अध्ययन**,काठमाडौंः ने.रा.प्र.प्र. ।

**नेपाली बृहत् शब्दकोश** (२०४०), काठमाडौं, ने.रा.प्र.प्र. ।

पराजुली, मोतीलाल (२०४९), **नेपाली लोककथा**, पोखराः तारा पराजुली ।

……………., (२०५१), धर्मात्मा राणा **नेपाली लोककथा सङ्ग्रह**, पोखराः परिश्चमाञ्चल बाङ्मय परिषद् ।

……………., (२०५४), **नेपाली लोककथाका अभिप्रायको अध्ययन**, विद्यावारिधि शोध प्रबन्ध ।

पोखरेल, बालकृष्ण (२०४३),**पाँचसय बर्ष**, दो.सं.,ललितपुरः साझाप्रकाशन ।

शर्मा, डा. श्रीराम (ई. १९९२), **लोकसाहित्य सिद्धान्त** और प्रयोग आगराः विनोद पुस्तक मन्दिर ।

## सङ्कलित लोककथावाचकहरूको परिचय

| क्र.सं. | लोककथाको शीर्षक | वाचकको नाम | ठेगाना | उमेर |
|---|---|---|---|---|
| १. | जितमहान् | सजनी चौधरी | ईश्वरपुर-७, सर्लाही | ६९ वर्ष |
| २. | पोखरीको कथा | दौलतियादेवी सिंह | बबरगञ्ज-२, सर्लाही | ४५ वर्ष |
| ३. | काग र मैना | सागर मैनाली | ईश्वरपुर-४, सर्लाही | २४ वर्ष |
| ४. | गोनुझाको कथा | दुर्गानन्द झा | ईश्वरपुर-२, सर्लाही | ४१ वर्ष |
| ५. | चिया पसले | वीरेन्द्रराय यादव | पडौना-६, सर्लाही | ३५ वर्ष |
| ६. | छोरा तँ चलाख बन्न सिक् | देवीदत्तप्रसाद यादव | नोकैलवा-७, सर्लाही | ४९ वर्ष |
| ७. | ठग व्यापारी | धनिलाल कुस्वार | लक्ष्मीपुर-३, सर्लाही | ३४ वर्ष |
| ८. | पिठोको डल्लो | बेचना पासवान | भक्तिपुर-२, सर्लाही | ३० वर्ष |
| ९. | भईस् (भैंसी) | मेघनाथ राय | सलमपुर-६, सर्लाही | ६० वर्ष |
| १०. | नयाँ लुगा लगाउने राजा | टेकबहादुर पाँण्डे | शान्तिपुर-८, सर्लाही | ४५ वर्ष |
| ११. | सात राजकुमारको शिकार | रीता प्रसाइँ | कर्मैया-४, सर्लाही | ३१ वर्ष |
| १२. | सुखिया दुखियाको कथा | रतिना पासवान | ईश्वरपुर-२, सर्लाही | १९ वर्ष |
| १३. | स्याल र चिलको कथा | मुनियाँ चौधरी | ईश्वरपुर-५, सर्लाही | ५० वर्ष |
| १४. | आ-आफ्नो स्वार्थ | मिनप्रसाद त्रिपाठी | नेत्रगञ्ज-२, सर्लाही | ७५ वर्ष |
| १५. | इर्ष्यालु छिमेकी | कौशलकिशोर झा | साँढा-५, सर्लाही | ५१ वर्ष |